# कवि पुष्पराज देवकोटाको 'सङ्क्षिप्त पद्यरामायण' काव्यको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**सरस्वती ढकाल**

शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ९-२-४३-४७५-२००५
क्याम्पस रोल नं.: ५६/०६५


**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
सन् २०१३/वि.सं. २०७०

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी सरस्वती ढकालले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत **कवि पुष्पराज देवकोटाको 'सङ्क्षिप्त पद्यरामायण' काव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ____________________
विभागीय प्रमुख हस्ताक्षर

प्रा.डा. नारायणप्रसाद खनाल ____________________
शोधनिर्देशक हस्ताक्षर

सहप्राध्यापक गोविन्दराज विनोदी ____________________
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७०/०४/०१
१६ जुलाई २०१३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा सरस्वती ढकालले **कवि पुष्पराज देवकोटाको 'सङ्क्षिप्त पद्यरामायण' काव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/३/५
१९ जुन, २०१३

प्रा.डा. नारायणप्रसाद खनाल
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**कवि पुष्पराज देवकोटाको 'सङ्क्षिप्त पद्यरामायण' काव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र मैले परमादरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो विविध कार्यव्यस्तता र समयको अभाव हुँदाहुँदै पनि आवश्यक सरसल्लाह, सुझाव र मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर दिलाई मार्ग निर्देशन गर्नुहुने नेपाली विभागका विभागीय प्रमुख समेत रहनुभएका श्रद्धेय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधप्रस्ताव र शोधपत्र तयार गर्ने क्रममा आवश्यक सल्लाह, सुझाव र प्रेरणा दिई अमूल्य सहयोग गर्नुहुने यस वीरेन्द्र बहुमुखी क्याम्पसका नेपाली विभागका समस्त गुरुहरूप्रति पनि म अत्यन्त कृतज्ञ छु ।

आफ्नो प्रकाशित कृति **सङ्क्षिप्त पद्यरामायण** काव्यमा शोधलेखन गर्नको लागि स्वीकृति दिई शोधपत्र तयार गर्न आवश्यक सामग्रीहरू जुटाउन सहयोग गर्ने काव्यकार पुष्पराज देवकोटाप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै उच्च शिक्षा हासिल गर्न सहयोग गर्ने बुबा होमनाथ ढकाल, आमा देवीमाया ढकाल लगायत ससुरा भविलाल पौडेल, सासु खगेश्वरी पौडेलप्रति पनि आभार प्रकट गर्न चाहन्छु । शोधपत्रका लागि अन्य सामग्री उपलब्ध गराउन सहयोग गर्ने अनिल श्रेष्ठज्यू, बहिनी सबिता ढकाल, रश्मी ढकाल, भाइ रविन्द्र ढकाल, विभिन्न शोधपत्र उपलब्ध गराई सहयोग गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय र यो शोधपत्र तयार पार्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण लेखक विद्वान्हरूप्रति पनि आभार प्रकट गर्दछु ।

त्यस्तै मलाई शोधलेखनका समयमा सल्लाह, सुझाव प्रदान गरी बेलाबेलामा घच्घच्याई प्रेरणा दिइरहने श्रीमान् ओमप्रसाद पौडेलप्रति पनि आभारी छु । साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कण गरी व्यवस्थित बनाउन सहयोग गर्ने कालिका कम्प्युटर सर्भिसका महेश पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७०/३/५
१९ जुन २०१३

...............................

**सरस्वती ढकाल**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ शोधसमस्या | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता | ४ |
| १.६ शोधकार्यको क्षेत्र र सीमा | ५ |
| १.७ सामग्री सङ्कलन | ६ |
| १.८ शोधविधि | ६ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |


**परिच्छेद : दुई**

**कवि पुष्पराज देवकोटाको जीवनी र व्यक्तित्वको अध्ययन**


| | |
|---|---|
| २.१ पृष्ठभूमि | ८ |
| २.२ जीवनी | ९ |
| २.२.१ वंश परम्परा र जन्म | ९ |
| २.२.२ बाल्यकाल र शिक्षादीक्षा | ९ |
| २.२.३ वैवाहिक र पारिवारिक स्थिति | ११ |
| २.२.४ आर्थिक अवस्था र पेसा | ११ |
| २.२.५ सामाजिक कार्यमा सहभागिता | १२ |
| २.२.६ रुचि तथा स्वभाव | १३ |
| २.२.७ चिन्तन, दर्शन र विचार | १४ |

२.२.८ सम्मान र पुरस्कार १५

२.३ व्यक्तित्व १५

२.३.१ बाह्य एवम् आन्तरिक व्यक्तित्व १६

२.३.२ साहित्यिक व्यक्तित्व १६

२.३.२.१ कवि व्यक्तित्व १७

२.३.२.२ पद्यकार व्यक्तित्व १७

२.३.३ साहित्येतर व्यक्तित्व १७

२.३.३.१ शैक्षिक व्यक्तित्व १८

२.३.३.२ पण्डित व्यक्तित्व १८

२.४ कृतित्व १९

२.४.१ साहित्य सृजनामा प्रेरणा र प्रभाव १९

२.४.२ कवि र काव्यकारिता २०

२.५ निष्कर्ष २१

**परिच्छेद : तीन**

**विधागत सैद्धान्तिक परिप्रेक्ष्यमा सङ्क्षिप्त पद्यरामायण काव्यको अध्ययन**

३.१ काव्यको परिचय २२

३.१.१ पूर्वीय मतमा कविताको परिभाषा २३

३.१.२ पाश्चात्य मतमा कविताको परिभाषा २४

३.१.३ नेपाली मतमा कविताको परिभाषा २५

३.२ काव्यको विश्लेषण २५

३.३ नेपाली कविताको विकासक्रम २७

३.३.१ नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०) २८

३.३.२ नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१-१९७४) २९

३.३.३ नेपाली कवितामा आधुनिक काल (वि.सं. १९७५-हालसम्म) ३०

३.४ नेपाली साहित्यमा रामभक्ति काव्य लेखन परम्परा ३४

३.५ निष्कर्ष ३६

## परिच्छेद : चार

## विधातात्विक दृष्टिले सङ्क्षिप्त पद्यरामायण काव्यको अध्ययन


४.१ विषय प्रवेश ३८

४.१.१ काव्यको तत्त्वहरू ३८

४.१.२ शीर्षक ३८

४.१.३ संरचना ३९

४.१.४ लयविधान ३९

४.१.५ भाषाशैली ४०

४.१.६ केन्द्रीय कथ्य वा भावविचार ४२

४.१.७ कथनपद्धति ४४

४.१.८ बिम्ब-अलङ्कार र प्रतीक ४४

४.२ बिम्बविधान ४५

४.२.१ प्रेम बिम्ब ४५

४.२.२ प्राकृतिक बिम्ब ४५

४.२.३ आद्भूतिक बिम्ब ४६

४.२.४ सांस्कृतिक बिम्ब ४६

४.३ अलङ्कार प्रयोग ४७

४.२.१ शब्दालङ्कार ४७

४.३.२ अर्थालङ्कार ४९

४.४ प्रतीक प्रयोग ५२

४.५ निष्कर्ष ५३

४.६ सङ्क्षिप्त पद्यरामायण काव्यमा छन्दको प्रयोग ५३

४.६.१ अनुष्टुप् छन्द ५५

४.६.२ शार्दूलविक्रीडित छन्द ५६

४.६.३ स्रग्धरा ५७

४.६.४ शालिनी छन्द ५७

४.६.५ वसन्ततिलका ५८

४.६.६ मालिनी छन्द ५९

४.७ सङ्क्षिप्त पद्यरामायण काव्यमा रससंयोजन ६०

४.७.१ शृङ्गार रस ६१

४.७.२ करुण रस ६२

४.७.३ रौद्र रस ६३

४.७.४ भयानक रस ६४

४.७.५ वीभत्स रस ६५

४.७.६ वीर रस ६५

४.७.७ शान्त रस ६७

४.८ निष्कर्ष ६७

## परिच्छेद : पाँच

## सङ्क्षिप्त पद्यरामायण काव्यको विश्लेषण र मूल्याङ्कन

५.१ कवि पुष्पराज देवकोटाको काव्यगत प्रवृत्ति र विशेषता ६९

५.१.१ विषयवस्तुगत प्रवृत्ति ६९

५.१.२ रसभावगत प्रवृत्ति ६९

५.१.३ लयगत प्रवृत्ति ७०

५.१.४ संरचनागत प्रवृत्ति ७०

५.१.५ भाषाशैलीगत प्रवृत्ति ७१

५.२ सङ्क्षिप्त पद्यरामायण काव्यको पृष्ठभूमि ७२

५.२.१ संरचना ७२

५.२.१.१ बाह्य संरचना ७३

५.२.१.२ आन्तरिक संरचना ७६

५.३ आख्यानीकरण वा कथावस्तु ७६

५.३.१ कवि परिचय ७७

५.३.२ मङ्गलाचरण ७७

५.३.३ प्रथम लीला ७८

५.३.४ द्वितीय लीला ७९
५.३.४ तृतीय लीला ८०
५.३.६ चतुर्थ लीला ८१
५.३.७ पाँचौं लीला ८२
५.३.८ छैटौं लीला ८४
५.३.९ सप्तम लीला ८६
५.३.१० अष्टम लीला ८७
५.३.११ नवम लीला ८९
५.३.१२ दशम लीला ९१
५.३.१३ एकादश लीला ९२
५.३.१४ द्वादश लीला ९४
५.३.१५ त्रयोदश लीला ९५
५.३.१६ चतुर्दश लीला ९७
५.४ पात्र वा चरित्रविधान ९९
५.४.१ प्रमुख पात्रहरू १००
५.४.२ सहायक पात्रहरू १०३
५.४.३ खल पात्रहरू १०५
५.४.४ गौण पात्रहरू १०६
५.४.५ मनवेतर पात्रहरू १०८
५.५ द्वन्द्वविधान १०८
५.५.१ दशरथको आन्तरिक द्वन्द्व १०८
५.५.२ कैकेयीको आन्तरिक द्वन्द्व १०९
५.५.३ राम र सीताबीचको आन्तरिक द्वन्द्व ११०
५.५.४ लक्ष्मण र सीताबीचको बाह्य द्वन्द्व ११०
५.५.५ सीता र रावणबीचको बाह्य द्वन्द्व ११०
५.५.६ राम र रावणबीचको बाह्य द्वन्द्व १११
५.६ प्रकृति चित्रण १११

५.७ सांस्कृतिक चेतना ११३
५.८ श्रीरामगीता गद्यानुवाद ११५
५.९ निष्कर्ष ११७

**परिच्छेद : छ**

**उपसंहार तथा निष्कर्ष**

६.१ परिचय ११९
६.२ प्रथम परिच्छेदको निष्कर्ष ११९
६.३ द्वितीय परिच्छेदको निष्कर्ष ११९
६.४ तृतीय परिच्छेदको निष्कर्ष १२०
६.५ चौथो परिच्छेदको निष्कर्ष १२१
६.६ पाँचौं परिच्छेदको निष्कर्ष १२१
६.७ समग्र निष्कर्ष १२२

**सन्दर्भसामग्रीसूची** १२४

**परिशिष्ट**

परिशिष्ट-१ : कवि पुष्पराज देवकोटाको कृति **सङ्क्षिप्त पद्यरामायण** काव्य अध्ययन गर्ने क्रममा देवकोटासँग लिइएको अन्तर्वार्ताको अंश १२६

# तालिका सूची

तालिका सङ्ख्या-१ : सङ्क्षिप्त पद्यरामायण काव्यमा रहेको छन्द प्रयोग ५४
तालिका सङ्ख्या-२ : सङ्क्षिप्त पद्यरामायण काव्यको बाह्य संरचना ७५

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.सा.प. | त्रिवेणी साहित्य परिषद् |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.सं. | पाँचौँ संस्करण |
| पृ. | पृष्ठ |
| प्रका. | प्रकाशक |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |
| सा.सं. | सातौं संस्करण |
| संस्क. | संस्करण |

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. १९९१ साल पौष १५ गते तौलिहवा जिल्लामा जन्मिएका सानैदेखि मेधावी छात्रका रूपमा परिचित कवि पुष्पराज देवकोटा अनुसन्धानयोग्य व्यक्ति हुन् । उनका हालसम्म यी कृति प्रकाशित भएका छन् :

क) **सूक्ष्म वेदान्त दर्शन** (२०६५)

ख) **सङ्क्षिप्त पद्यरामायण** (२०६६)

ग) **कालु जैसी (ज्योतिषी) को भूत साधना र आत्मवृत्त** (२०६७)

घ) **गण्डकी माहात्म्य** (२०६८)

ङ) **गङ्गा माहात्म्य** (२०६८)

उनको बारेमा हालसम्म कुनै किसिमको विस्तृत र व्यापक अध्ययन भएको छैन भने उनका कृतिका बारेमा खासै चर्चाहरू नभए तापनि उनको साहित्यिक व्यक्तित्व र कृतित्वको मूल्याङ्कन गर्दा अनुसन्धान गर्न लायक व्यक्ति हुन् । विशिष्ट प्रतिभा भएको **सङ्क्षिप्त पद्यरामायण** (२०६६) जस्तो यति ठूलो ग्रन्थ तयार हुँदैनथ्यो । सुललित पद्यमा **सङ्क्षिप्त पद्यरामायण** जस्तो दार्शनिक विषयलाई सरल भाषामा प्रस्तुत गरेर पुष्पराज देवकोटाले सर्वसाधारण पाठकवृन्दमा आध्यात्मिक चेतना भर्ने प्रयास मात्र गरेका छैनन्, सहज कवित्व प्रतिभाको प्रदर्शन गरेर नेपाली साहित्यमा उल्लेखनीय सेवा गरेका छन् । त्यसैले **सङ्क्षिप्त पद्यरामायण** विषय चयन गरेर यस कृतिको विस्तृत अध्ययनको लागि **कवि पुष्पराज देवकोटाको सङ्क्षिप्त पद्यरामायण काव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको हो ।

## १.२ शोधसमस्या

कवि पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** कृतिको विश्लेषणात्मक अध्ययन नै शोधको विषय भएकाले यस शोधकार्यमा निम्नलिखित बुँदालाई मुख्य समस्याका रूपमा लिइएको छ :

क) कवि पुष्पराज देवकोटाको जीवनी र व्यक्तित्वको अवस्था के कस्तो रहेको छ ?

ख) कविता विधाका सैद्धान्तिक परिप्रेक्ष्यमा **सङ्क्षिप्त पद्यरामायण** के कस्तो कृति हो ?

ग) विधातात्त्विक दृष्टिले **सङ्क्षिप्त पद्यरामायण**को अध्ययन कसरी गर्न सकिन्छ ?

घ) नेपाली साहित्यमा **सङ्क्षिप्त पद्यरामायण** काव्यको के-कस्तो स्थान रहेको छ ?

उल्लिखित समस्यालाई केन्द्रविन्दु बनाएर यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्यको विश्लेषणात्मक अध्ययन गर्नु नै यस शोधकार्यको उद्देश्य हो भने यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिका लागि केन्द्रित रहेको छ :

क) पुष्पराज देवकोटाको जीवनी र व्यक्तित्व सम्बन्धी यथार्थ जानकारी प्राप्त गर्नु ।

ख) कविता विधाको सैद्धान्तिक परिप्रेक्ष्यमा **सङ्क्षिप्त पद्यरामायण**को विश्लेषण गर्नु ।

ग) विधातात्त्विक दृष्टिले **सङ्क्षिप्त पद्यरामायण**को अध्ययन गर्नु ।

घ) नेपाली साहित्यमा **सङ्क्षिप्त पद्यरामायण** काव्यको काव्यिक योगदानबारे विश्लेषण र मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यहरूमा केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

तेइस चौबीस वर्षको उमेरदेखि नै उनले पद्यमय भाषामा मनका भावहरूलाई लिपिबद्ध गर्दै उनले **सूक्ष्म-वेदान्तदर्शन**, **कालु ज्योतिषि (जैसी) को भूत साधना** लगायत थुप्रै

सृजनाहरू गरेका छन् तीमध्ये झण्डै महाकाव्य नै भन्न सुहाउने **सङ्क्षिप्त पद्यरामायण** पनि एउटा हो । तर पनि विशिष्ट प्रतिभाका रूपमा कमै चर्चा पाएका पुष्पराज देवकोटाको बारेमा हालसम्म कुनै विस्तृत र व्यापक अध्ययन भएको छैन भने उनका कृतिका बारेमा खासै चर्चा-परिचर्चाहरू भएका छैनन् । तापनि उनको साहित्यिक व्यक्तित्व र कृतित्वका सम्बन्धमा केही लेखक र समीकक्षहरूले गरेका समीक्षाको कालक्रमिक विवरण यसप्रकार रहेको छ ।

गोविन्दराज विनोदीले उक्त कृतिको भूमिका लेखनमा **सङ्क्षिप्त पद्यरामायण** काव्यबारे गहन समीक्षा प्रस्तुत गरेका छन् । दुई पृष्ठ लामो भूमिकामा उनले **सङ्क्षिप्त पद्यरामायण** काव्यका रचियताको परिचय दिँदै यस काव्यमा धार्मिक, पौराणिक साहित्य, हिन्दु आदर्श, भ्रातृत्व, आत्मिक प्रेम, मानवीय कर्तव्य, आध्यात्मिक चेतना र नैतिकताको समेत शिक्षा र सन्देश दिइएको हुँदा प्रस्तुत कृतिको अध्ययन, मनन उपयोगी हुन गएको कुरा व्यक्त गरेका छन् । पूर्वीय काव्यशास्त्र अनुसार काव्य प्रयोजन चतुर्वर्ग फलप्राप्तिका लागि हुने भएकाले कवि पुष्पराज देवकोटाले पनि यस कृतिको रचनाको प्रयोजन धर्म, अर्थ, काम, मोक्ष प्राप्तिको मार्गदर्शनको रूपमा अर्थ्याउन खोजेका छन् भन्ने मत व्यक्त गरेका छन् । भगवान् श्रीरामप्रतिको असीम भक्ति भावले सिञ्चिएको यस काव्यमा कवि देवकोटाले ईश्वरीय सगुण रूपको महिमा गाउँदै मर्यादापुरुष श्रीरामलाई नायक बनाइएको यस कृतिमा महाकाव्यकै लीलाबद्धता, उदात्त चरित्र, उदात्तकार्य, वन तीर्थादिका साथै समुद्रको प्रसङ्ग, यात्रा नायक, नायिका र स्वबन्धुको बिछोड, मिलन आदि विविध प्रसङ्ग प्रस्तुत भएकाले यस कृतिले महाकाव्यीय संरचना र गुणको निकटता प्राप्त गरे झैं प्रतीत हुन्छ भन्ने मत साहित्यकार गोविन्दराज विनोदीले व्यक्त गरेका छन्, भने शार्दूलविक्रीडित, स्रग्धरा, शालिनी, अनुष्टुप, वसन्ततिलका, मालिनी जस्ता छन्दको अनुकरणात्मक प्रयोग भए तापनि यस ग्रन्थका छन्द प्रयोगलाई शास्त्रीय छन्दका नियमभन्दा छन्दको श्रुतिमधुरता उच्चारण विधान, भावनाको लयात्मकता र प्रवाहमयताका दृष्टिले हेर्नु उचित हुने देखिन्छ भन्ने प्रसङ्ग पनि उल्लेख गरेका छन् ।[१]

केदारनाथ खनालले **सङ्क्षिप्त पद्यरामायण** कृतिको भूमिका लेखनमा कवि देवकोटासँग वि.सं. २००९-१२ सालतिर गोरखा ताकलुङ-२, सिंजाली गैरास्थित आफ्नै

---

[१] गोविन्दराज विनोदी, *शुभकामनाका शब्दपुष्पहरू*, **सङ्क्षिप्त पद्य रामायण,** पुष्पराज देवकोटा, (गोर्खा : धनकुमारी देवकोटा, २०६६), पृ. भूमिका खण्ड ।

घरको गुरुकुलमा भेटघाट र चिनाजानी भएको कुरा उल्लेख गरेका छन् । त्यसपछि ३०-४० वर्षको अन्तरालमा खास गरी उनको सुपुत्र तत्कालीन मनकामना क्षेत्र विकास समितिका अध्यक्ष कृष्ण देवकोटासँगको संसर्ग र भलाकुसारीले उनसँगको आत्मीयतालाई नजिक्याएको कुरा व्यक्त गरेका छन् । छोटो अवधिको औपचारिक शिक्षा र स्वाध्ययनबाट कवि पुष्पराज देवकोटाले श्रीमद्भागवत सप्ताह भन्न, अद्वैत वेदान्त दर्शनको व्याख्या, अन्य पुराणहरूको वाचक एवं कार्यकाण्डीय पण्डित्याइँका साथै विविध विषयवस्तुसँग गहिरिएर 'हँसैयथा क्षीरमिवाम्बु मह्घ्यात्' सूक्तिलाई चरितार्थ पार्न सकेकोमा विद्वान् केदारनाथ खनाल छक्क परेको कुरा व्यक्त गरेका छन् । **सङ्क्षिप्त पद्यरामायण**को पाण्डुलिपि सरसर्ती पढ्ने बित्तिकै आफू प्रभावित भएर यस कृतिलाई प्रकाशन गर्न आग्रह गरेको उनको भनाइ छ । साथै सुललित पद्यमा सङ्क्षिप्त रामायण र गद्यमा श्रीराम गीता जस्तो दार्शनिक विषयलाई सरल भाषामा प्रस्तुत गरेर पुष्पराज देवकोटाले सर्वसाधारण पाठकवृन्दमा आध्यात्मिक चेतना भर्ने प्रयास मात्र गरेका छैनन्, सहज कवित्व प्रतिभाको प्रदर्शन गरेर नेपाली वाङ्मयको उल्लेखनीय सेवा गरेका छन् र प्रस्तुत ग्रन्थ नेपाली साहित्यको भण्डारमा थप उपलब्धि हुनेछ भन्ने कुरा केदारनाथ खनालले **सङ्क्षिप्त पद्यरामायण**को भूमिका लेखनमा व्यक्त गरेका छन् । साथै कुना काप्चामा लुकेर रहेका विशिष्ट प्रतिभाहरूको यसरी नै अध्ययन अनुसन्धान हुने हो भने यस्ता कृतिका बारेमा विद्वान्हरूद्वारा अझै बढी टिका टिप्पणी र समीक्षाहरू हुन सक्नेछन् ।[२]

उपर्युक्त समीक्षामा **सङ्क्षिप्त पद्यरामायण**को पृष्ठभूमि नेपाली साहित्यमा पुष्पराज देवकोटाको योगदान, प्रेरणास्रोत, काव्य प्रवृत्ति, काव्यपरम्परा, काव्यका घटक तत्त्वहरू र सोही कथालाई आधार मानेर लेखिएका अन्य काव्यहरू बीच समानता र असमानता आदि पक्षलाई समेट्न नसकेको हुनाले यस किसिमको अध्ययन आवश्यक छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

सानैदेखि मेधावी छात्रको रूपमा परिचित पुष्पराज देवकोटाले औपचारिक शिक्षाको अवसर त्यति प्राप्त गर्न नसके पनि गुरुकुलमा रहेर संस्कृतको प्रारम्भिक शिक्षा हासिल

[२] केदारनाथ खनाल, *पुष्पोपहार पुष्पराज दाज्यैलाई,* **सङ्क्षिप्त पद्य रामायण,** पुष्पराज देवकोटा, (गोरखा : धनकुमारी देवकोटा, २०६६), पृ. भूमिका खण्ड ।

गरेपछि स्वाध्ययनद्वारा नै आफ्नो साहित्य र शास्त्रीय ज्ञान बढाएको पाइन्छ । त्यसैले कवित्व प्रतिभा बाल्यकालदेखि नै समृद्ध भए पनि उनले आफ्नो सृजनात्मक प्रतिभालाई उजागर गरेका थिएनन् । त्यसले प्रस्फुटनको बाटो खोजिरहेको थियो । त्यसैले देवकोटाभित्र रहेको सुन्दर र विशिष्ट प्रतिभाले निष्क्रमण, परिस्करण र प्रकाशनको समेत अपेक्षा गरेको हुँदा यति ठूलो पद्यमय ग्रन्थ तयार हुन गयो । अझै उनका कतिपय ग्रन्थ पाण्डुलिपि अवस्थामा नै रहेका छन् । नेपाली साहित्यमा उनको साहित्यिक योगदान भए तापनि साहित्यिक व्यक्तित्वको रूपमा कमै चर्चामा आएका कवि देवकोटाको प्रकाशित **सङ्क्षिप्त पद्यरामायण** काव्यको बारेमा हालसम्म अध्ययन नभएकोले यस कृतिको अध्ययन, विश्लेषण आवश्यक ठानिएको हो । आध्यात्मिक चिन्तन गर्ने पूर्वीय दर्शनका गहन अध्येता तथा पूर्वीय परम्परालाई जीवन्त राख्ने संस्कृत वाङ्मयका स्रष्टाको रूपमा कवि देवकोटाको विशिष्ट योगदान रहेको भए पनि उनले र उनको कृतिले आर्जन गरेको महत्त्व र मूल्यको निरूपण गर्ने काम भने अद्यावधि नभएको हुँदा त्यसमाथि यथाशक्य प्रकाश पार्ने प्रयास गरिएकाले पनि यस शोधपत्रको औचित्य स्वतः स्पष्ट हुन्छ ।

सुप्रसिद्ध धार्मिक ग्रन्थ रामायणको भावानुवादको रूपमा रहेको यस ग्रन्थले हिन्दु आदर्श, आत्मिक प्रेम मानवीय कर्तव्य, नैतिकता आदिको सभ्य र भव्य शिक्षा दिने हुँदा यसको अध्ययनको महत्त्व र उपयोगिता विशिष्ट रहेको छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

कवि पुष्पराज देवकोटाको प्रकाशित कृति **सङ्क्षिप्त पद्यरामायण** (२०६६) दुई खण्ड मध्ये पहिलो खण्ड पद्य खण्डको रूपमा रहेको छ भने दोस्रो खण्ड गद्य खण्डमा रहेको छ । पहिलो खण्डमा मर्यादापुरुष श्रीरामका लीलाहरू चौध विश्रामको रूपमा प्रस्तुत गरिएको छ भने दोस्रो खण्ड **श्रीरामगीता** गद्य भाषामा संरचित छ । **सङ्क्षिप्त पद्यरामायण**को पहिलो खण्डको श्रीरामका लीलाहरूको विश्लेषणात्मक अध्ययन गर्नु यस शोधपत्रको मूल क्षेत्र हो भने कविको जीवनी र व्यक्तित्व तथा प्राप्त अन्य सम्बन्धित साहित्यिक विषयका पक्षमा सामान्य सन्दर्भ प्रस्तुत गर्नु र काव्यतत्त्व एवम् अन्य विविध पक्षका आधारमा कृतिको विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र लेखन पुष्पराज देवकोटाको प्रकाशित विवेच्य कृति **सङ्क्षिप्त पद्यरामायण** काव्यलाई मुख्य सामग्रीको रूपमा लिइएको छ । कविको जीवनी तथा कवित्व पक्षको अध्ययन गर्ने क्रममा अनुसन्धेय व्यक्ति शोधनायक, उनका परिवारका सदस्यहरू र कवि पुष्पराज देवकोटाका बारेमा जानकारी प्राप्त व्यक्तिसँग लिइएको अन्तर्वार्ता र अन्य पाण्डुलिपी अवस्थामा प्राप्त रचनाहरूलाई समेत स्रोत सामग्रीको रूपमा लिइएको छ ।

## १.८ शोधविधि

शोधपत्र लेखन तथा अध्ययनका सन्दर्भमा अनुसन्धानात्मक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिलाई अङ्गीकार गरी आवश्यकताअनुसार आगमनात्मक र निगमनात्मक विधिलाई समेत आधार मानिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

**परिच्छेद एक : शोधपरिचय**

शोधपत्रको पहिलो परिच्छेदमा शोधशीर्षक, शोधप्रयोजन, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि साथै शोधपत्रको रूपरेखा रहेको छ ।

**परिच्छेद दुई : कवि पुष्पराज देवकोटाको जीवनी**

कवि पुष्पराज देवकोटाको पृष्ठभूमि, जीवनी, रुचि, स्वभाव, वंशपरम्परा जन्म, पेसा, सामाजिक कार्यमा, सहभागिता, चिन्तन, दर्शन, विचार, कवि व्यक्तित्व, पद्यकार व्यक्तित्व, शौक्षिक, पण्डित व्यक्तित्व, कृतित्वको सामान्य परिचय, साहित्यसिर्जनामा प्रेरणा र प्रभाव कवि काव्यकारिता र निष्कर्ष रहेको छ ।

**परिच्छेद तीन : सङ्क्षिप्त पद्यरामायणको सैद्धान्तिक परिचय**

कविता विधाको सैद्धान्तिक परिप्रेक्ष्यमा **सङ्क्षिप्त पद्यरामायण** के कस्तो कृति हो त्यसको समग्र विश्लेषण र निष्कर्ष रहेको छ ।

**परिच्छेद चार : विधातात्त्विक दृष्टिले सङ्क्षिप्त पद्यरामायणको अध्ययन**

यस परिच्छेदमा विधातात्त्विक दृष्टिले **सङ्क्षिप्त पद्यरामायण**को अध्ययन कसरी गर्न सकिन्छ ? यसको विश्लेषण र निष्कर्ष रहेको छ ।

**परिच्छेद पाँच : कवि पुष्पराज देवकोटाको काव्यगत प्रवृत्ति र विशेषता**

यस परिच्छेदमा **सङ्क्षिप्त पद्यरामायण** काव्यको पृष्ठभूमि आख्यानीकरण, पात्र वा चरित्रविधान, द्वन्द्वविधान, वस्तु, प्रकृतिचित्रण, सांस्कृतिक चेतना, नेपाली साहित्यमा **सङ्क्षिप्त पद्यरामायण**को स्थान, निष्कर्ष र यस काव्यको समग्र मूल्याङ्कन रहेको छ ।

**परिच्छेद छ : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्तमा समग्र शोधको मूल्याङ्कनसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भाग अगाडि र मध्यभाग शोध प्रतिवेदनका रूपमा तथा अन्त्य भागमा सन्दर्भसामग्रीलाई सन्दर्भसामग्रीसूचीका रूपमा एवं परिशिष्टसमेत समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# कवि पुष्पराज देवकोटाको जीवनी र व्यक्तित्वको अध्ययन

# परिच्छेद : दुई

# कवि पुष्पराज देवकोटाको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ पृष्ठभूमि

वि.सं. १९९१ साल पौष १५ गते तौलिहवा जिल्लामा जन्मिएका पुष्पराज देवकोटा पिता कोशनाथ देवकोटा र माता दिलकुमारी देवकोटाबाट जन्मिएका एकमात्र सन्तान हुन् । सानैदेखि कवित्व प्रतिभा भएका देवकोटाले साहित्यको क्षेत्रमा आध्यात्मिक चेतना भर्ने खालका साहित्य सृजना गरेका छन् भने उनले खास गरी कविता विधामा कलम चलाएको पाइन्छ ।

नेपालको शासनसत्ता महत्त्वाकाङ्क्षी राणाको हातमा भएको समयमा नेपालको शैक्षिक स्थिति ज्यादै दयनीय रहेको थियो । सर्वसाधारण जनताका लागि पढ्ने कुनै व्यवस्था थिएन । जनता परम्परागत ढङ्ले जीवन गुजारा गरिरहेकाले रुढीवादी संस्कार व्याप्त थियो । देशमा औद्योगिक विकासको थालनी भएको थिएन । जनता पूर्णतया कृषि पेसामा आश्रित रहेका थिए । आर्थिक, सामाजिक तथा शैक्षिक सबै पक्षबाट पिल्सिएका जनता गरिबी र पछौटेपनभित्र जीवन बिताउन बाध्य रहेका थिए ।

यसै समयमा पुष्पराज देवकोटाले तत्कालीन समाजका सुख, दुःख, हाँसो, खुसी, उज्यालो, अँध्यारो, शोषण, सङ्गति, विसङ्गति, राणाहरूको दमनकारी शासनको साथै प्रजातन्त्रको अभ्युदयपश्चात् हरेक ब्यवस्था र परिस्थितिसँग परिचित हुने मौका पाएका थिए ।

नेपाली साहित्यको विकासक्रमलाई हेर्दा आधुनिक कालको पूर्वार्द्ध चरणको सेरोफेरोमा जन्मेका र आधुनिक कालको पूर्वाद्ध र उत्तरार्ध दुवै चरणलाई भोगेका पुष्पराजलाई नेपाली समाजको हरेक परिस्थिति र परिवेशसँग परिचित व्यक्तिका रूपमा लिन सकिन्छ ।

## २.२ जीवनी

'जीवनी भनेको एउटा व्यक्ति विशेषको जीवनवृत्तान्त हो'[१] अर्को शब्दमा 'जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखन वा कथन हो'[२] यसको आवश्यकता र उपयुक्तता हेरेर कुनै व्यक्ति विशेषको जीवनको समग्र वा आंशिक पक्षको वृत्तान्तको प्रस्तुति गर्नु नै जीवनी हो ।

प्रस्तुत शोधकाव्य **सङ्क्षिप्त पद्यरामायण**मा पनि कवि पुष्पराज देवकोटाको वंशपरम्परा जन्म, बाल्यकाल र शिक्षा दीक्षा, वैवाहिक र पारिवारिक स्थिति, आर्थिक अवस्था पेसा, सामाजिक कार्यमा सहभागिता, रुचि तथा स्वभाव, चिन्तन, दर्शन, विचार, सम्मान र पुरस्कार कृतित्व र व्यक्तित्व आदि पक्षको वर्णन र विश्लेषण गरिएको छ ।

## २.२.१ वंशपरम्परा र जन्म

बुवा कोशनाथ देवकोटा र उनकी कान्छी पत्नी दिलकुमारी देवकोटाको प्रथम सन्तानको रूपमा पुष्पराज देवकोटाको जन्म वि.सं. १९९१ साल पौष १५ गते तौलिहवा जिल्लामा भएको थियो भने यिनको गोत्रचाहिँ भारद्वाज हो ।[३] उनको जन्म मुहूर्त अनुसार हस्ता नक्षत्रको पहिलो पाउमा पर्दा नाम पुष्पराज रहन गएको पाइन्छ ।[४]

ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको गोरखा जिल्लाको लिगलिग उनको पुर्ख्यौली थलो भए पनि बुवा कोशनाथ देवकोटा तराईतिर झरेर बसेको हुनाले पुष्पराज देवकोटाको जन्म एकल परिवारमा भएको पाइन्छ ।

## २.२.२ बाल्यकाल र शिक्षादीक्षा

कुनै पनि व्यक्तिलाई असल र सफल बनाउन उसको बाल्यकालको पारिवारिक वातावरण, साथी-सङ्गत तथा आचरणले प्रभाव पारेको हुन्छ । तर पुष्पराज देवकोटाको

---

[१] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पाँचौं संस्क, (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. २०२ ।

[२] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत् शब्दकोष,** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ. ४९६ ।

[३] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

[४] पुष्पराज देवकोटा, **कालु जैसी (ज्योतिषी) को भूतसाधना र आत्मवृत्त**, (तनहूँ : धनकुमारी देवकोटा, २०६६), पृ. २७ ।

बाल्यकालमा अनेक उतारचढावहरू आएको पाइन्छ । कृषि पेसा गरेर आफ्नो दैनिकी चलाउने बुबा कोशनाथ देवकोटा र अत्यन्तै सोझी गृहिणीका रूपमा रहेकी माता दिलकुमारी देवकोटाको पुत्ररत्न पुष्पराज देवकोटाको बाल्यकाल अत्यन्तै दुःख लाग्दो वातावरणमा बितेको थियो । जन्मेको चार वर्षसम्म रमाइलो र सुखसँग दिनहरू बिते पनि उनी पाँचौं वर्ष लाग्दा उनको जीवनमा ठूलो सङ्कट आइपरेको थियो । मानिसले राम्रोसँग गरेर खाएको देख्न नसक्ने त्यति बेलाको समयमा खराब आचरण भएका डाँकाहरूले उनको बुबालाई ज्यादै कष्ट दिएर हत्या गरेका थिए । उनको कलिलो बाल्य अनुहारमा आगोको तातो भुङ्ग्रो खन्याइदिएर आमालाई पनि कुटपिट गरी सबै गहनाहरू खोसी घरमा भएको सबै सम्पत्तिहरू लिई डाँकाहरू गएका थिए । घरको मुख्य खम्बा नै ढलेपछि अत्तालिएका आमा-छोरा माइला बासँग वि.सं. १९९५ मा गोरखाको लिललिगमा आएका थिए । त्यसपछि आठ वर्षको उमेरमा अचानक आमाको पनि मृत्यु भएपछि पुष्पराज देवकोटाको बाल्यकाल साह्रै उजाडमय र सहाराबिहीन भएको पाइन्छ । यसपछि उनी मामाघरमा गाईभैँसी चराउने गोठालो भएर रहेका थिए । त्यसैले उनको बाल्यकालमा साथी, सँगी, खेल, रमाइलो, राम्रो लाउने मिठो खाने भनेको के हो भन्ने केही अनुभव गर्न नपाई अत्यन्तै दयनीय र दुःख लाग्दो स्थितिमा उनको बाल्यकाल बितेको पाइन्छ ।[५]

राणाहरूको एकतन्त्री शासन व्यवस्थाको तत्कालीन समयमा सर्वसाधारण जनताका लागि शिक्षाको अवसर प्राप्त नहुनु र त्यसमाथि कवि पुष्पराज देवकोटाको लथालिङ्ग पारिवारिक अवस्थाले गर्दा उनले औपचारिक शिक्षाको अवसर प्राप्त गर्न सकेको देखिँदैन । तर पनि गुरुकुलमा रहेर संस्कृतको प्रारम्भिक शिक्षा हासिल गरेपछि स्वाध्ययनद्वारा नै आफ्नो साहित्य र शास्त्रीय ज्ञान अगाडि बढाएको पाइन्छ । कवि पुष्पराज देवकोटाले १४ वर्षको उमेरमा गोरखा हरिभन्ज्याङ्गका ढकाल पण्डितद्वारा अक्षरारम्भ गरेका थिए ।[६] त्यसपछि वि.सं. २०११ सालमा उनको पहिला बिहे गरेकी पत्नीको निधन भएपछि मन चञ्चल भई २१ वर्षको उमेरमा व्याकरण पढ्छु भन्ने सोचेर गोरखाको ताक्लुङ भन्ने गाउँमा खनालको घरमा बसी उनले १६ महिनामा लघु कौमुदी पढेर सकेका थिए । औपचारिक रूपमा पढ्न उनको ज्यादै इच्छा हुँदाहुँदै पनि पारिवारिक अवस्थाले गर्दा पुरोहित्याँई तिर निरन्तरता दिएको

[५] ऐजन, पृ. २८-३४ ।
[६] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

पाइन्छ । आफ्नो पारिवारिक वातावरण राम्रो भएर पढ्न पाएको भए देशको लागि केही सेवा गर्न सक्ने अझ राम्रो व्यक्ति बन्न सक्ने थिएँ होला, भन्ने उनको गुनासो रहेको छ ।[७]

## २.२.३ वैवाहिक र पारिवारिक स्थिति

माता पिताको न्यानो काखमा हुर्कने, बढ्ने अवस्थामा दुवैको मृत्यु भएपछि एक्लो बनेका पुष्पराज देवकोटाले गोरखा लप्सीबोट निवासी कुन्ती अधिकारीकी छोरीसँग वैवाहिक सम्बन्ध जोडिएको पाइन्छ । त्यसपछि अहिलेको तुलनामा पहिले सानै उमेरमा बिहे हुने भएकाले बिहेको केही वर्ष माइतमा नै बस्ने चलन भएको र वि.सं. २०११ सालमा माइतमा नै आफ्नो प्रथम पत्नीको निधन भएपछि विह्वल भएका पुष्पराज देवकोटाले वि.सं. २०१२ साल माघ २८ गतेका दिन गोरखा, बनौती निवासी पद्मनिधि कोइरालाकी माइली सुपुत्री धनकुमारीसँग दोस्रो वैवाहिक सम्बन्ध गाँसेको पाइन्छ ।[८]

यसरी अनेकौं कष्ट झेल्दै अघि बढेका पुष्पराज देवकोटाको दोस्रो बिहेपछि भने जीवनले अलिकति गति लियो । उनी एकाग्र चित्तका साथ भागवत पुराण पढेर विधिवत् यज्ञ आरम्भ गर्न सक्ने भएका थिए । यसै क्रममा वि.सं. २०१५ माघ महिनामा प्रथम सन्तानको रूपमा विष्णु देवकोटोको जन्म भयो । त्यसपछि तीन छोरी र चार छोराको जन्म भयो, जसमध्ये माइलो छोराको निधन भई शोकग्रस्त बन्नुपर्‍यो । अरू सबै बाँकी छोराछोरीहरू सकुशल नै रहेका छन् । आफ्नो पौरोहित्याइँ पेसा र कृषि पेसा गरी जीवन निर्वाह गरेका पुष्पराज देवकोटाले सबै छोराछोरीहरूलाई आ-आफ्नो स्थानमा उच्च शिक्षा दिएर बिवाह गरी हाल छुट्टाछुट्टै पारिवारिक परिवेशमा जीवन निर्वाह गर्दै आएका छन् भने पुष्पराज देवकोटा चाहिँ हाल गोरखा, मनकामना-६, बनौती निवासी उनको ज्येष्ठ सुपुत्र विष्णु देवकोटासँग बसोबास गर्दै आएका छन् ।

## २.२.४ आर्थिक अवस्था र पेसा

हरेक व्यक्तिले जीवन निर्वाहका लागि निश्चित आधार बनाउन अनिवार्य हुन्छ । यसै क्रममा पुष्पराज देवकोटाको अर्थोपार्जनका लागि कृषिको साथै पुरोहित्याइँ पनि मुख्य पेसाको

---

[७] ऐजन ।

[८] पुष्पराज देवकोटा **कालु जैसी (ज्योतिषी) को भूतसाधना र आत्मवृत्त**, पूर्ववत्, पृ. ३५-३६ ।

रूपमा रहेको पाइन्छ । त्यस्तै केही समय बनौती प्र.वि. मा पनि उनले अस्थायी शिक्षकको रूपमा अध्यापन गरेको र त्यसपछिको समय भने कृषि पेसामा लागी गृहस्थ जीवन बिताउँदै विभिन्न धार्मिक अनुष्ठानहरूमा पाण्डित्य पूर्ण पौराणिक कथा वाचन गर्दै आफ्नो धार्मिक प्रतिभा प्रदर्शन गर्नमा समय खर्चेको पाइन्छ । वि.सं. २०६१ साल असार महिनामा मुटुको रोगले ग्रस्त पारी अप्रेसन गरेपश्चात् पुरोहित्याई पेसाबाट भने उनले विश्राम लिई साहित्यिक एवम् धार्मिक ग्रन्थहरूको अध्ययन, पूजापाठ, धार्मिक कार्यक्रममा सहभागी हुने तथा साहित्य लेखनतर्फ अग्रसर भएको पाइन्छ । उनले अहिले जीविकोपार्जनका लागि कुनै पेसा अँगालेका छैनन् । सबै छोराहरू व्यापार, व्यवसाय गरी बसेको हुनाले बाल्यकाल जति दुःखदायी रूपमा बिते पनि अहिले बुढेसकालमा छोराहरूद्वारा उनको राम्रो हेरचाह, स्याहार, सम्भार भएको देखिन्छ ।[९]

## २.२.५ सामाजिक कार्यमा सहभागिता

मानव सामाजिक प्राणी हो । हरेक मानिसले कुनै न कुनै तरिकाले समाजलाई योगदान पुऱ्याएकै हुन्छ । राष्ट्रविकासको पहिलो आधार अथवा देश विकासको पूर्वाधार समाज विकास नै भएकोले सामाजिक कार्यलाई उल्लेखनीय रूपमा लिने गरिन्छ ।

डाँकाहरूद्वारा बुबाको हत्या र आमाको मृत्युपश्चात् एक्लो र टुहुरो बनेका पुष्पराज देवकोटाले जीवन निर्वाह गर्नका लागि अनेकौं सङ्घर्ष गरेका थिए, सामान्य कृषि पेसा र पुरोहित्याइँबाट जीवन निर्वाह मात्र हुने हुँदा सामाजिक कार्यमा सहयोग गर्न सक्ने अवस्था उनको थिएन । छोराछोरी हुर्काएर घर-व्यवहारबाट मुक्त भई आफ्नो कमाई कुनै सामाजिक कार्यमा लगाउन सक्ने अवस्थामा उनलाई मुटुको ठूलो रोगले आक्रमण गरेको हुँदा आफू बाँच्नको लागि पनि छोराहरू माथि निर्भर रहनु परेकाले व्यक्तिगत रूपमा उनले सामाजिक कार्यमा सहभागिता र सहयोग गरेको देखिँदैन तर पनि उनका सुपुत्रहरू सभ्य र कर्तव्यनिष्ठ भएका कारण उनका छोराहरू विभिन्न स्कुल, क्याम्पस, सङ्घ, संस्थाहरूमा सहभागी भई सामाजिक कार्यमा सहयोग पुऱ्याउँदै आएको देखिन्छ । यो पनि उनकै असल संस्कारको कारण सम्भव भएको कुरा पुष्टि हुन्छ ।[१०]

---

[९] शोधनायसँगको अन्तर्वार्ता अनुसार ।
[१०] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

वि.सं. २०१२ साल मंसिरबाट चितवन जिल्लाको जोगीमारा भन्ने ठाउँबाट सप्ताह भन्न सुरुवात गरेपश्चात् ५०/६० ठाउँमा सप्ताह भनेका कुरा देवकोटाले बताएका छन् । साथै विभिन्न खालका धार्मिक अनुष्ठानहरूमा प्रवचन गरी धार्मिक सन्देश दिने गरेको समेत जानकारी पाइन्छ । विभिन्न धार्मिक कार्यहरूमा सहभागिता र योगदान गर्दै आएका पुष्पराजले वि.सं. २०५२ सालदेखि सतसङ्ग अद्वैत संस्थाको प्रमुख भएर काम गरेका र हाल शारीरिक अस्वस्थताका कारण अलि कमजोर भएको हुनाले अद्वैत संस्थाको सदस्यता मात्र लिई सत्सङ्गहरूमा भाग लिने र धार्मिक उपदेश लिने-दिने कार्यमा मात्र संलग्नता देखाएको पाइन्छ ।

## २.२.६ रुचि तथा स्वभाव

हरेक व्यक्तिको रुचि तथा स्वभाव फरक-फरक किसिमको पाइन्छ, जसले जीवन जिउने क्रममा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । बाल्यावस्था उनको दुःखदायी भएको हुँदा यही बन्छु भन्ने कुनै उद्देश्य नभए पनि उनले अक्सर पण्डित भई पुरोहित्याइँ काम गरेका थिए । बाल्यकालदेखि नै कवित्व प्रतिभा भएका देवकोटाले विभिन्न समस्याका बाबजुद सृजनात्मक प्रतिभालाई उजागर गर्न सकेका थिएनन् । पछिल्लो समयमा आएर केही साहित्यिक रचना गरे पनि विभिन्न कारणवश प्रकाशनको दृष्टिले पछाडि परेकाले असल साहित्यकार बन्ने लक्ष्य पूरा हुन नसकेको र नेपाली साहित्यको इतिहासमा नाम थप्न नसकेकोमा असन्तुष्टि रहेको विचार उनले व्यक्त गरेका छन् ।[११]

संस्कृत भाषाको सरल अर्थ लगाउन सक्ने देवकोटाले नेपाली भाषालाई मनपराउने पद्य कविताहरू अध्ययन गर्ने र रचना गर्न सक्ने रुचि राखेको पाइन्छ । साहित्य सम्बन्धी धेरै कुराहरू अध्ययन गर्दै रुचि हुँदाहुँदै पनि जीवन जिउनको लागि नै अनेकौं सङ्घर्ष गर्दा गर्दै साहित्यिक विषयवस्तुहरू विस्तृत अध्ययन गर्ने मौका नपाएको कुरा देवकोटाले बताएका छन् । साथै महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरूमध्ये :-

रहेछ संसार निशा समान
आएन ज्यूँदै रहँदा नि ज्ञान

---

[११] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

आखिर श्रीकृष्ण रहेछ एक

न भक्ति भो ज्ञान न भो विवेक

उल्लिखित श्लोक आफूलाई मनपर्ने विचार व्यक्त गर्ने उनले विशेष गरेर पौराणिक साहित्यिक अध्ययनमा रुचि राख्न थालेको पाइन्छ ।

हिन्दू धर्मशास्त्रका अनुयायी देवकोटा बिहान सबेरै उठ्ने, नुवाइधुवाई गरी गायत्री जपेर रामगीता पाठ गर्ने, श्रीमद्भागवत गीता पाठ गर्ने, गीता माहात्म्य पढ्ने, अरू धार्मिक श्लोकहरू पढ्ने, शिवको जप गर्ने, परमात्मा बासुदेवको जप गर्ने जस्ता दैनिक आचरणलाई हेर्दा एक आध्यात्मिक चिन्तन भएका व्यक्तित्वका रूपमा चिनिन्छन् । सत्सङ्गमा गई गुरुहरूसँग भेट्ने, धार्मिक प्रवचनहरू दिने शान्त स्वभावका, दयालु, अनावश्यक कुरामा वाद-विवाद नगर्ने र सांसारिक विषयमा त्यति चासो नदिने देवकोटाको स्वभाव जोसुकै व्यक्तिलाई पनि मन पर्ने खालको देखिन्छ ।

## २.२.७ चिन्तन, दर्शन र विचार

कुशलता प्राप्त गर्नुलाई नै शिक्षाको संज्ञा दिन रुचाउने पुष्पराज राम्रो रहनसहन र असल संस्कारलाई सभ्यताको परिचय ठान्दछन् । सुख प्राप्त गर्ने श्रेय पारमार्थिक बाटो हो । “सांसारिक विषय प्रेय मार्ग हो, श्रेय मार्गमा नै आफ्नो दिन ढलेर गएको र यो मनुष्य शरीर ज्यादै अमूल्य र दुर्लभ छ, परमात्माको कृपाले चौरासी जुनी भोगेर मनुष्य ब्रह्मचिन्तनमा निरन्तर रहन्छ भने जन्म-मरण त्यागेर परमात्मामा गएर लिन हुन्छ”, भन्ने देवकोटाले फर्कन नपर्ने श्रेय मार्गलाई नै उनले उत्तम मार्ग ठानेका छन् ।

देवकोटा धर्मग्रन्थ र पुराणको अध्ययन गरी प्राप्त ज्ञानलाई व्यवहारमा उतार्नु पर्ने कुरामा जोड दिन्छन् । अध्ययन र व्यवहारबाट प्राप्त गरेका ज्ञान, सीप र धारणलाई जीवन जिउने क्रममा प्रयोग गरेर कुशलता प्राप्त गर्न सके मात्र वास्तविक जीवन बाँचेको अर्थ हुने कुरा बताउने पुष्पराजलाई आध्यात्मिक चिन्तन र मानवतावादी विचारका समर्थकका रूपमा लिन सकिन्छ ।

### २.२.८ सम्मान र पुरस्कार

समाजमा रहेपछि प्राणीका नाताले मनुष्य धेरैतिर तानिन्छ तर अभिरुचिवश ऊ आफ्ना अनुकूलतातर्फ मात्र आकृष्ट हुन्छ ।[१२] यदि कुनै व्यक्तिले समाज र राष्ट्रका लागि उल्लेखनीय योगदान गर्छ भने ऊ सम्मानित पनि हुन सक्छ । साहित्यिक योगदानलाई मूल्याङ्कन गर्दा प्रकाशित रचना तथा कृतिहरूमा आधार मूल्याङ्कन गरिन्छ । तर पुष्पराज देवकोटाको कतिपय रचना पाण्डुलिपि अवस्थामा नै रहेका र प्रकाशित भइसकेका कृतिलाई पनि खासै महत्त्व दिएको पाइँदैन, त्यसैले उनले औपचारिक सम्मान र पुरस्कार प्राप्त गर्न सकेका छैनन् ।

उनी एउटा योग्य पण्डित बन्न पुगेका देखिन्छन् । घरको वातावरण प्रतिकूल भएकाले बाल्यकाल दुःखद् भएर बितेको पाइन्छ । तर पनि उनको लगनशील व्यक्तित्वका कारण जीवनलाई सुमार्गतिर डोऱ्याएकोले उनको जीवन उपलब्धिपूर्ण र सार्थक बनेको देखिन्छ । नेपाली साहित्यको क्षेत्रमा देवकोटाले खासै उपलब्धिमूलक कार्य गर्न नसकेको हुनाले उनले साहित्यिक योगदान स्वरूप धेरै सम्मान पाउन सकेका छैनन् । एकचोटि कविता विशेषमा गोरखाबाट दोसल्ला ओडाएर प्रमाणपत्र सहित सम्मानित हुने अवसर पाएका थिए भने श्रीमद्‌भागवत भन्ने क्रममा व्यासासनमा बस्दा उनी प्रत्येक पटक सम्मानित भएको पाइन्छ । बृद्धावस्थामा आफ्नो लेखनीलाई अघि बढाएका पुष्पराजले केही साहित्यिक रचना गरे तापनि प्रकाशनका दृष्टिले पछाडि परेकोले उनका अप्रकाशित कृतिहरू पाण्डुलिपि अवस्थामा घरको दराजमा थन्किएर रहेका छन् । वृद्धावस्थामा लेखनकार्य सुरु गरेर प्रकाशित भएका केही रचना पनि नेपाली साहित्यको क्षेत्रमा उनको नाम अझै थपिन सकेको छैन भने साहित्यिक योगदानस्वरूप कुनै सम्मान र पुरस्कार पाउन सकेको पाइँदैन ।

## २.३ व्यक्तित्व

व्यक्तित्व मान्छेको आफ्नो पहिचान हो, आफ्नै व्यक्तित्वका कारण हरेक मान्छे अरूभन्दा फरक हुन पुग्दछ । हरेक मान्छेको व्यक्तित्व दुई किसिमको हुन्छ । पहिलो बाह्य व्यक्तित्व हो भने दोस्रो आन्तरिक व्यक्तित्व हो । यिनका यी व्यक्तित्वलाई विभिन्न तरिकाले व्याख्या गर्न सकिन्छ ।

[१२] नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरू**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. ११४ ।

### २.३.१ बाह्य एवम् आन्तरिक व्यक्तित्व

बाह्य व्यक्तित्व भनेका शारीरिक विशेषता हो । यसमा जीउडाल, होचो-अग्लो, दुब्लो-मोटो, कालो-गोरो, रोगी-निरोगी आदि कुराहरू पर्दछन् । बुढो भइसकेको हुनाले सेतै फुलेका रौँ लाम्चो अनुहार, गहुँगोरो वर्ण, ठिक्कको नाक, आँखा वरिपरि काला कोठी जस्ता दाग, सलक्कको निधार, बुढो भए पनि रसिलो अनुहार, ठिक्कको अग्लो, कान सजिलै सुन्न सक्ने, पढ्नलेख्नको लागि आँखामा चस्मा लगाउनु पर्ने र मुटुको अप्रेशन गरेको हुनाले दैनिक औषधी खाइरहनु पर्ने कमजोर शारीरिक अवस्था तथा २०३४ सालमा पत्थरीको अप्रेशन गरेको तर पनि २०४२ सालदेखि बेलाबेलामा दुखिरहने पुष्पराजको बाह्य व्यक्तित्व देखिन्छ । दैनिक बिहान सबेरै उठ्ने, नुहाउने, पुजापाठ, जप, ध्यान गर्ने जस्ता परम्परागत नियमलाई निरन्तरता दिँदै आइरहेका देवकोटा धार्मिक ग्रन्थहरूको अध्ययनमा विशेष रुचि राख्दछन् । कमजोर शारीरिक अवस्थाको कारण बाहिरी काम त्यति धेरै गर्न नसक्ने हुँदा प्रायः उनी खाली कापीको पानामा केही न केही रचनाहरू कोरिरहन्छन् । सेतो रङ्ग, सूतीको कपडा, मधुरो अमिलो पिरो र गुलियो खाने कुरामा रुचि राख्ने पुष्पराज रामभक्त भएको र देवीका रूपमा सीतालाई महत्त्व दिने कुरा स्विकार्दछन् । घरमा आएका पाहुनालाई केही न केही खुवाएर पठाउन रुचाउने यिनको शान्त र हँसिलो अनुहार, सुनौँ-सुनौँ लाग्ने गहकिला धार्मिक कुराले जो सुकैलाई पनि आनन्दित बनाउन सक्दछन् । आफ्नो शरीर र घर वरिपरिको वातावरण सफा राख्न रुचाउने पुष्पराज अहिले अठहत्तरौँ (७८) वर्षमा यात्रा गरिरहेका छन् ।

आन्तरिक व्यक्तित्व भनेको बौद्धिक क्षमता, सृजनात्मक प्रतिभा, कार्यगत निपुणता र साहित्यिक व्यक्तित्व आदि पर्दछन् ।

### २.३.२ साहित्यिक व्यक्तित्व

पुष्पराज देवकोटाको साहित्यिक व्यक्तित्व कविता विधामा भएको पाइन्छ । कविता, लेख, काव्य जस्ता विधागत सिर्जनाका आधारमा उनको व्यक्तित्वलाई वर्गीकरण गर्न सकिन्छ ।

### २.३.२.१ कवि व्यक्तित्व

वि.सं. २०२६ सालमा बद्री-केदार जाँदा बाटोमा भएका, आएका र गएका सबै कुरालाई कविता बनाउँदा एउटा किताब नै तयार भएको थियो । तर त्यसलाई प्रकाशन गर्न नपाउँदै घर आगलागी हुँदा डढेको कुरा उनले बताएका छन् ।[१३] त्यसपछि रचना गर्ने क्षमता रहे तापनि उनले आफ्नो सृजनात्मक प्रतिभालाई उजागर गरेनन् र त्यसले प्रस्फुटनको बाटो खोजिरहेको थियो । यसरी यही प्रस्फुटनलाई लिपिबद्ध गर्ने क्रममा उनले सर्वप्रथम **सूक्ष्म वेदान्त दर्शन** (२०६५) काव्यबाट आफ्नो काव्ययात्राको सुरुवात गरेको पाइन्छ ।[१४] त्यस्तै **सङ्क्षिप्त पद्यरामायण** (२०६६), **कालु जैसी (ज्योतिषी) को भूत साधना र आत्मवृत्त** (२०६७), **गण्डकी माहात्म्य** (२०६८) र **गङ्गा माहात्म्य** (२०६८) जस्ता कृतिहरू रचना गरेका छन्, जसबाट पुष्पराज देवकोटाभित्र सुन्दर कविव्यक्तित्व छ भन्ने कुरा बुझ्न सकिन्छ । कवि व्यक्तित्व भएका देवकोटाले २०६६ सालमा **सङ्क्षिप्त पद्यरामायण** काव्य प्रकाशन गरेर काव्यकारको रूपमा परिचय दिएका छन् । यसबाट पुष्पराजको कवि व्यक्तित्वलाई बुझ्न सकिन्छ ।

### २.३.२.२ पद्यकार व्यक्तित्व

पुष्पराज देवकोटाले लेखेका सबै रचनाहरू पद्यमा नै रहेका छन् । भने **श्रीरामगीता** चाहिँ गद्यानुवाद गरेका छन् । अरू थुप्रै पद्य रचना गरे तापनि प्रकाशन हुन नसक्दा पाण्डुलिपि अवस्थामा नै रहेको पाइन्छ ।

### २.३.३ साहित्येतर व्यक्तित्व

साहित्य-सिर्जना अतिरिक्त पुष्पराज खास गरी एउटा योग्य पण्डित, शिक्षक र समाज सेवी पनि हुन् । विशेष गरी पण्डित प्रतिभालाई उनको साहित्येतर व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

---

[१३] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

[१४] गोविन्दराज विनोदी, *शुभकामनाका शब्दपुष्पहरू*, **सङ्क्षिप्त पद्यरामायण**, पुष्पराज देवकोटा, (गोर्खा : धनकुमारी देवकोटा, २०६६), पृ. भूमिका खण्ड ।

### २.३.३.१ शैक्षिक व्यक्तित्व

कुनै पनि व्यक्तिको पहिलो विद्यालयको रूपमा परिवारलाई लिन सकिन्छ। परिवारका सदस्यबाट नै धेरै कुरा सिकिन्छ । तर पुष्पराज देवकोटाले सानैमा आफ्नो मातापिताको मायालु काख पाउन नसकेको कारण औपचारिक शिक्षाको अवसर प्राप्त गर्न नसकेको देखिन्छ । तर पनि उनले गुरुकुलमा रहेर संस्कृतको प्रारम्भिक शिक्षा हासिल गरेपछि स्वाध्ययनद्वारा नै आफ्नो साहित्य र शास्त्रीय ज्ञानलाई अघि बढाएको पाइन्छ र त्यति बेलाको समयमा सामान्य पढेको व्यक्ति पनि प्रायः नहुने भएकोले शिक्षकको व्यवस्था गर्न गाउँ गाउँमा अभाव हुँदा उनले ९/१० महिना जति बनौति प्रा.वि.मा अस्थायी शिक्षकको रूपमा काम गरेको पाइन्छ। शिक्षा सम्बन्धी अन्य क्रियाकलाप खासै नभएको हुँदा उनको शैक्षिक व्यक्तित्व कम नै दखिन्छ।

### २.३.३.२ पण्डित व्यक्तित्व

कृषकको साथै पण्डितको परिवारमा जन्मिएका र आफ्नो जीवन धान्नको लागि पनि कुनै एउटा पेसा गर्नुपर्ने भएकोले पुष्पराज देवकोटालाई पाण्डित्यप्रति नै इच्छा भयो । फलस्वरूप असल र योग्य पण्डित बन्ने लक्ष्य राखी उनले विभिन्न धर्म ग्रन्थहरूको गहन अध्ययन गरी धार्मिक उपदेश लिनेदिने कममा धेरै लामो समय बिताएको पाइन्छ । यसै क्रममा देवकोटाले वि.सं. २०१२ सालदेखि २०६१ सालसम्म झण्डै ५०/६० वटा ठाउँहरूमा श्रीमद्भागवत सप्ताह कथा प्रवचन गरेको पाइन्छ।[१५]

सानैदेखि कविता लेख्ने शैली र प्रतिभा भएका देवकोटाका कतिपय रचना प्रकाशन नगरेको कारण पछाडि पर्न गएको छ। पुष्पराजको शारीरिक व्यक्तित्व र बाह्य व्यक्तित्व बृद्ध भए पनि लगनशील, मिहिनेती, सरल, मीठो बोली जस्ता गुणले उनको व्यक्तित्व उच्च रहेको छ। पुष्पराजको साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व अर्थात् पद्यकार व्यक्तित्व रहेको छ भने साहित्यकार व्यक्तित्वमा शैक्षिक व्यक्तित्व र पण्डित व्यक्तित्व रहेको छ।

---

[१५] शोधनायकसँगको अन्तर्वार्ता अनुसार।

## २.४ कृतित्व

स्रष्टाको सिर्जनाको रूप, भाव, लेखनकला, विचार, जीवनदृष्टि आदिका समष्टिबाट प्राप्त हुने सिर्जनात्मक विशिष्टतालाई कृतित्व भनिन्छ । कुनै पनि सिर्जना यसरी नै गरिन्छ र गर्नुपर्छ भन्ने कुरा गाह्रो कुरा हो, तापनि आज आएर कविता, आख्यान आदि सिर्जनात्मक विधा/उपविधाहरूको लेखनको पनि विधिहरू निर्धारण गरिएका छन् । ती विधिहरू अपनाएर पछि नै कुनै कृतिको स्वरूप निर्धारण विधा नै स्रष्टाको लेखकीय क्षेत्र हुन् ।[१६]

### २.४.१ साहित्य सृजनामा प्रेरणा र प्रभाव

क्रौञ्च पंक्षीको क्रन्दनले व्यासलाई **महाभारत** लेखनका लागि, घाँसीका प्रेरणाले भानुभक्तलाई कविता सिर्जनाका लागि अनि पत्नीका तिरष्कारले कालिदासलाई शिक्षा आर्जन गरी काव्य सिर्जनाको प्रेरणा मिलेको कुरा साहित्यिक इतिहासहरूमा रहेको छ ।[१७] कुनै पनि स्रष्टालाई साहित्यिक अभिरुचिका लागि कुनै एउटा पृष्ठभूमिको आवश्यक हुनु अपरिहार्य नै देखिन्छ । कवि पुष्पराज देवकोटालाई आफ्नो प्रतिभा देखाउन अनुकूल वातावरण तयार भएको देखिँदैन । तर पनि सानैदेखि धार्मिक ग्रन्थहरूको अध्ययन गर्ने, **रामायण, महाभारत, गीता** आदि पढ्ने जस्ता कार्यले धार्मिक ग्रन्थहरूप्रतिको झुकाउ बढ्दै गयो भने पौराणिक कथाहरूले उनलाई प्रभावित पाऱ्यो । गुरुकुलमा पढ्ने प्रतिभाशाली र आदर्श विद्यार्थीहरूमध्ये देवकोटा पनि एक थिए । उमेरले परिपक्व, ज्यादै शिष्ट, अनुशासित, मृदुभाषी, र अन्तर्मुखी स्वभावका देवकोटालाई गुरुहरू सबैले खुलेर प्रशंसा गरेको देखिन्छ । कविता लेख्ने शैली र क्षमता सानैदेखि उनमा समृद्ध थियो तर उनको प्रतिभालाई अगाडि बढाउन समय र परिस्थितिले साथ दिएको थिएन ।

वि.सं. २०६१ सालमा उनको मुटुको अप्रेशन गरेपछि अन्य कार्य गर्न असमर्थ भएको हुँदा देवकोटा साहित्य लेखनतर्फ अग्रसर भई बसिबियाँलोमा खेस्रा टिपोट गर्दै जाँदा उनका रचनाहरूले काव्यको रूप लिएको पाइन्छ । विशेष गरी **रामायण, महाभारत, उपनिषद** जस्ता पौराणिक धर्मग्रन्थबाट प्रभावित देवकोटाले **श्रीमद्भागवत गीता**को बारेमा विचार विमर्शहरू

---

[१६] मधुसूदन गिरी र रामनाथ ओझा, **शोध, सिर्जना र संस्कृत काव्यशास्त्र**, द्वितीय संस्करण, (काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५८), पृ. २०९ ।

[१७] ऐजन, पृ. २२९ ।

फुराउन सक्ने कुरा व्यक्त गरेका छन् ।[१८] साथै उनको दिनचर्या र अनुशीलनमा हौसला दिने सदैव सेवारत पितृभक्त छोराहरू, गुरुहरू, स्नेही भाइ केदार खनाल र साहित्यिक व्यक्तित्वहरूको प्रेरणा र प्रभावले पुष्पराजलाई साहित्य लेखनतर्फ अग्रसर गराएको देखिन्छ भने विभिन्न पौराणिक धर्मग्रन्थ, साहित्यिक कृति, सामाजिक, पारिवारिक परिवेश आदिले उनलाई साहित्यलेखनतर्फ प्रभावित र उत्प्रेरित गराएको पाइन्छ ।

## २.४.२ कवि र काव्यकारिता

कवि पुष्पराज देवकोटाले २०२६/२७ सालतिरबाट नै कविता लेखनमा कलम चलाएको पाइए तापनि ती रचनाहरू प्रकाशित हुन सकेका थिएनन् त्यसपछि उनले आफ्नो शारीरिक अस्वस्थताका कारण पण्डित पेसा र कृषि पेसा छाडेपछि वि.सं. २०६५ सालमा **सूक्ष्म वेदान्त दर्शन** काव्य लेखेर आफ्नो कविता यात्राको औपचारिक सुरुवात गरेको पाइन्छ । थुप्रै रचनाहरूको पाण्डुलिपि तयार गरेका पुष्पराजका अत्यन्तै कम कृति तथा रचना प्रकाशित भएको पाइन्छ । उनका प्रकाशित कृतिहरू यसप्रकार रहेका छन्- **सूक्ष्म वेदान्त दर्शन** (२०६५), **सङ्क्षिप्त पद्यरामायण** (२०६६), **कालु ज्योतिषी (जैसी) को भूत साधना र आत्मवृत्त** (२०६८), **गण्डकी महात्म्य** (२०६८), **गङ्गा महात्म्य** (२०६८) ।

यसरी गोरखा जिल्लाको पहाडी गाउँ बनौतीमा गृहस्थ जीवन व्यतीत गरेर बसेका पुष्पराज देवकोटाको अन्य रचना भने घरमै थन्किएर रहेका छन् र अझै रचना गर्ने क्रम जारी नै छ । उनको प्रकाशित रचनालाई हेर्दा पहिलो प्रकाशित रचनाको रूपमा **सूक्ष्म वेदान्त दर्शन** (२०६५) शीर्षकको काव्यलाई लिन सकिन्छ ।[१९] महाकाव्यीय संरचना र गुणको निकटता प्राप्त गरेको उनको अर्को पुस्तक **सङ्क्षिप्त पद्यरामायण** (२०६६) हो ।

यस्ता साहित्यिक, धार्मिक रचना गरे पनि उनका रचनाले खासै महत्त्व पाउन सकेका छैनन् । उनका रचनाहरूमध्ये अलि विशिष्ट रचनाको रूपमा रहेको **सङ्क्षिप्त पद्यरामायण** २०६६ साल महाशिवरात्रिको दिन प्रकाशित भएको पाइन्छ ।

यसरी पुष्पराजको साहित्यिक यात्रालाई हेर्दा २०६१ सालपछिको समयलाई लिन सकिन्छ । विषयवस्तुका दृष्टिले पुष्राजका धैरै रचनाहरूमा पौराणिक धर्मग्रन्थ, वेदशास्त्र

[१८] शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।
[१९] पुष्पराज देवकोटा, **सूक्ष्म वेदान्त दर्शन**, (तनहुँ : देवकोटा भेटेरिनरी फर्मा, २०६५) ।

आदिको प्रभाव पर्न गएको पाइन्छ । फलस्वरूप **सङ्क्षिप्त पद्यरामायण** काव्यको विष्यवस्तु पनि चर्चित धर्मग्रन्थ **रामायण**को कथाबाट लिइएको देखिन्छ । त्यसै गरी अन्य अप्रकाशित रचनाहरूको विषयवस्तु पनि विभिन्न धार्मिक ग्रन्थ, पुराण, आदिबाट लिइएको पाइन्छ भने उनले आफ्नो देशको बारेमा देशभक्तिपूर्ण रचनाहरू पनि लेखेका छन्, जुन अप्रकाशित नै छ ।

## २.५ निष्कर्ष

राणाकालीन समयमा जन्मेका र उक्त समयको सकारात्मक र नकारात्मक भोगाईसँग परिचित पुष्पराज देवकोटा तराईमा जन्मिए पनि पहाडमा हुर्केका र जीवनमा अनेक दुःख कष्टसँग सङ्घर्ष गर्न सक्ने पण्डित व्यक्तित्व भएका कवि प्रतिभा हुन् ।

कृति प्रकाशनका दृष्टिले कान्छा नै मानिने पुष्पराज देवकोटाका समकक्षी एवम् समकालीन व्यक्तित्वहरू उच्च स्थान ओगट्न सफल भएको पाइन्छ भने आध्यात्मिक चिन्तनका निष्ठाशील कवि पुष्पराज एकान्त साधना गर्ने व्यक्तित्वका रूपमा स्थापित भएको पाइन्छ । सानै उमेरदेखि कविता लेख्न सुरु गरे तापनि पाण्डुलिपिको संरक्षण नभएकोले २०६५ सालमा प्रकाशित **सूक्ष्म वेदान्त दर्शन**लाई नै उनको कविता यात्राको सुरुवात समय मान्न सकिन्छ । अन्य उनका अप्रकाशित रचनाहरू पनि आफ्नो दैनिक औषधीमा धेरै खर्च हुने भएकाले प्रकाशन गर्ने सामर्थ्य नभएको कुरा उनले बताएका छन् । उनको प्रकाशित भएका कृतिहरूमध्ये अलि विशिष्ट खालको **सङ्क्षिप्त पद्यरामायण** (२०६६) काव्य भएकोले पुष्पराजको सम्पूर्ण कृति व्यक्तित्व, काव्यगत विशेषता र प्रवृत्ति यसै कृतिमा केन्द्रित भएको पाइन्छ ।

# परिच्छेद : तीन

# विधागत सैद्धान्तिक परिप्रेक्ष्यमा सङ्क्षिप्त पद्यरामायण काव्यको अध्ययन

# परिच्छेद : तीन

# विधागत सैद्धान्तिक परिप्रेक्ष्यमा सङ्क्षिप्त पद्यरामायण काव्यको अध्ययन

## ३.१ काव्यको परिचय

'काव्य' वा 'कविता' शब्द 'कवि'बाट बनेको हो । 'कवि' शब्दको व्युत्पत्ति 'कु' धातुमा 'अच्' र 'इ' प्रत्यय जोडेर निर्माण भएको हो र 'कु' धातुलाई 'व्याप्ति र आकाश' अर्थात् सर्वज्ञताको अर्थमा लिइएको छ । सङ्क्षेपमा कविको कर्मलाई वा काव्यको लेखनकार्यलाई काव्यको रूपमा लिइएको पाइन्छ ।[१]

साहित्यशास्त्रीय चिन्तनका परम्परामा विभिन्न युगका अनेक साहित्यशास्त्री एवं कविहरूले समेत कवितालाई आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । भाषाको माध्यम अँगाली गरिने जीवन-जगत्को लयबद्ध ललित अभिव्यक्ति कविता हो ।[२] कवि शब्दमा य (ण्यत्) प्रत्यय लागेर काव्य शब्द बन्दछ । काव्य शब्दले कविद्वारा गरिएको पद्यात्मक वा गद्यात्मक रचनालाई बुझाउँछ । अर्को शब्दमा भन्दा कविको सृजनालाई काव्य/कविता भनिन्छ । यस आधारमा कविद्वारा सम्पन्न गरिएको कार्य नै काव्य ठहरिन्छ ।[३] काव्य सृजना गर्ने व्यक्तिलाई बुझाउने कवि शब्द कव् धातुमा इ(इन्) प्रत्यय वा कु धातुमा अ(अच्) र इ प्रत्यय लागेर बनेको देखिन्छ । कवि शब्दमा अन्तर्निहित कव् धातु सर्वज्ञता एवं वर्णन कौशलको अर्थमा आएको छ । यस दृष्टिले कविको तात्पर्य सर्वज्ञ एवं वर्णन कलामा निपुण व्यक्ति भन्ने बुझिन्छ ।[४]

---

[१] मोहन हिमांशु थापा, **साहित्य परिचय**, पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६६), पृ. ३३ ।

[२] भोजराज ढुङ्गेल र पारसमणि भण्डारी, **नेपाली प्रतिनिधि कवि र कविता,** (काठमाडौं : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि., २०५४) ।

[३] कृष्णविलास पौड्याल, **साहित्य शास्त्र र नेपाली समालोचना,** (काठमाडौं : नवीन प्रकाशन, २०५८), पृ. ३ ।

[४] ऐजन ।

काव्य शब्दको व्युत्पत्ति खोज्दै जाँदा काव्य, कविता र कवि एकआपसमा संबद्ध देखिन्छन् । काव्यलाई कविकर्म भनिन्छ र कविद्वारा कविताको सृजना हुन्छ । काव्य कविताको सर्जक कवि भएकोले कविको काम वा रचनालाई काव्य वा कविता भनीएको हो । काव्य वा कविताका सर्जक कवि हुन् । कविले सृजना गरेको रचना विशेषलाई काव्य वा कविता भनिन्छ । कविताको परिभाषा दिने क्रममा यहाँ पूर्वीय मत, पाश्चात्य मत र नेपाली मतलाई अलग-अलग रूपमा प्रस्तुत गरिएको छ ।

## ३.१.१ पूर्वीय मतमा कविताको परिभाषा

पूर्वमा **अग्निपुराण** र पश्चिममा एरिस्टोटलको **काव्यशास्त्र**बाट काव्यसम्बन्धी सैद्धान्तिक परम्पराको जग बसाल्दै काव्यलाई परिभाषित गर्ने र त्यसको लक्ष्य निर्धारण गर्ने काम हुँदै आएको छ । यसै गरी नेपाली साहित्य चिन्तकहरूले पनि आफ्ना अभिमत प्रकट गरेको छन् ।

भरतमुनिको कथनानुसार कवितामा कोमल र सुन्दर पदविन्यास, गूढ शब्दार्थ हीनता, सुबोधता, युक्तिपूर्णता, नृत्यका लागि उपयुक्तता, रसनिष्पत्तिका लागि गुण र सन्धियुक्तता हुनुपर्छ ।[५] भरतमुनिको कथनमा कविताको कलापक्षप्रति मात्र बढी आग्रह भएको देखिन्छ ।

**अग्निपुराण**मा उल्लेख भएअनुसार छोटकरीमा भाव व्यक्त गरिने अलङ्कार र गुणसहित, दोषरहित पदावली नै काव्य हो ।[६]

आचार्य भामहको **काव्यालङ्कार**मा उल्लेख भएअनुसार शब्द र अर्थयुक्त रचनालाई कविता भनिएको छ ।[७] भामहको परिभाषा पनि काव्यको कलापक्षमा मात्र सीमित भएको छ । शब्द र अर्थयुक्त हुँदैमा मात्र कविता हुँदैन । त्यस्तै आचार्य भामहभन्दा एक पाइलाअघि आचार्य दण्डी बढेका छन् । दण्डीको **काव्यादर्श**मा उल्लेख भएअनुसार अभीष्ट अर्थले युक्त भएको पदावलीलाई दण्डीले काव्यका रूपमा लिएका छन् ।[८]

---

[५] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. ३४ ।
[६] पूर्ववत्, पृ. ३५ ।
[७] पूर्ववत्, पृ. ३४ ।
[८] पूर्ववत् ।

आचार्य रुद्रटले भामहको कथनलाई दोहोऱ्याएका छन् । रुद्रटले **काव्यालङ्कार**मा उल्लेख गरेअनुसार शब्द र अर्थयुक्ततालाई काव्य भनेका छन् ।[९]

मम्मटले **काव्यप्रकाश**मा उल्लेख भएअनुसार दोषमुक्त र गुण तथा अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो, यसमा कतैकतै अलङ्कार नपरे पनि केही छैन । दोष नभएको र गुण तथा अलङ्कार भएको शब्दार्थलाई मम्मटले काव्यका रूपमा लिएका छन् ।[१०]

विश्वनाथको **साहित्यदर्पण**मा उल्लेख भएअनुसार रसात्मक वाक्य नै काव्य हो । यिनले रसलाई मात्र सर्वाधिक महत्त्व दिएका छन् । यसरी कविता वा काव्यका सन्दर्भमा पूर्वीय आचार्यहरूले विभिन्न मत प्रस्तुत गरेका छन् ।[११]

## ३.१.२ पाश्चात्य मतमा कविताको परिभाषा

पाश्चात्य साहित्यमा पनि कविताको स्वरूप र परिभाषाका सम्बन्धमा विभिन्न मतमतान्तर पाइन्छन् । संस्कृत साहित्यमा कविताको परिभाषालाई लिएर विभिन्न वाद वा सम्प्रदायको जन्म भएको छ । पाश्चात्य जगत्का साहित्यकार वर्डस्वर्थका अनुसार कविता सशक्त अनुभूतिहरूको निरवच्छिन्न बाढी हो, यो शान्त क्षणमा पुनः पुनः स्मृत संवेगबाट जन्मन्छ ।[१२]

हड्सनका अनुसार मूलतः साहित्य भाषाको माध्यमले जीवनको अभिव्यक्ति हो ।[१३] अरिस्टोटलको कथन अनुसार काव्य वा कविता निश्चित रूपले छन्दोमय साहित्य हो र यसले जीवनलाई सिर्जनात्मक आख्यानमा प्रतिबिम्बित गर्छ ।[१४]

कलरिजका अनुसार कविता विज्ञानको विपरीत विधा हो, किनभने यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन ।[१५] सेलीका अनुसार कविता सामान्यतया कल्पनाको अभिव्यक्ति हो ।[१६]

---

[९] पूर्ववत्, पृ. ३५ ।
[१०] ऐजन ।
[११] ऐजन ।
[१२] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** छैटौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. १३ ।
[१३] पूर्ववत्, पृ. १२ ।
[१४] ऐजन ।
[१५] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. १३ ।
[१६] ऐजन ।

यसरी काव्य र कविताको सन्दर्भमा पाश्चात्य विद्वान्हरूले पनि आ-आफ्नै मत जाहेर गरेका छन् ।

### ३.१.३ नेपाली मतमा कविताको परिभाषा

नेपाली कविहरूले पनि कविताको सम्बन्धमा विभिन्न मत प्रस्तुत गरेका छन् । कवि केदारमान व्यथितका अनुसार तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।[१७] रुद्रराज पाण्डेका अनुसार साहित्य एक व्यक्तिको अभिव्यक्ति हो ।[१८] साहित्यकार बालकृष्ण समका अनुसार कविता मानिसको अनुहार जस्तै हो, हिसी कुनै कलात्मक शैल्पिक दक्षताको सिद्धान्तमा रहेको हुँदैन, कविता गणित होइन न त दर्शन नै हो । यो त शृङ्गार, वीर, करुण आदि रसको भावप्रदर्शन पो हो ।[१९]

यसरी माथिका परिभाषाहरूलाई मन्थन गरेर कविताको परिभाषा बनाउँदा लयबद्ध भाषाका माध्यमले गरिने जीवनजगत्को रागात्मक र कलात्मक अभिव्यक्ति नै कविता हो भन्न सकिन्छ । कविता कलात्मक र सौन्दर्यपूर्ण हुन्छ । काव्य लेखकको अन्तस्करणको भावनात्मक प्रकाशन हो ।

## ३.२ काव्यको विश्लेषण

'कवि' शब्दको भाव वा कर्म अर्थमा कव् धातुदेखि 'य' (ण्यत्) प्रत्यय लागेर काव्य शब्द बन्दछ । त्यसैले कवि काव्यको कर्ता हो । 'कवेर्भावः कर्म वा काव्यम्' भनिएको छ । यो काव्यको शब्दार्थ हो । भावार्थका दृष्टिले युग र प्रवृत्ति अनुसार काव्यको परिभाषा भिन्नभिन्न हुन गएको छ । जस्तै :- अभीष्ट भावलाई सङ्क्षेपमा व्यक्त गर्ने पदावली काव्य हो ।

'सङ्क्षेपाद् वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली काव्यम् ।'[२०]

---

[१७] पूर्ववत्, पृ. १४ ।

[१८] ऐजन ।

[१९] ऐजन ।

[२०] कृष्णद्वैपायन व्यास प्रणितम्, **अग्निपुराण,** (अ ३३७, श्लोक ६), वाराणसी : चौखम्बा संस्कृत संस्थान, २०५५, पृ. ४८९ ।

सङ्क्षेपको अर्थ व्यर्थ र अनावश्यक शब्द वा आडम्बरहरूको परित्याग हो । 'शब्दार्थो सहितौ काव्यम्'[२१] कवि भामह शब्द र अर्थले युक्त वाक्य समूहलाई काव्य भन्दछन् । यिनले काव्यमा शब्द र अर्थ दुवैलाई बराबर महत्त्व दिएका छन् । **अग्निपुराण**को कथनअनुसार शब्दलाई काव्य भनेकोमा भामहले अर्थलाई समेत समावेश गरेर नयाँ बाटो कोरेका छन् ।

'शरीरं तावदिष्टा थेव्यवच्छिन्न पदावली'[२२] इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो । छैटौं र सातौं शताब्दीका बीचका समयका काव्यशास्त्री आचार्य दण्डीले पदावलीलाई काव्य ठानेका छन् तर शब्द र अर्थको स्थान भने यिनले दिएका छैनन् । आठौं शताब्दीका काव्यशास्त्री आचार्य वामनले रीतिलाई काव्यको आत्मा ठानेका छन्- 'रीतिरात्मा काव्यस्य' जुन काव्यको आत्मा रीति हुन्छ, त्यो काव्य उत्तम हो भन्ने धारणा उनको छ । रीतिको स्थापना गर्ने आचार्य वामनले रीतिलाई नै काव्यसौन्दर्यको आधार मानेर यसो भनेका छन् । यिनले काव्यको सम्बन्धमा रीतिको विवेचनाको सन्दर्भमा केही अरू महत्त्वपूर्ण कुराहरू पनि भनेका छन् । अलङ्कारले काव्यग्राह्य हुन्छ । सौन्दर्य नै अलङ्कार हो । दोषहरूको त्याग र गुण तथा अलङ्कारको ग्रहण गर्नाले काव्यमा त्यो सौन्दर्य उत्पन्न हुन्छ । यस विवरणपछि वामनले काव्यको लक्षण यसरी गरेका छन्- 'यो काव्य शब्द गुण र अलङ्कारद्वारा सुसंस्कृत शब्दार्थ युगलमा निहित हुन्छ ।' अर्थात् उनको मतानुसार काव्यत्व शब्द र अर्थ दुवैमा हुन्छ तर त्यसमा गुण र अलङ्कारहरूको योग आवश्यक हुन्छ ।

रुद्रटले निश्चित रूपले शब्द र अर्थ नै काव्य हो भनेका छन् । रुद्रट वामनभन्दा पछिका हुन् । यिनले भामहको कथनलाई नै दोहोऱ्याएका छन् ।

आचार्य आनन्दवर्धन नवौं शताब्दीका हुन् । यिनले ध्वनिवादको स्थापना गरेका छन् । काव्यको विषयमा यिनले शब्द र अर्थ काव्यका शरीर हुन्, काव्यको आत्मचाहिँ ध्वनि हो भनेका छन् । यिनले शब्दार्थलाई काव्यको शरीर स्थानीय र ध्वनिलाई आत्मा स्थानीय घोषित गरी काव्य लक्षणको क्षेत्रलाई नयाँ दृष्टि दिएका छन् र यिनको कथनमा औचित्य पनि देखिन्छ ।

---

[२१] रामनाथ ओझा र मधुसुदन गिरी, **शोधसिर्जना संस्कृत काव्यशास्त्र,** द्वितीय संस्करण, (काठमाडौं : हीरा बुक्स इन्टरप्राइजेज, २०५८), पृ. २७४ ।

[२२] ऐजन, पृ. २७५ ।

आचार्य कुन्तकको समय एघारौं शताब्दी मानिन्छ । यिनले ध्वनिवादको विरोध गरी वक्रोक्तिवादको स्थापना गरेका छन् । वक्रोक्तिको परिचय प्रकरणमा काव्यको परिचय दिँदा यिनले चार कुराको उल्लेख गरेका छन् - (क) कविकर्म काव्य हो, (ख) अलङ्कार काव्यका आवश्यक गुण हुन्, (ग) काव्यवेत्तालाई आनन्द दिने, कविले चमत्कारपूर्ण अभिव्यक्ति कौशलको सूक्ष्म रूपले निबद्ध रचनामा रहने सुव्यवस्थित शब्द र अर्थ संयुक्त रूपले काव्य कहिन्छ र (घ) वक्रोक्ति काव्यको आत्मा हो ।[२३]

यसरी भामहदेखि विश्वनाथसम्मका परिभाषाहरूको तुलनात्मक अध्ययन गर्दा केही भिन्नता पाउन सकिन्छ । भामहले महान् व्यक्तिको महत् अर्थमा जोड दिएका छन् भने दण्डीले इतिहास प्रसिद्ध कथानकमा जोड दिएका छन् । काव्य गद्य वा पद्यमा रचना गरिएको हुन्छ । **सङ्क्षिप्त पद्यरामायण** काव्य भए पनि यो महाकाव्यीय स्तरको रचना भएको हुँदा यो लीलाबद्ध छ । **रामायण** जस्तो पौराणिक एवम् ऐतिहासिक विषयको सज्जन चरित्रको वर्णन भएको छ । यसमा धर्म, अर्थ, काम, मोक्ष चारै वस्तु प्राप्त गर्न सकिने मार्गदर्शन कविले गरेका छन् । साथै ग्रन्थारम्भमा मङ्गलाचरण समेत रहेको छ । राजा, स्वर्ग, यज्ञ, युद्ध, यात्रा, विवाह, पुत्रोत्पादन, खोला, नदी, समुद्र, पर्वत, ऋतु, सूर्य, चन्द्र आदि सबैको वर्णन गरिएको छ । भगवान् श्रीरामप्रतिको असीम भक्तिभावले परिपूर्ण भएको यस काव्यमा कवि देवकोटाले ईश्वरीय सगुण रूपको महिमा गाएका छन् ।

## ३.३ नेपाली कविताको विकासक्रम

लिखित नेपाली साहित्यको थालनी कविता विधाका रचनाहरूबाटै भएको हो र नेपाली कविताको विकासक्रमको चर्चा गर्नु भनेको विगत अढाई शताब्दी (वि.सं. १९२६ तिर - हालसम्म) का बीच विकसित बनेको नेपाली कविताले पार गरेका मोड, अँगालेका धारा र तिनका विशेषताको चर्चा गर्नु हो । नेपाली कविताको विकासक्रमको यस शृङ्खलालाई निम्नलिखित तीन कालखण्डमा विभाजित गरी अध्ययन गर्न सकिन्छ :-

क) प्राथमिक काल (वि.सं. १८२६-१९४०)

ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

---

[२३] ऐजन, पृ. २७७ ।

ग) आधुनिक काल (वि.सं. १९७५ देखि निरन्तर)

नेपाली कविताको विकासक्रमका यी तीन कालका प्रमुख कवि, कविता र तिनका विशेषताका बारेमा यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ३.३.१ नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०)

वि.सं. १८३६ देखि १९४० का बीचको एक सय चौध वर्ष जति लामो समयावधिभित्र विकसित बनेको नेपाली कवितालाई प्राथमिक कालीन नेपाली कविता भनिन्छ । नेपाली कविताको यो प्राथमिक काल लिखित नेपाली कविताका प्रथम कवि सुवानन्द दासले लेखेको 'पृथ्वीनारायण' भन्ने कविबाट थालिएको मानिन्छ र वि.सं. १९४०-४१ तिर नेपाली कवितामा नयाँ शृङ्गारिक धारा नआउँदासम्म यो प्राथमिक काल चालु रहेको पाइन्छ । यस कालका सुरुमा नेपाली कवितामा वीरभावको अभिव्यक्ति प्राचुर्य देखिएको हो भने त्यसपछि भक्तिभावनाबाट ओतप्रोत कविताको रचना पनि यस कालमा भयो । त्यसैले यस कालको नेपाली कवितामा यी दुई मुख्य भावधारा प्रवाहित रहेको पाइन्छः- क) वीरधारा र ख) भक्तिधारा

### क) वीरधारा

लिखित नेपाली कविताको उठान वीरधाराका कविताबाट भएको हो र त्यस्तो पहिलो नेपाली कविता सुवानन्द दासको 'पृथ्वीनारायण' हो । यसै कविताबाट वि.सं. १८२६ तिर नेपाली कविताको थालनी भएको हो । यस कविताले त्यतिबेलाका वीर पुरुष पृथ्वीनारायण शाहका वीरताको बखान गरेको छ । यसपछि अरू कविहरूले पनि वीरवन्दना गरी निकै कविता लेखे । प्राथमिक कालीन नेपाली कविताको वीरधारालाई हुर्काउने अरू कविहरूमा शक्तिवल्लभ अर्याल, उदायानन्द अर्याल, राधावल्लभ, यदुनाथ पोखऱ्याल, सुन्दरानन्द बाँडा आदि उल्लेखनीय छन् । यिनीहरूका कवितामा वीरवन्दना, युद्धवर्णन, राष्ट्रभक्ति र राष्ट्रिय एकताको भावनाको राम्रो अभिव्यक्ति भएको छ । प्राथमिक कालीन नेपाली कविताको

वीरधाराका प्रतिनिधि कविका रूपमा यदुनाथ पोखरेललाई लिन सकिन्छ र उनका 'स्तुतिपद्य'हरूलाई यस धाराको प्रतिनिधि कविता मान्न सकिन्छ ।

**ख) भक्तिधारा**

नेपाली कविताको प्राथमिक कालमा देखापरेको अर्को महत्त्वपूर्ण कविताधारा भक्तिधारा हो । यस धाराका दुई उपधारा देखापर्दछन्- सगुण भक्तिधारा र निर्गुण भक्तिधारा । हिन्दु धर्मावलम्बीहरूका भगवान् विष्णुका अवतारका रूपमा रहेका कृष्ण र रामप्रति प्रकट गरिएको भक्तिभाव नै सगुण भक्तिभावधारा हो । यसकालका इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल आदि कविहरूले कृष्णभक्तिको सगुण भावधारामा आधारित कविताको रचना गरेका छन् । वसन्त शर्मालाई कृष्णभक्ति धाराका प्रतिनिधि कवि मानिन्छ भने उनकै 'कृष्णचरित्र' नेपाली कविताका कृष्णभक्ति धाराको प्रथम उत्कृष्ट कविता हो । सगुण भक्तिधाराको रामभक्तिका कविहरूमा भानुभक्त आचार्य, रघुनाथ पोखऱ्याल, पतञ्जलि गजुऱ्याल आदि उल्लेखनीय छन् । यीमध्ये भानुभक्त आचार्य नै रामभक्ति धाराका प्रतिनिधि कवि हुन् र उनको **रामायण** नै यस धाराको कविताको प्रतिनिधि कवि हुन् र उनको **रामायण** नै यस धाराको कविताको प्रतिनिधि रचना हो । कवितात्मक गुणस्तरका दृष्टिले भानुभक्त आचार्य रामभक्ति धाराका मात्र नभई नेपाली कविताको सिङ्गै प्राथमिक कालका कविहरूमध्ये सर्वश्रेष्ठ मानिन्छन् । प्राथमिककालीन नेपाली कविताको निर्गुण भक्तिधाराका कविहरूमा सन्त शशिधर, ज्ञानदिलदास उल्लेखनीय छन् । यी कविहरूले साकार ईश्वरको नभई निर्गुण निराकार ब्रह्मप्रतिको गहिरो श्रद्धा प्रकट गरेका छन् र धर्मका नाममा गरिने विभिन्न किसिमका आडम्बरपूर्ण क्रियाकलापको कवितात्मक भर्त्सना गरेका छन् ।

## ३.३.२ नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली कविताको माध्यमिक कालका प्रवर्तक कवि मोतीराम भट्ट हुन् । यस युगले चर्चेको मोटामोटी समय वि.सं. १९४१ देखि वि.सं. १९७४ सम्म मानिन्छ । प्राथमिक

कालबाट माध्यमिक काललाई छुट्याउने मुख्य तत्त्व नेपाली कविताले मुद्रण-युगमा प्रवेश गर्नु र शृङ्गारिक भावधारा अँगाल्नु यी दुवै काम नेपाली कविता क्षेत्रमा मोतीराम भट्टले गरेका हुन् ।

प्राथमिक कालीन नेपाली कविताका वीरधारा र भक्तिधाराका अन्तर्निरन्तरता यसकालका कविताहरूमा रहिरह्यो र त्यसले परम्परासँगको अटुट सम्बन्ध कायम नै रहन दियो भने मोतीराम भट्ट र उनको मण्डलीका युवा कविहरूका शृङ्गारिक भावनाले ओतप्रोत कविताहरू प्राप्त गरी यस युगले नयाँ कोल्टो पनि फेऱ्यो । यस धाराका उल्लेखनीय कविहरू, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, कृष्णप्रसाद रेग्मी, शम्भुप्रसाद ढुङ्गेल आदि हुन् । यी कविहरूले प्रशस्त शृङ्गारिक कविताहरू लेखे । यी कविहरूले समस्यापूर्ति कविता रचनाको लहर नै चलाए भने फारसी, उर्दू स्रोतका गजल लेखनको नयाँ परम्पराको थालनी पनि यसै युगका अग्रणी कवि मोतीराम भट्टबाट भयो । प्राथमिककालीन नेपाली कविताका तुलनामा माध्यमिक कालीन नेपाली कविताका भावविधान लयविधान, भाषाशैली, बिम्बालङ्कारको प्रयोग जस्ता पक्षहरूमा निकै उत्कृष्टता आयो । माध्यमिककालीन नेपाली कविताका प्रतिनिधि कविका रूपमा मोतीराम भट्ट र शम्भुप्रसाद ढुङ्ग्याललाई लिइन्छ । यस कालका प्रतिनिधि शृङ्गारिक रचनाहरूमा **पिकदूत** (खण्डकाव्य), **सङ्गीत चन्द्रोदय** (गजलसङ्ग्रह) र **श्लोकसङ्ग्रह, शृङ्गारदर्पण** अनि **सुक्तिसिन्धु** जस्ता कवितासङ्ग्रह उल्लेखनीय छन् । वि.सं. १९७४ मा प्रकाशित भएको शृङ्गारिक कवितासङ्ग्रह **सूक्तिसिन्धु**मा प्रतिबन्ध लागेपछि नेपाली कविताको माध्यमिक काल टुङ्गिएको मानिन्छ ।

### ३.३.३ नेपाली कवितामा आधुनिक काल (वि.सं. १९७५-हालसम्म)

वि.सं. १९७५ देखि हालसम्मको अवधि नेपाली कविताका आधुनिक कालको अवधि हो । यस आधुनिक कालीन नेपाली कविताका विकास प्रक्रियामा निम्न चार धाराहरू देखा परे :-

क) परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०)

ख) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६)

ग) प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९)

घ) समसामयिक धारा (वि.सं. २०३०-हालसम्म)

**क) परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०)**

वि.सं. १९७५ देखि नेपाली कवितामा आधुनिकता थालिएको मानिन्छ । त्यसको मूल विशेषता नेपाली कविताले परिष्कारवादी धारालाई अँगाल्नु हो । वि.सं. १९७५-९० सालबीचको अवधि आधुनिक नेपाली कविताको प्रथम चरण स्वरूप परिष्कारवादी धाराको अवधि बन्यो । यस धाराका अगुवा कवि लेखनाथ पौड्याल हुन् भने अरू कविहरूमा कुलचन्द्र गौतम, बालकृष्ण सम, सोमनाथ सिग्द्याल, महानन्द सापकोटा, धरणीधर कोइराला आदि हुन् । प्राकृतिक सामाजिक, सांस्कृतिक, दार्शनिक, नैतिक र वैज्ञानिक क्षेत्रका विषयवस्तुको प्रयोग सामाजिक-सांस्कृतिक, शैक्षिक जागरण र सुधारको चेतना, सौन्दर्य चेतनाको तीव्रता, शिल्प प्रयोगको सचेतता, भाषाशैलीगत परिष्कार-परिमार्जन यस धाराका खास विशेषता हुन् । लेखनाथ पौड्यालको **ऋतुविचार,** बालकृष्ण समको **आगो र पानी** जस्ता उत्कृष्ट खण्डकाव्यका साथै सोमनाथ सिग्द्यालको **आदर्शराघव,** लेखनाथ पौड्यालको **तरुणतपसी** र बालकृष्ण समको **चिसो चूल्हो** जस्ता कृतिहरू यस धाराका उल्लेखनीय कवितात्मक उपलब्धि हुन् ।

**ख) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६)**

आधुनिक नेपाली कवितामा देखापरेको दोस्रो महत्त्वपूर्ण धारा स्वच्छन्दतावादी-प्रगतिवादी धारा हो । वि.सं. १९९१ को **गोरखापत्र** र **शारदा** पत्रिकामा प्रकाशित भएका लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका कवितामार्फत् आधुनिक नेपाली कविताको क्षेत्रमा यस धाराको सहप्रवर्तन भएको हो । यो धारा नेपाली कविताको सबैभन्दा समृद्ध धारा हो र यस धाराका केन्द्रीय कवि लक्ष्मीप्रसाद देवकोटा हुन् भने अरू उल्लेखनीय कविहरूमा सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, केदारमान व्यथित, अगमसिंह गिरी, भूपी शेरचन, माधवप्रसाद घिमिरे, गोपालप्रसाद रिमाल, भवानी भिक्षु, धर्मराज थापा, विजय मल्ल आदि हुन् । स्वच्छन्दतावादी

कविता धाराका विशेषतामा आत्मपरक भावप्रवाह, प्रकृतिप्रेम, सौन्दर्यता, कल्पनाशीलता, सामन्ती सभ्यताको विरोध, मानवतावादको समर्थन, स्वस्फूर्त अभिव्यक्ति, आन्तरिक भावोच्छलन, कृत्रिमताको विरोध, तीव्र साङ्गीतिक लयचेतना आदि हुन् भने यही विशेषताकै वृत्तभित्र रही यस धाराका कविताहरूले सामाजिक, आर्थिक, न्याय, राजनैतिक, स्वतन्त्रताका समर्थनमा जेजस्ता क्रान्तिकारी, विद्रोही र व्यङ्ग्यात्मक स्वर घन्काएका छन्, त्यसैलाई नै स्वच्छन्दतावादी प्रगतिवाद भनीएको हो । यस धाराका अमर कृतिहरूमा **लक्ष्मी कवितासङ्ग्रह, आमाको सपना, घुम्ने मेचमाथि अन्धो मान्छे** जस्ता कवितासङ्ग्रह **मुनामदन, मायाविनी सर्सी, उर्वशी, राजेश्वरी** र **युद्ध र योद्धा** जस्ता खण्डकाव्य अनि **शाकुन्तल, सुलोचना** र **प्रमिथस** जस्ता महाकाव्य आदि यस धाराका कवितात्मक उपलब्धी हुन् ।

### ग) प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९)

वि.सं. २०१७ सालदेखि वि.सं. २०२९ सम्मको समयावधिलाई नेपाली कविताको प्रयोगवादी धारा मानिन्छ । यस धाराले अँगालेको समयावधिलाई आधुनिक नेपाली कविताको तेस्रो चरण पनि भन्न सकिन्छ । यस धाराका प्रमुख कविमा मोहन कोइराला र वैरागी काइँला हुन् भने अरू कविहरू जगदीश शमशेर राणा, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, ईश्वरवल्लभ, कुन्दन शर्मा, कुमार नेपाल, पुष्कर लोहनी, वानिरा गिरी आदि हुन् । यस धाराका मुख्य विशेषता अवचेतन वा अमूर्त लेखनको प्रयोग हो । अतियथार्थवाद, विसङ्गतीवाद, अस्तित्ववाद, विकासवाद र यौनमनोविज्ञान एवं जीव-विज्ञानका दार्शनिक र वैज्ञानिक चिन्तनको प्रयोग पनि यस धाराको विशेषता नै हो । कविताका भावविचार, भाषाशैली, संरचना र शील्प प्रयोगमा यस धाराका कविहरूले जुन नयाँ प्रयोगशीलता देखाए त्यसै आधारमा नै यस धारालाई प्रयोगवादी धारा भनीएको हो । यस धाराका कविहरूले फुटकर कविता र लामा कविताको रचना गरेको देखिन्छ । यस धाराका उल्लेखनीय लामा कविताहरू 'सूर्यदान', 'लेक', 'गङ्गाप्रवास', 'नदी किनारका माझी', 'मेरी आमाले आत्महत्या गरेको देश' आदि यस धाराका उल्लेखनीय कवितात्मक उपलब्धी हुन् ।

## घ) समसामयिक धारा (वि.सं. २०३०-हालसम्म)

वि.सं. २०३० देखि हालसम्मका बीचको अवधिलाई नेपाली कविताको समसामयिक धाराको अवधि भनिन्छ । यो आधुनिक कविताको चौथो चरण पनि हो । नयाँ पुस्ताका युवा प्रतिभाहरूले नेपाली कविताका क्षेत्रमा विभिन्न किसिमका आन्दोलनहरू चलाए तीमध्ये 'राल्फा', 'अस्वीकृत जमात', 'भोको पिँढी', 'योङ्ग राइटर्स फ्रन्ट', 'मन्त्र', 'तरलवाद', 'सडक कविता क्रान्ति' आदि उल्लेखनीय हुन् । यी आन्दोलनहरू र यीसँग सम्बद्ध युवा कविहरूले सम्प्रेषणको सङ्कटमा परेको नेपाली कवितालाई धेरै हदसम्म मुक्त गर्ने प्रयास गरे र यो नै यस धाराका कविहरूको सबैभन्दा महत्त्वपूर्ण देन हो । अस्मिता र अस्तित्वबोधी स्वरलाई उच्च प्राथमिकता दिई यस युगका उदीयमान कवि प्रतिभाहरूले वर्तमान समाजका बाह्य पक्षलाई मात्र होइन मानव मनको चिन्तनको गहिराईलाई पनि समात्ने चेष्टा गरेका छन् ।

वि.सं. २०४६ सालको राजनैतिक सन्दर्भ र राजनैतिक परिवर्तनको प्रसङ्ग जस्ता युगीन राष्ट्रिय परिस्थिति र यसैका हाराहारीमा विश्व राजनीतिमा देखापरेका अनेकौं उतारचढावका युगीन प्रसङ्गको अभिव्यक्तितर्फ चासो देखाई असङ्ग्य कवि प्रतिभाहरूले समसामयिक नेपाली कवितालाई एउटा खास गोरेटो प्रदान गरेका छन् । नेपाली कविताको प्राथमिक कालीन पूर्वाद्ध चरणलाई वीरधाराको काल भनेर चिनिन्छ भने नेपाली कविताको प्राथमिक कालीन उत्तराद्ध चरणलाई भक्तिधाराको काल भनेर चिनिन्छ । नेपाली कवितामा भक्तिधाराको जन्म हुनुमा वि.सं. १८७२ को सुगौली सन्धिले आहत भएको जनमानसलाई मन बहलाउन कविहरू भक्तिमार्गातिर लागेका हुन् । भक्तिधाराको परम्परा प्राथमिक कालीन कवितामा देखिए पनि माध्यमिक कालमा पनि गौण रूपमा देखा परेको छ । यसका मुख्यतय दुई उपधारा देखिन्छन्- रामभक्ति धारा र कृष्णभक्ति धारा । रामभक्तिधाराका कविहरूको आस्थाको केन्द्र राम हुन् । असत्यमाथि सत्यको विजयको प्रतीक रामको उदात्त, अनुशासित, कष्टमय जीवन र उनका लौकिक, अलौकिक कृत्यहरूको वर्णन गर्दै यस धाराका कविहरूले रामको स्तुति गाएका छन् । यस धाराका कविहरूको मुख्य आधार वाल्मीकिको **अध्यात्म रामायण** हो ।[२४] यही प्राथमिक कालीन र माध्यमिक कालनि विविध धारामध्ये आधुनिक

[२४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** नवौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६४), पृ. ३७ ।

कालमा पनि अवशेषका रूपमा रहेको भक्तिधाराको रामभक्ति धारामा आधारित भएर कवि पुष्पराज देवकोटाले **सङ्क्षिप्त पद्यरामायण** काव्यको रचना गरेको पाइन्छ ।

यसरी विविध धारा र मोडका साथ नेपाली कविता काव्यले प्राथमिक काल (वि.सं. १८२६-१९४०) देखि आधुनिक काल (वि.सं. १९७५-हालसम्म) फड्को मारेको पाइन्छ । साथै प्रस्तुत शोधको काव्य **सङ्क्षिप्त पद्यरामायण** पनि रामभक्तिमा आधारित भएर आध्यात्मिक चेतना दिने काव्यको रूपमा उभिएको पाइन्छ । **सङ्क्षिप्त पद्यरमायण** काव्य पूर्वीय परम्परामा नै आधारित भए पनि सरल र सुबोध्य भाषामा वेदान्त ज्ञान दिन सक्षम र चेतनापूर्ण काव्य देखिन्छ । मानव जीवन दुर्लभ छ, त्यसमा पनि विद्या पाउन झन् दुर्लभ छ, विद्या पाए पनि कवित्व क्षमता त्यो भन्दा टाढा छ । त्यसैले आधुनिक समयमा वृद्धावस्थामा आएर पनि **सङ्क्षिप्त पद्यरामायण** जस्तो आध्यात्मिक नैतिक चेतना दिन सक्षम काव्य लेख्नु त्यति सजिलो कुरा होइन । नेपाली काव्य परम्परामा आधारित रहेर राम र सीताको चरित्र चित्रण गर्दै समाजमा भएको विकृतिलाई औंल्याएर प्राचीन संस्कृतिको सम्मान गर्न कविले सबैलाई सिकाएका छन् । सङ्क्षिप्त चरित्र चित्रण गर्दै काव्यकारले व्यक्तिका लागि आवश्यक आत्मज्ञान सरल र सरस भाषामा व्यक्त गरेका छन् । त्यसैले कवि पुष्पराज देवकोटाले प्रस्तुत **सङ्क्षिप्त पद्यरामायण** काव्यको रचना गरी आध्यात्मिक नैतिक चेतना दिनुको साथै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गर्ने जमर्को गरेका छन् भने यो समस्त नेपालीको लागि प्रेरणाको स्रोत बन्नेछ ।

## ३.४ नेपाली साहित्यमा रामभक्ति काव्य लेखन परम्परा

नेपाली साहित्यलेखन प्रारम्भ हुनुअघि रामायण पढ्ने सुन्ने परम्परा रहेको हुनुमा कुनै शङ्का गर्ने ठाउँ छैन । **रामायण**लाई नेपाली भाषामा लेख्ने श्रेय भानुभक्तलाई नै छ भने रघुनाथ पोखेलले पनि **सुन्दरकाण्ड रामायण** लेखेका छन् । बाबुराम आचार्यले यी दुवैका सुन्दरकाण्डको तुलनात्मक अध्ययन पनि गरेका छन् । यसपछि विभिन्न मितिमा रामायणका कथासँग सम्बद्ध काव्य-कविता र कथा लेखिएका छन्, यिनैमध्ये प्रकाशित भएका केही रामकथा सम्बद्ध कृतिहरू यसप्रकार रहेका छन् :-

अनङ्गनाथ पौड्याल (१९५२-२०३४) **रावण-अनङ्गद संवाद** (काव्य-१९९१, ऋषिभक्त पौडेल (१९३४-१९८४) **श्रीरामकीर्तन वर्णन** (२००३), कविप्रसाद गौतम (१९६०-२०४५)

**रामायणान्त**, कृष्णप्रसाद रेग्मी (१९४०-१९८५) **लक्ष्मण प्रश्नोत्तरी** (१९७९), कुलचन्द्र गौतम (१९३४-२०१५) **तुलसीकृत रामायण** (नेपाली टीका-१९९६), **राघवालङ्कार** (लक्षणग्रन्थ-२०१५) कुसुम मञ्जरी देवी सीता (काव्य), **शारदा** (१९९५-९६) मा धारावाहिक प्रकाशित, कुसुमाकर न्यौपाने (डा.) (२०१७) **लोकरामायण** (२०६५), खड्गप्रसाद श्रेष्ठ (१९३९-२००२) **बालकाण्ड रामायण** (१९८८), गणेशप्रसाद अर्याल (१९६६- २०२४) **रामभक्तमाला** (काव्य-२०१५), **बालरामायण** (२०६२), गुणराज उपाध्याय खनाल (१९७२-२०३१) **भरतमिलन** (२०२९), चक्रपाणि चालिसे (१९४०-२०१५) **गोर्खा संक्षिप्त रामायण** (गद्य-१९७५), ज्ञानमणि नेपाल (१९८९) **महीरावण बध** (नाटक), ज्योतिप्रसाद गौतम (१९७४) **रामायण कुञ्ज** (२००४), डिल्लीजङ्ग गुरुङ (१९६१-२०२१) **सुन्दरकाण्ड** (काव्य-२०६३), **नेपाली तुलसी रामायण** (महाकाव्य-२०५९), तारानाथ शर्मा नेपाल (१९४४-२०३२) **राघवविलाप** (काव्य-१९८०), तीर्थराम झा (१९८१) **देहरामायण** (समीक्षा), तुलसीप्रसाद ढुङ्गेल (१९५७-२०३९) **नेपाली सङ्गीत रामायण** (२०१६), **श्रीरामराज्य** (पद्य), दुर्गादेवी आचार्याणी (१९५४-१९८५) **अनसूया-सीता संवाद** (गद्याख्यान), देवीप्रसाद सापकोटा (१९३०-२०१०) **रामगीता** (तत्त्वदीपिका टीका-१९७६), नारायणदत्त शास्त्री (१९८९) **राम वनबास** (कविता-२०२१), पद्मप्रसाद ढुङ्गाना (१९५०-२००१) **रामायण** शिक्षा (१९९५), **रामायण** सप्तरत्न (१९९८), **धनुषभङ्ग लक्ष्मण परशुराम संवाद**, पुष्पराज देवकोटा (१९९१) **सङ्क्षिप्त पद्यरामायण** (२०६६), पहलमानसिंह स्वाँर (१९३५-१९९१) **किष्किन्धा काण्ड** (२०२३), पवनकुमार खनाल (२०१६) **रामभक्त गुणराज र उहाँको रामभक्ति** (२०४४), **रामदास** (महाकाव्य-२०४५), प्रेमराज शर्मा पौडेल (१९६०-२०२८) **रामायण** (पद्याख्यान-१९९६), **श्रीसीतास्तोत्र, रामामृत, महावीर महिमा** (२००३), बाबुराम आचार्य (१९४४- २०२९) **तुलनात्मक सुन्दरकाण्ड** (२००३), भुवनप्रसाद ढुङ्ग्याल (१९२२-१९९३) **अध्यात्मरामायण-सुन्दरकाण्ड** (काव्य-१९८९), भैरव अर्याल (१९९४-२०३२) **विरही राम** (काव्य), मदनमोहन मिश्र (१९९३) **सीताहरण** (खण्डकाव्य-२०१७), **रामराज** (खण्डकाव्य-२०१९), महेश्वर राय (१९९७) **सीताको माटोदेखि लिङ्कनको देशसम्म** (यात्रा-२०४३), मीनप्रसाद नेपाल (१९६८-२०३५) **श्रीरामको वनगमन** (काव्य-१९९० तिर), मुक्तिनाथ तिमिल्सिना (१९७१-२०४६) **रघुवंश** (अनु. २०००) **रामगीता**, युद्धप्रसाद मिश्र (१९६४-२०४७) **रामायण अरण्यकाण्ड** (२०२७), रमेशचन्द्र अधिकारी (२०११) **सीतायन** (महाकाव्य-२०२५), रमाकान्त बराल (१९१९-१९८०) **अद्‌भुत रामायण**

(श्लोकबद्ध-१९४९), रुद्रराज पाण्डे (१९५७-२०४३) **ब्रह्मरामायण** (२०२१), रुद्रप्रसाद उपाध्याय ढकाल (१९५५-२०१७) **सङ्क्षिप्तरामायण अर्थात् रामायणसार** (१९८६), रेवतीरमण न्यौपाने (१९३३-१९९८) **तुलसीकृत रामायण** (अनु पूर्वार्ध-१९६५ अघि), **तुलसीकृत रामायण** (अनु. उत्तरार्ध-१९८१), **अग्निवेश्य रामायण**, लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) **रामायण** (खण्डकाव्य-२००४), **रावण जटायु युद्ध** (खण्डकाव्य-२०१५) र **सीताहरण** (खण्डकाव्य-२०२४), लेखनाथ पौड्याल (१९४१-२०२२) **मेरो राम वा रामायण सार** (२०११), वासुदेव भट्टराई (१९४५-२०२९) **श्रीमद्वाल्मिकीय रामायण** (भाग १ र २) १९९७, वासुदेव मरासिनी (२००७) **हनुमान चरित्र** (गद्य-२०६९), वाणीविलास पाण्डे **चित्रकूटोपाख्यान** (काव्य-१९७५), शम्भुप्रसाद ढुङ्गेल (१९४६-१९८६) **तुलसीकृत रामायण** (काव्य-१९७६), **रामाश्वमेध** (काव्य-१९७४), शालिग्राम गौतम (१९६५-२००५) **रामाश्वमेद्यकाण्ड** (१९९३), शिवगोपाल रिसाल (१९९४) **श्रीरामनाम** (अध्यात्मकाव्य-२०४७), शिखरनाथ सुवेदी (१९२१-२००५) **रामाश्वमेध काण्ड** (काव्य), सुन्दरानन्द बाडाँ **अध्यात्मरामायण** (सं. कमल दीक्षित), सोमनाथ सिग्द्याल (१९४१-२०२९) **आदर्शराघव** (महाकाव्य-२००५), हरिदयालसिंह हमाल (१९०१-१९६९) **श्रीरामबालविलास** (काव्य), हेमराज ज्ञवाली (१९९५) **हनुमान स्तुति**, हेमवल्लभ पाँडे **अग्निध्र या अग्निवेश्य रामायण** (१९६५) होमनाथ खतिवडा (१९११-१९८४) **रामाश्वमेध-रामायणको आठौं काण्ड ।**

## ३.५ निष्कर्ष

यसरी कविता काव्य लेखनको आधुनिक कालको तेस्रो चरणपछि काव्यको सङ्ख्यात्मकतामा वृद्धि हुनु, अनेक धारा, मोड र प्रवृत्ति विकास हुनु र वर्तमान समयमा कविता एक जल्दोबल्दो विधाको रूपमा उभिन सक्नु एक महत्त्वपूर्ण कुरा हो । कविता पूर्वीय एवं पाश्चात्य साहित्यको प्राचीनतम गरिमामय साहित्यिक विधा हो र यसलाई विविध विद्वान्हरूले आफ्नै ढङ्गले परिभाषित गरेका छन् । प्रस्तुत **सङ्क्षिप्त पद्यरामायण** काव्य पनि कविता विधाको सैद्धान्तिक परिप्रेक्ष्यमा पूर्वीय भावधारामा आधारित भएर लेखिएको, लीलाबद्ध महाकाव्यीय संरचना र गुणको निकटता प्राप्त गरेको कृति हो । **सङ्क्षिप्त पद्यरामायण** काव्यलाई मूल्याङ्कन गर्दा कवि पुष्पराज देवकोटा ईश्वरप्रति असीम भक्तिभाव राख्ने अध्यात्मवादी कवि हुन् । नेपाली साहित्यको प्रारम्भिक कालदेखि प्रयोग हुँदै आएको मूल

भक्तिधारा, मध्यकामा देखिएको गौण भक्तिधारा र त्यसैको अवशेषको रूपमा आधुनिक कालमा देखिएको भक्तिधाराका सशक्त कवि र काव्यका रूपमा देवकोटा र उनको **सङ्क्षिप्त पद्यरामायण**को परिचय रहेको छ ।

यसरी रामकथालाई उपजीव्य मानेर आ-आफ्ना कृतिका माध्यमबाट आत्मसन्तुष्टि लिने र पाठकवर्गलाई समेत सचेत तुल्याउने सन्दर्भमा रामभक्तिधारालाई अविच्छिन्न राखेर परम्परागत भक्तिमार्गलाई निरन्तरता दिने जस्तै पुष्पराज देवकोटा पनि एक हुनु सम्भव छ, आगामी दिनमा पनि रामभक्ति परम्पराका काव्यगाथाहरू लेखिँदै जानेछन् ।

# परिच्छेद : चार

# विधातात्विक दृष्टिले सङ्क्षिप्त पद्यरामायण काव्यको अध्ययन

# परिच्छेद : चार

# विधातात्त्विक दृष्टिले सङ्क्षिप्त पद्यरामायण काव्यको अध्ययन

## ४.१ विषय प्रवेश

प्रस्तुत **सङ्क्षिप्त पद्यरामायण** काव्य चौध लीला र ११५६ श्लोकमा रचिएको पूर्वीय दर्शनमा आधारित काव्य हो । यसमा रस, छन्द, अलङ्कार आदिको प्रयोग गरिएको छ भने आफ्नो मौलिक परम्परा, संस्कार र संस्कृतिमा विशेष जोड दिइएको छ । यसमा राम सीताको प्रेमगाथा, युद्धवर्णन, ऋतुवर्णन, पहाड, पर्वत, समुद्र, नदी, देवता, दानव आदि विषयवर्णनलाई लीलाबद्ध रूपमा समावेश गरिएको छ । आध्यात्मवादबाट प्रेरित कवि पुष्पराज देवकोटाको यो काव्य भौतिकवादी र आध्यात्मवादी दुवैका लागि उत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ ।

### ४.१.१ काव्यको तत्त्वहरू

कुनै पनि वस्तु वा प्राणीको सङ्गठित निर्माणका लागि त्यस आवश्यक अङ्गहरूले भूमिका खेलेका हुन्छन् । तिनै अङ्गहरूलाई नै काव्यको तत्त्व भनिन्छ । नेपाली कविता परम्परामा शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, भावविधान, बिम्बप्रतीक, अलङ्कार जस्ता तत्त्वहरूलाई कविताका तत्त्वका रूपमा हेरिएको छ । कविताका यिनै तत्त्वहरूको तल वर्णन गरिएको छ ।

### ४.१.२ शीर्षक

कविता रचेपछि त्यसलाई दिने नामलाई शीर्षक भनिन्छ । खासमा साहित्यिक कृतिको नाउँ नै शीर्षक हो । कृतिको नाउँले त्यसभित्रको मूल काव्य वा भावविचारसँग सङ्गति कायम गरेको हुनुपर्छ । कविताको शीर्षकले पनि त्यही मुख्य भावविचार वा

कथ्यलाई सार रूपमा समेटेको हुनुपर्छ । शीर्षकबिना कुनै पनि कविताको रचना हुन सक्दैन । अतः शीर्षक कविताको अनिवार्य तत्त्व हो ।[1]

प्रस्तुत शोधको विषय **सङ्क्षिप्त पद्यरामायण** काव्यको कथावस्तु पनि शीर्षक अनुरूप नै रहेको छ । ऐतिहासिक एवं पौराणिक विषयवस्तुमा आधारित काव्यमा राम र सीताको बारेमा पद्यमा वर्णन गरिएको हुँदा यस काव्यको शीर्षक पनि **सङ्क्षिप्त पद्यरामायण** भनेर राखिएको छ र यसमा विशुद्ध **रामायण**कै वर्णन गरिएको छ । सामान्यतया शीर्षक कृतिको भाव वा पात्रको आधारमा राख्ने गरिन्छ । **रामायण**को कथावस्तुको सेरोफेरोमा काव्य घुमेको हुँदा यसको शीर्षक युक्तिसङ्गत नै पाइन्छ ।

### ४.१.३ संरचना

कविताको संरचना भनेको त्यस कविताको सिङ्गो बनोट र बुनोट हो । पङ्क्ति-पङ्क्ति वा पाउ-पाउ मिली अनुच्छेद वा श्लोक बन्नु र श्लोक-श्लोक वा अनुच्छेद-अनुच्छेद र परिच्छेद-परिच्छेद हुँदा वा लीला-लीला मिली एक कविता वा खण्डकाव्य वा महाकाव्य बन्नु अनि अनुच्छेद वा श्लोक वा परिच्छेद वा लीलाका बीच मूल विषयवस्तु, भाव वा विचारको अन्तः शृङ्खला हुनु नै कविता र त्यस कविताका विभिन्न विधागत उपभेदहरूको संरचनागत पक्ष हो ।[2] संरचनाले आख्यानीकरणलाई मजबुत तथा वस्तुनिष्ठ बनाएको हुन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । बाह्य संरचना काव्यको शरीर हो भने आन्तरिक संरचना काव्यको आत्मा हो । यस **सङ्क्षिप्त पद्यरामायण** काव्यको आन्तरिक संरचनामा पौराणिकता झल्कन्छ । रस, छन्द, लय आदिको उचित प्रयोग गरिएको छ । रामजस्तो देवत्व भएको व्यक्तिलाई साधारणीकरण गरेर विश्लेषण गर्नु कवि देवकोटाको विशेषता पाइन्छ ।

### ४.१.४ लयविधान

कविताका निम्ति आवश्यक पर्ने अर्को तत्त्व लय हो । लयको विशेष व्यवस्थाले नै कवितालाई साहित्य वा अन्य विधाबाट अलग्याएको हुन्छ । कवितामा लय सिर्जनाका निम्ति

---

[1] सोमप्रसाद शर्मा, **नेपाली कविता काव्य**, (काठमाडौं : एम.के. पब्लिसर्स, २०६०) पृ. ५ ।
[2] भोजराज ढुङ्गेल र पारसमणि भण्डारी, पूर्ववत्, पृ. ११ ।

छन्दको प्रयोग गरिएको पनि हुनसक्छ र अन्य तरिका प्रयोग गरिएको पनि हुन सक्छ । साधारणतया लय तीनप्रकारको हुन्छ- शास्त्रीय, वार्णिक र मुक्त छन्द । लयको कठोर अनुशासन पालन गरी लेखिने कविता छन्दोबद्ध हुन्छ भने लयको कम अनुशासन पालन गरी लेखिने कविता छन्दमुक्त गद्य कविता हुन्छ । कवितामा लय सिर्जना गर्न साधनहरूमा पङ्क्ति योजना वा पदयोजना, स्वर र व्यञ्जनवर्णको समानता र असमानता, अनुप्रास योजना, शब्द वा हरफ वा अनुच्छेद वा श्लोकको पुनरावृत्ति आदि पर्छन् ।[३]

यसरी कविताको रचना गर्दा लयको विशेष परिस्थिति कायम गरेको हुनुपर्छ । कवि पुष्पराज देवकोटाले विवेच्य काव्यमा विभिनन शास्त्रीय छन्दको प्रयोग गरेका छन् । यसमा गणितीय हिसाबले अनुष्टुप् छन्दका श्लोकहरूको सङ्ख्या अधिक छ । यस काव्यमा रहेको लय मिलेको एउटा उदाहरण यसरी लिइएको छ :-

जानकीका सुनी बात रावण क्रोधमा जली,
रिसले भन्छ ए दुष्टे गयो राम कता चली ? (पृ. ६५/४६)

उपर्युक्त हरफमा अनुष्टुप् छन्दको प्रयोग भएको छ भने जली, चली जस्ता शब्दले गर्दा अन्त्यानुप्रास मिली श्लोक मिठासपूर्ण बनेको छ ।

## ४.१.५ भाषाशैली

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नुछ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो । यस क्रममा भाषा अभिधार्थभन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्दछ । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेरै पनि पद-पदावलीगत, वाक्यगत र अनुच्छेदगत अनेकौं व्यक्तिक्रम र अतिक्रमण समेतबाट भाषाशैलीले बढी व्यञ्जकता, लालित्य र लयात्मकता कवितामा प्राप्त गर्दछ ।[४]

औपचारिक भन्दा स्वाध्ययनद्वारा नै आफ्नो ज्ञान बढाएका कवि पुष्पराज देवकोटा संस्कृत भाषाका सामान्य ज्ञाता हुन् । देवकोटाले यस काव्यमा संस्कृतका तत्सम र तद्भव

[३] सोमप्रसाद शर्मा, पूर्ववत्, पृ. ६ ।
[४] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, (ललितपुर : साझा प्रकाशन, २०६५), पृ. १९ ।

शब्दहरूको प्रयोग गरेको देखिन्छ । कवि अन्त्यानुप्रासमा प्रायः निपुण नै देखिएका छन् । भाषिक पुनरावृत्ति गरेर भए पनि अन्त्यानुप्रासको पालना गरेका छन् । भाषाले यस काव्य त्यति उत्कृष्ट नदेखिए पनि भक्तिभावले समर्पण भएको काव्य हो । यसमा **रामायण**को गहन विषय छ भने छन्द प्रयोग, लीला व्यवस्था, रस संयोजन आदिको व्यवस्था गरिएको छ । यस काव्यमा सरल, सहज र सरस शब्दावलीको प्रयोग भएको छ । कठिन शब्दावलीको त्यति प्रयोग भएको पाइँदैन । यस काव्यमा प्रयुक्त केही शब्दहरूलाई स्रोतको आधारमा छुट्याएको र यसप्रकार अध्ययन गरिएको छ :-

**क) तत्सम शब्दको प्रयोग**

स्रोतका आधारमा संस्कृतबाट जस्ताको तस्तै नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा प्रयोग भएका केही तत्सम शब्दहरू यसप्रकार छन् :-

आग्नि, आसुरी, उत्सव, ऐश्वर्य, औषध, ऋषे, कीर्ति, क्रान्ति, क्रुद्ध, गृह, घृत, तप, स्तुति, दह, दास, दीप, दण्डवत्, दुर्वाच्य, देहपिता, धाम, नित्य, नृप, निषिद्ध, निर्विकारी, पत्नी, पर्वत, पुण्य, पायस, प्रभु, प्रतापी, पुष्पवृष्टि, पुत्री, पुत्रेष्टी, वर, वाणी, विषे, विधि, वधु, बन्धु, वस्त्राभूषण, वृक्ष, भवन, भिक्षा, भूपति, भूति, मण्डप, माथ, मित्र, मुग्ध, मूकविश, मोह, मूत्र, रवि, रात्रि, लवण, लतादि, स्वर्ग, ध्वजा, शैलादि, शुश्रुषा, षड्रस, स्वामी, सकल, सन्ताप, सत्कार, साधु, समीप, सङ्ग्राम आदि पाइन्छ ।

**ख) तद्भव शब्दको प्रयोग**

संस्कृत भाषाबाट अर्थ उही भए पनि शब्दको रूपचाहिँ फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा प्रयोग भएका केही तद्भव शब्दहरू यसप्रकार छन् - अञ्जली, आँसु, काम, खुशी, छाती, छोरा, जेठा, ढोग, तिमी, दूध, नाक, निरन्तर, पुल, बीच, महिना, राजा, लट्ठी आदि शब्दहरू पाइन्छ ।

**ग) आगन्तुक शब्दको प्रयोग**

स्रोतका आधारमा संस्कृत भाषा स्रोत बाहेक त्यस्तै आगन्तुक शब्दमा दरबार, प्यार, खातिर, दिल्लगी आदि छन् ।

**घ) अन्य**

यस काव्यमा उँधो, उँभो, उन्को मन्मा, ऐले, क्वै, गो, गै, तिनोटौ, तेसै, नभै, पैले आदि जस्ता कथ्य भाषाका शब्द प्रयोग भएका छन् भने कविले कतिपय श्लोकहरूमा हलन्त शब्दको पनि प्रयोग गरेका छन्- पुल्, सब्, अन्सार, बखत्, ईश्वर, सञ्चालन्, भरत्, मोज्मजा, मानिस् आदि शब्दहरूमा यो प्रयोग पाइन्छ ।

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यको भाषिक प्रयोग सामान्यतया मध्यम स्तरको रहेको देखिन्छ । कविमा संस्कृत भाषाको प्रभाव रहे पनि यस कृतिमा सरल नेपाली भाषाको प्रयोग नै बढी पाइन्छ । तत्सम, कथ्य, आगन्तुक आदि विविध शब्दहरूको मिश्रणबाट यस काव्यको भाषाशैली सुन्दर बनेको पाइन्छ ।

## ४.१.६ केन्द्रीय कथ्य वा भावविचार

कवितामा कथन गरिएको वा भनीएको विषयवस्तुको सार नै केन्द्रीय कथ्य वा भावविचार हो । कवितामा जीवन-जगत्का विविध पक्षहरू आएका हुन्छन् । ती कविताका अनुभव वा अनुभूति बनेर कविताभित्र पोखिएका हुन सक्छन् । ती कवि मनका वा मानव मनका भाव विचार बनेर प्रकट भएका हुन सक्छन् । यस्ता कविका मनभित्रका भावना वा दृष्टिकोण नै केन्द्रीय भावविचार बनेर उपस्थित हुन पुग्छन् । केन्द्रीय कथ्य वा भावविचार बिना कुनै पनि कविता रचिँदैन ।[५]

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा विशेषगरी श्रीरामप्रतिको असीम भक्तिभावले सिञ्चिएका कवि पुष्पराज देवकोटाले ईश्वरीय सगुण रूपको महिमा गाएका छन् । मर्यादापुरुष श्रीरामलाई नायक बनाइएको यस काव्यमा विशेष गरी आध्यात्मिक चेतना प्रवाहित गर्दै कविले नैतिकता, हिन्दु आदर्श, भ्रातृत्व, आत्मिक प्रेम, मानवीय कर्तव्य आदिको

[५] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** (काठमाडौं : विभुञ्भु प्रकाशन, २०५८), पृ. ८ ।

चित्रण गरी कविताको केन्द्रीय कथ्य बनाएको पाइन्छ । सत्यको विजय र असत्यको पराजय हुन्छ भन्ने प्रतिबिम्ब नै यस काव्यको मूल स्वर हो ।

त्यस्तै कुनै पनि काव्यले पाठकका मनमा रहेका स्थायी भावलाई जगाउन सक्नुपर्छ । यस काव्यको प्रारम्भदेखि नै करुण रस अभिव्यक्त भएको छ । पहिले दशरथ राजाका सन्तान नहुनु, आफ्ना भगवान् जस्ता छोरालाई वनबास पठाउन पर्नु, सीतालाई रावणले हर्नु, पतिपत्नीको वियोग हुनु, अनेक युद्ध, सङ्घर्ष आदि गर्न पर्नु, लोकनिन्दाको डरले रामले सीतालाई स्वीकार नगर्दा सीता धराभित्र पसी यस संसारबाट लीन हुनु जस्ता कारुणिक भावहरू यस काव्यमा समावेश भएका छन् ।

सन्तान नभएर विचलित भएका राजा दशरथले ऋषिहरूको सल्लाह पाई पुत्रेष्टी यज्ञ गर्दा खुसी भएका अग्निले प्रसाद दिएका छन् । जस्तै उदाहरण हेरौं :-

खुसी भएका अग्निले थालीमा पायसै दिए
कौशल्या कैकेयीलाई भागबण्डा गरिदिए । (पृ.. २/६)

मन्थराको कुरा सुनेर आफ्नो चित्त व्याकुल भएकी कैकेयीले राजा सामु आफ्नो विराट र घृणित स्वरूप प्रस्तुत गर्दै यसरी कठोर शब्द बोलेकी छिन् :-

चौध वर्ष बसून् राम जटा पालेर वन्महाँ
राजगद्दी मिलोस् आज मेरो पुत्र भरत्महाँ । (पृ. १८/३४)

आफ्नो मर्यादामा नबस्दा सीतालाई पति वियोग भएको छ । त्यसैले तलको श्लोकद्वारा कविले यसप्रकार सन्देश दिन खोजेका छन् :-

मर्यादामा नबस्नाले जानकी हरिइन् भनी
त्यसकारण मर्यादा ननाघ्नु कहिले पनि । (पृ. ३८/६७)

नारी अस्मिता पतिव्रत धर्ममा अडिग रहेकी सीताले रावणको दुर्वाच्यपूर्ण शब्दहरू सुनी खप्न नसकेर यसो भनेकी छिन् :-

लोकको मान्य हुँ राजा लिँदै यो अभिमानता
हरिस् पतिव्रता नारी तेरो नीति गयो कता । (पृ. १४/४३)

लोकनिन्दाको डरले आफ्नी पत्नी पनि स्वीकार्न नसक्दा राम पत्नी वियोगमा विचलित हुन्छन् र राज्य सबै पुत्रमा सुम्पेर धाम तिर जान्छन् :-

राज्यको भार सुम्पेर कुश पुत्र विषे अनि

धाममा पाल्नु भो राम भाइ भक्त सँगै पनि । (पृ. १३५/१३५)

यसरी यी विविध उल्लिखित भावहरूले **सङ्क्षिप्त पद्यरामायण** काव्यलाई सुन्दर र कसिलो बनाएको छ ।

## ४.१.७ कथनपद्धति

काव्यको कथन गर्ने वा भन्ने पद्धति वा विधिलाई नै कथनपद्धति भनिन्छ । कसका माध्यम वा दृष्टिकोणबाट कविता भनीने हो त्यो नै कथनपद्धति हो । कथनपद्धतिको हिसाबले **सङ्क्षिप्त पद्यरामायण**भित्र सबै लीलाहरू तृतीय पुरुष ढाँचामा लेखिएका छन् । यसमा कविद्वारा सिर्जित अन्य व्यक्तिको अभिव्यक्ति भएको हुनाले यसलाई 'कविनिबद्धवक्तृ प्रौढोक्ति' भनिन्छ । कथनपद्धति पनि काव्यको अनिवार्य तत्त्व हो । कवि आफैँ सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । कथन पद्धतिको आधारमा यस काव्यको कवि प्रोढोक्तिमय कथन भएको एउटा पद्य यसप्रकार रहेको छ :-

अयोध्यामा थिए राजा प्रतापी बुद्धि सागर

ऐश्वर्यी धर्ममा निष्ठा प्रजापालन तत्पर । (पृ. २/१)

यस किसिमका प्रोढोक्तिपूर्ण कथन भएका श्लोकबाट नै प्रस्तुत **सङ्क्षिप्त पद्यरामायण** काव्यको कथावस्तुको सुरुवात गरिएको छ । यहाँ व्यक्तिको नामबाट काव्यको सुरुवात गरिएको हुँदा उक्त काव्य तृतीय पुरुष कथनपद्धतिमा रचना गरिएको छ । यसलाई कविद्वारा सिर्जित अन्य व्यक्तिको अभिव्यक्ति मानेर 'कविनिबद्धवक्तृ प्रौढोक्ति' पनि भनिन्छ ।

## ४.१.८ बिम्ब-अलङ्कार र प्रतीक

कवितामा व्यक्त गरिने भाव विचारलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्न विविध बिम्ब, अलङ्कार र प्रतीकको प्रयोग गरिन्छ । बिम्ब र अलङ्कार भनेका कविता-काव्यको शोभा वा सौन्दर्य बढाउने तत्त्व हुन् । प्रतीक भनेका चाहिँ कुनै वस्तुको काल्पनिक चित्र उपस्थित गर्ने चिह्न हुन् । सर्जकको मानसपटलमा रहेको मानसिक तस्विरलाई समर्पित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[६]

[६] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

यसरी माथि उल्लेखित यिनै तत्त्वहरूको आधारमा **सङ्क्षिप्त पद्यरामायण** काव्यको अध्ययन गर्न सकिन्छ र यसमा विभिन्न किसिमका बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएको पाइन्छ :-

## ४.२ बिम्बविधान

बिम्ब भनेको कविता-काव्यको शोभा वा सौन्दर्य बढाउने तत्त्व हो । बिम्बको प्रयोगले कवितामा सजीव अनुभूतिको आस्वादन गर्नमा सहायता पुऱ्याउँछ । यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा विभिन्न प्रकारका बिम्बहरू रहेका छन् ।

### ४.२.१ प्रेम बिम्ब

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा प्रेम बिम्ब बोकेका पद्यांशहरू पनि रहेका छन् । यहाँ मातापिता, छोराहरूबीचको प्रेम, दाजुभाइबीचको प्रेम, मित्रसँगको प्रेम, पतिपत्नीसँगको प्रेम आदिको वर्णन पाइन्छ । प्रेम बिम्ब बोकेको एक श्लोक यसप्रकार छ :-

लैजाऊ वनमा तिम्ले बरु जान्छु उतैतिर
रहन्न प्राण ता मेरो खप्न सक्तिन यो पिर । (पृ. २१/६२)

प्रस्तुत पङ्क्तिमा राम वनबास जाने बेलामा कौशल्या आफ्नो पुत्रवियोग खप्न नसकी मलाई पनि बरु सँगै वनबास लैजाऊ, यस्तो पिर पऱ्यो भने मेरो प्राण समेत रहने छैन भनेकी छन् । त्यसैले यहाँ मातृवत्सल्य प्रेम बिम्ब प्रयोग भएको छ ।

### ४.२.२ प्राकृतिक बिम्ब

प्रकृतिमा रहेका कुराहरूको वर्णन गर्नु नै प्राकृतिक बिम्ब हो । मानव निरपेक्ष सौन्दर्य सत्ताका रूपमा प्रकृतिलाई अवलोकन गरी त्यसैबाट काव्यमा एउटा सौन्दर्य चेतनाको चित्रात्मकता उपस्थित गर्नु नै प्राकृतिक बिम्ब योजना हो ।[७] प्राकृतिक बिम्ब प्रयोग भएको एउटा श्लोक यसप्रकार छ :-

[७] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. २७ ।

अमिली कागती केरा अमला आँपका फल

वृक्ष शीतल शोभाले देखिन्थ्यो अति निर्मल । (पृ. २७/२१)

प्रस्तुत पद्यमा प्राकृतिक बिम्बका रूपमा आएका अमिली, कागती, केरा, अमला, आँप जस्ता फलफूलका वृक्षले गर्दा प्रकृति सौन्दर्य शोभाले अत्यन्त निर्मल देखिन्थ्यो भन्ने वर्णन गरिएको छ ।

## ४.२.३ आद्भुतिक बिम्ब

स्वैर काल्पनिक लेखनमा प्रायः प्रयुक्त हुने अद्भुत वा डरलाग्दो परिवेशको अभिव्यञ्जना प्रस्तुत गर्ने अकल्पनीय, असाधारण र विलक्षणता समेतको द्योतन गर्ने बिम्बलाई आद्भुतिक बिम्ब भनिन्छ ।[८] **सङ्क्षिप्त पद्यरामायण** काव्यमा राम र रावणको बीच युद्ध हुँदा उत्पन्न भएका डरलाग्दा अवस्थालाई प्रतिबिम्बित गर्ने पङ्क्तिलाई आद्भुतिक बिम्बको उदाहरणको रूपमा उल्लेख गरिएको छ :-

भूमि सिन्धु र शैलादि काँपेथे थर्थरी हुँदै

गिद्ध काक उँभो घुम्थे कुकुर स्याल उँधो रुँदै । (पृ. १०१/६)

लक्षण् अनिष्ट देखिन्थ्यो उल्कापात जतातता

हुन्थ्यो मन्दोदरीलाई चर्को हृदय कम्पता । (पृ. १०१/६)

यहाँ युद्ध हुँदाको भीषण वातावरणलाई भूमि, सिन्धु, शैलादि काँपेकोलाई अनिष्टको लक्षण भनी प्रतिबिम्बित गरिएको छ ।

## ४.२.४ सांस्कृतिक बिम्ब

सामाजिक र सांस्कृतिक रागहरूलाई अभिव्यञ्जित गर्ने बिम्बहरूलाई सांस्कृतिक बिम्ब भनीछ ।[९] हाम्रो नेपाली संस्कारमा पतिलाई नारीको आभूषणको रूपमा हेरिन्छ । त्यसैले सीतालाई छोडी राम वनबास जाने कुरा गर्दा सीताले सांस्कृतिक बिम्ब प्रयोग गरेकी छिन् :-

---

[८] पूर्ववत्, पृ. १२९ ।

[९] पूर्ववत्, पृ. १९७ ।

स्वामी जान्छु म ता साथै सेवा गर्दछु पाउको

बस्नेछु सँगमा नित्य छाया जस्तै हजुरको । (पृ. २३/८०)

यस श्लोकमा पति बिना एक्लै नबस्नु भन्ने धार्मिक संस्कार एवम् नेपाली नारीहरूको जीवनदर्शनको अभिव्यक्ति दिने सांस्कृतिक बिम्बका रूपमा प्रस्तुत पद्य प्रयुक्त भएको पाइन्छ ।

यसरी हेर्दा पुष्पराज देवकोटा बिम्ब प्रयोगका दृष्टिले सामान्य नै रहेका छन् । हुनत हरेक शब्दहरू आफैंमा बिम्बमय हुन्छन् । यस काव्यमा पौराणिक बिम्ब, सामाजिक बिम्ब, प्रकृतिपरक बिम्बहरूको प्रयोग भएको पाइन्छ ।

## ४.३ अलङ्कार प्रयोग

पूर्वीय काव्यशास्त्रमा अलङ्‌कारको विशेष महत्त्व छ । राजशेखरले यसलाई सातौं वेद मानेका छन् । संस्कृत साहित्यमा अलङ्कारको व्युत्पत्ति दुई प्रकारले गरिएको छ - 'अलङ्करोतीति अलङ्कारः' अर्थात् जस्ले सुशोभित गर्छ, त्यही अलङ्कार हो । 'अलङ्क्रितेऽ-नेनेत्यलङ्कारः' अर्थात् शोभापरक वस्तुलाई अलङ्कार भनिन्छ ।[१०]

मूलतः शब्दालङ्कार र अर्थालङ्कार गरी अलङ्कारका दुई भेद छन् । शब्द प्रयोगमा सौन्दर्य र चमत्कार भयो भने शब्दालङ्कार हुन्छ । यसमा अनुप्रास, यमक, श्लेष आदि पर्दछन् भने अर्थालङ्कारमा अर्थमा मात्र सौन्दर्य र चमत्कारको सिर्जना हुन्छ । यसमा उपमा, रूपक, उत्प्रेक्षा आदि पर्दछन् । कविले अलङ्कारको प्रयोगको प्रयास नगरेर साङ्गीतिक मिठास वा श्रुतिमाधुर्यका निम्ति मात्र अलङ्कार तत्त्वको ग्रहण गरेका छन् । यहाँ काव्यमा प्रयोग भएका अलङ्कारको विवरण दिइएको छ :-

### ४.३.१ शब्दालङ्कार

जो व्युत्पत्तिद्वारा शब्दको शोभा बढाउन समर्थ हुन्छन्, ती शब्दालङ्कार हुन् ।[११] शब्दालङ्कार काव्यको शब्दचित्र हो । अलङ्कार शास्त्रहरूमा शब्दालङ्कारका प्रमुख तीन

---

[१०] कृष्णविलास पौड्याल, **साहित्यशास्त्र र नेपाली समालोचना,** पूर्ववत्, पृ. ५८ ।

[११] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश,** पूर्ववत्, पृ. २०१ ।

भेद देखाइएको पाइन्छ । ती तीन प्रकारमध्ये अनुप्रास, यमक र श्लेष अलङ्कार हुन् । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा यी तीन अलङ्कारमध्ये अनुप्रास अलङ्कारको प्रयोग यसरी भएको पाइन्छ :-

**क) अनुप्रास अलङ्कार**

काव्यमा गेयात्मकता प्रदान गर्न अनुप्रास अलङ्कारको महत्त्वपूर्ण भूमिका रहन्छ । समध्वनि वर्णहरूको आवृत्ति अनुप्रास अलङ्कार हुन्छ । अनुप्रासका छेकानुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रास र लाटानुप्रास आदि अनेक उपभेद छन् । अनुप्रास अलङ्कारको एउटा उदाहरण यसप्रकार छ :-

हेर्छु म सजिलै सीता राम टाढा भएपछि,

दिनेछु बदला मैले सम्झन्छु गुण त्यो पछि । (पृ. ३५ ⁄ ४१)

यहाँ छु, छि, छु, छु, छि, को पुनरावृत्ति भएको छ । त्यसैले यहाँ अनुप्रास अलङ्कार पर्न गएको छ । अनुप्रास अलङ्कारका अन्य भेदहरू यसप्रकार रहेका छन् :-

**अ) छेकानुप्रास**

अनेक व्यञ्जनको क्रम एकपटक दोहोरिन गयो भने छेकानुप्रास हुन्छ ।[१२] **सङ्क्षिप्त पद्यरामायण** काव्यको यस श्लोकमा यसरी छेकानुप्रास प्रयोग भएको पाइन्छ :-

तीन ओटी थिए रानी अत्यन्तै प्रेम रुपिणी

कौशल राजपुत्री हुन् रूप सौन्दर्यशालिनी । (२ ⁄ ३)

यहाँ अ, र, रु, श, प व्यञ्जन एकपल्ट मात्र दोहोरिएकोले छेकानुप्रास अलङ्कार भएको हो ।

**आ) वृत्यनुप्रास**

वृत्तिगत एउटा वर्ण वा अनेक वर्णको अनेकपल्ट आवृत्ति भयो भने वृत्यनुप्रास हुन्छ ।[१३] प्रस्तुत काव्यको एउटा श्लोक उदाहरणको रूपमा यसरी प्रस्तुत गरिएको छ :-

[१२] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. ६१ ।

धरणी धानले पूर्ण हरियो सब भागमा

नयाँ बस्त्र लगाएको बधू झैं देखिइन् यहाँ । (४९/८४)

यहाँ ध, य, ब, न वर्णको अनेक पटक आवृत्ति भएको छ ।

**इ) अन्त्यानुप्रास**

पाउको अन्त्यमा समान वर्ण दोहोरियो भने अन्त्यानुप्रास हुन्छ ।[१४] अन्त्यानुप्रास अलङ्कार भएको प्रस्तुत काव्यको एउटा श्लोक यसप्रकार रहेको छ :-

विरसिलो छ त्यो बोली मूर्खको जिह्वाका सरी

बोल्दछन् भ्यागुता ट्वाँ ट्वाँ यौटै स्वर् गरी बेसरी । (४९/८३)

यहाँ एक पाउको अन्तिम अक्षर अर्को पाउको अन्तिम अक्षरका साथ मेल खाएको छ । यस काव्यमा अन्त्यानुप्रास अलङ्कारको संयोजन अधिकांश पद्यमा पाइन्छ ।

**ई) लाटानुप्रास**

शब्द र अर्थको पुनरुक्तिको तात्पर्य मात्रको भेदलाई लाटानुप्रास भनिन्छ । एउटा शब्द सामान्य अर्थ प्रकट गराउँछ र अर्को शब्दले विशेष अर्थ दिन्छ ।[१५] यस काव्यमा यस्ता श्लोकहरू रहेको पाइँदैन ।

## ४.३.२ अर्थालङ्कार

व्युत्पत्तिद्वारा जसले अर्थलाई विभूषित पार्छ त्यो अर्थालङ्कार हो ।[१६] शब्दबाट उत्पन्न हुने अर्थमा मात्र सौन्दर्य र चमत्कार उत्पन्न भयो भने अर्थालङ्कार हुन्छ ।[१७] अर्थालङ्कार सङ्ख्यात्मक रूपले सयौं रहेको पाइन्छन् । विवेच्य काव्यमा प्रयोग भएका अर्थालङ्कारको तल छोटकरीमा विश्लेषण गरिएको छ :-

---

[१३] पूर्ववत्, पृ. ५१ ।
[१४] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. २३६ ।
[१५] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. ६१ ।
[१६] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. २०१ ।
[१७] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. ६५ ।

**क) उपमा अलङ्कार**

दुई पदार्थका बीच भिन्नता भएर पनि समानता स्थापना गरियो भने उपमा अलङ्कार हुन्छ ।[१८] उपमा अलङ्कारमा दुई भिन्न वस्तुको सादृश्य मिलाइन्छ । उपमा अलङ्कारको केही उदाहरण तल प्रस्तुत गरिएको छ :-

**अ) उपमान**

जुन वस्तु वा व्यक्तिसँग दाँजिन्छ वा समानता राखिन्छ त्यसैलाई उपमान भनिन्छ । यसरी दाँजिने वस्तु वा व्यक्ति नै उपमान हो ।

**आ) उपमेय**

उपमा दिन योग्य वस्तु वा व्यक्ति नै उपमेय हो । यस्ता वस्तु वा व्यक्तिको अरू वस्तु वा व्यक्तिसँग समानता देखाउनु नै उपमेय हो ।

**इ) समानता/सादृश्य**

दुई वस्तुमा समानता देखाउने वा बुझाउने शब्दलाई सादृशय भनिन्छ । सरि, झैँ जस्तै आदि शब्दलाई सादृश्य भनिन्छ ।

**ई) वाचक पद**

दुई वस्तु वा व्यक्तिको समानता देखाउने वा बुझाउने गुण वा विशेषतालाई वाचक पद भनिन्छ ।

उपमा अलङ्कारका केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ :-

वर्षामा जलले उर्ली नदी नाला बढे अघि
थाले तोडन मर्यादा कलिका ब्राह्मणै सरी । (पृ. ४८/७९)

बढेका खहरे खोला नदीहरू त्यसै गरी
सुसायो पानीको वेग साँपे सर्प हिँडेसरी । (पृ. ४९/८६)

धरा आनन्दमा बस्थिन् राम राज्य हुँदा जब
लाएकी रेशमी वस्त्र महिला सरि भै सब । (पृ. १२३/२५)

[१८] ऐजन ।

उल्लिखित पङ्क्तिहरूमा वर्षाले गर्दा बढेका खोलानालालाई उपमेय र कलिका ब्राह्मणलाई उपमान, नदि उपमेय र साँपे सर्प उपमान, रामराज्य उपमेय र रेशमी वस्त्र लगाएकी महिला उपमानका रूपमा प्रस्तुत गरेर उपमेय र उपमानहरूका बीच परस्पर समानता देखाइएको पाइन्छ । त्यस्तै साँपे सर्प हिँडेसरी, कलिका ब्राह्मणैसरी, महिलासरी आदिमा यहाँ 'सरी' सादृश्य हो भने वर्षाले बढेका खोलानाला र कलिका ब्राह्मणको एउटै धर्म भनेको मर्यादामा नबस्नु हो, त्यस्तै रामराज्य र रेशमी वस्त्र लगाएकी महिलाको एउटै धर्म भनेको राम्रो हो । यसरी यस काव्यमा उपमा अलङ्कारको प्रयोगमा कवि जुर्मुराउन लागेको अनुभव हुन्छ ।

**ख) उत्प्रेक्षा अलङ्कार**

उपमेयमा उपमानको सम्भावना हुनु नै उत्प्रेक्षा अलङ्कार हो ।[१९] उपमेयमा उपमान आदिको सम्भावना कल्पित गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । प्रस्तुत काव्यमा प्रयोग भएका उत्प्रेक्षा अलङ्कारको उदाहरण यसप्रकार छ :-

सूर्य किरणले मानौँ पारेको जल झैँ गरी
बाँडिदिन्छन् सबै वित्त मेघका रूपले छरी । (७५/५२)

यहाँ जल वर्षा गराउने मेघसँग सूर्यकिरणको सम्भावना गरिएकाले उत्पेक्षा अलङ्कार परेको छ । यसमा मेघ र सूर्यकिरण उपमानोपमेय हुन् भने 'मानौं' वाचक शब्द हो ।

**ग) दृष्टान्त अलङ्कार**

उपमेय वाक्य, उपमान वाक्य र त्यसको साधारण धर्ममा बिम्ब प्रतिबिम्ब भाव भएमा दृष्टान्त अलङ्कार हुन्छ । दृष्टान्तको अर्थ उदाहरण हो ।[२०] दृष्टान्त अलङ्कारको उदाहरण यसप्रकार छ :-

मूर्ख रावणमा अर्ती दिँदा हुन्छ प्रकम्पन ।
दूध पियाउँदा सर्प गर्छ लौ विष वर्धन ॥८५/३९॥

[१९] मोहन हिमांशु थापा, पूर्ववत्, पृ. २४२ ।
[२०] पूर्ववत्, पृ. २४० ।

यस पद्यमा चाहिँ जसरी मूर्खलाई अर्ती दिँदा रिसले कम्पन हुन्छ, त्यस्तै सर्पलाई दुध पियाउँदा विष बगाउँछ भन्ने दृष्टान्त दिइएको छ र यो दृष्टान्त दुई वाक्यमा बाँडिएको हुनुका साथै यो उपमा अभिधेय नभई गम्यमान हुन्छ ।

## ४.४ प्रतीक प्रयोग

बिम्बको उद्देश्य पाठकको सामु भाव वा विचारलाई मूर्तमान बनाएर वा मूर्तीकरण गरेर त्यसलाई अझ संवेद्य बनाउनु हो भने प्रतीकको उद्देश्य भाव वा विचारलाई सङ्केतित गर्नु मात्र हो ।[२१]

प्रतीकात्मक प्रयोगमा एउटै शब्द वा शब्दचित्रले एकभन्दा बढी अनुभूति वा विचारको समन्वित रूप प्रस्तुत गर्दछ । प्रतीक प्रयोगको सबैभन्दा उर्वर क्षेत्र कविता मानिन्छ । यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा राम भावनात्मक संयम, त्याग, कृत्रिमता र कठोरता, सत्यवादी, पौरखीका प्रतीकका रूपमा रहेका छन् । यस काव्यकी नायिका सीता भावनात्मक सहजता, कोमलता, सुशील र पतिव्रता नारीको प्रतीकको रूपमा देखा पर्छिन् । त्यस्तै गरी, शूर्पणखा, खर, दूषण, कुम्भकर्ण, इन्द्रजित, रावण आदि षड्यन्त्रकारीहरूको प्रतीकको रूपमा भरत, लक्ष्मण, शत्रुघ्न, विभीषण आदि साहसका प्रतीकका रूपमा, त्यस्तै मानवेतर पात्रहरू हनुमान, सुग्रीव, अङ्गद, नील, नल, जाम्बवान आदि पनि साहसी एवम् पुरुषार्थी पात्रको प्रतीकको रूपमा देखा परेका छन् ।

विभीषणले रावणलाई मनको घमण्ड छोडी सीतालाई राममा सुम्पेर आनन्दसँग बस भनी सम्झाउँदा रावणमा रिसको ज्वाला दन्किन्छ । यसै क्रममा विभीषणले भनेको श्लोक तल प्रस्तुत गरिएको छ :-

मूर्ख रावणमा अर्ती दिँदा भयो प्रकम्पन
दूध पियाउँदा सर्प गर्छ लौ विषवर्धन । (८५/३९)

यहाँ मूर्खलाई अर्ती दिनु भनेको सर्पलाई दुध खुवाएर विष नै बने जस्तो हो भन्ने प्रतीकात्मक अर्थ लगाइएको छ । हनुमानले रावणको अहम्ता देखेर यसो भनेका छन् :-

---

[२१] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. ४४ ।

सूर्य किरणले जम्मा पारेको जल झैँ गरी

बाँडिदिन्छन् सबै वित्त मेघका रूपले छरी । (७५/५२)

यहाँ सूर्यको किरणले जम्मा गरेको जल सबै समान रूपले पृथ्वीमा छरे झैँ असल राजाले सबै जनतामा समान व्यवहार गर्नुपर्छ भन्ने प्रतीकात्मक अर्थ लगाइएको छ ।

## ४.५ निष्कर्ष

यसरी प्रस्तुत काव्यमा प्रतीकात्मक रूपमा भन्दा पनि प्रायः सोझै रूपमा कथावस्तुको वर्णन गर्न खोजिएको पाइन्छ । विधातात्त्विक दृष्टिले **सङ्क्षिप्त पद्यरामायण** काव्यमा सबै तत्त्वहरूको प्रयोग सबल नै रहेको छ । कविले व्यक्तिका लागि आवश्यक आत्मज्ञान विविध तत्त्वको माध्यमबाट सरल र सरस भाषामा व्यक्त गरेका छन् । यसमा बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग गरिएको छ । कथावस्तु अनुसारको शीर्षक, संरचना, सरल भाषाशैली, तृतीय पुरुष कथनपद्धतिमा प्रस्तुत काव्यको समग्रता अटेको पाइन्छ ।

## ४.६ सङ्क्षिप्त पद्यरामायण काव्यमा छन्दको प्रयोग

कवि भावलाई स्वर र व्यञ्जन वर्णका ह्रस्व र दीर्घको स्वरूपलाई गणमा मिलाएर राख्ने एक प्रकारको व्यवस्थित योजना छन्द हो ।[२२]

कवि पुष्पराज देवकोटाले विवेच्य काव्यमा विभिन्न शास्त्रीय छन्दको प्रयोग गरेका छन् । यस काव्यमा शार्दूलविक्रीडित, स्रग्धरा, शालिनी, अनुष्टुप, वसन्ततिलका, मालिनी गरी छ वटा छन्दको प्रयोग गरिएको छ, जसमध्ये शार्दूलविक्रीडित छन्दको तिनवटा श्लोक, स्रग्धरा छन्दको दुईवटा श्लोक शालिनी छन्दको तिनवटा श्लोक, वसन्ततिलका छन्दको तिनवटा श्लोक, मालिनी छन्दको एउटा श्लोक बाँकी रहेको १२५ श्लोकहरू अनुष्टुप् छन्दमा रहेका छन् । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा रहेको छन्द प्रयोगलाई तालिकामा यसरी देखाउन सकिन्छ :-

[२२] नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरू,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. ११ ।

## सङ्क्षिप्त पद्यरामायण काव्यमा रहेको छन्द प्रयोग

### तालिका सङ्ख्या-१

| लीला सङ्ख्या | पृ.सं. | छन्दको प्रकार | श्लोक सङ्ख्या |
|---|---|---|---|
| १ | २-८ | अनुष्टुप्/शालिनी | ६१/१ |
| २ | ९-१४ | अनुष्टुप्/शालिनी | ५२/१ |
| ३ | १५-२४ | अनुष्टुप्/स्रग्धरा | ८७/१ |
| ४ | २५-३० | अनुष्टुप् | ५२ |
| ५ | ३१-३८ | अनुष्टुप् | ८० |
| ६ | ४०-५० | अनुष्टुप्/शार्दूलविक्रीडित | ८९/१ |
| ७ | ५१-५९ | अनुष्टुप्/वसन्ततिलका | ७३/१ |
| ८ | ६०-६९ | अनुष्टुप् | ८७ |
| ९ | ७०-८० | अनुष्टुप्/वसन्ततिलका | ९०/१ |
| १० | ८१-८९ | अनुष्टुप्/शार्दूलविक्रीडित | ७०/१ |
| ११ | ९०-१०० | अनुष्टुप्/वसन्ततिलका | ९०/१ |
| १२ | १०१-११० | अनुष्टुप्/शालिनी | ८७/१ |
| १३ | १११-१२० | अनुष्टुप्/शार्दूलविक्रीडित | ८८/१ |
| १४ | १२१-१३६ | अनुष्टुप्/मालिनी | १३६/१ |

यसरी **सङ्क्षिप्त पद्यरामायण** काव्यमा १४ लीलाहरू रहेका छन्, यो १३६ पृष्ठमा विस्तारित छ । यस काव्यको प्रथम लीलामा ६१ श्लोक अनुष्टुप् र एउटा श्लोक शालिनी छन्दमा रहेको छ । दोस्रो लीलामा ५२ श्लोक अनुष्टुप् छन्द र एउटा श्लोक स्रग्धरा छन्दमा रहेको छ । तेस्रो लीलामा ८७ श्लोक अनुष्टुप् छन्द र २ वटा श्लोक स्रग्धरा छन्दमा, चौँथो लीलामा ५२ श्लोक अनुष्टुप् मात्र रहेका छन् । पाँचौँ लीलामा ८० श्लोक अनुष्टुप् छन्दमा, छैटौं लीलामा ८९ श्लोक अनुष्टुप् र एउटा श्लोक शार्दूलविक्रीडित छन्दमा रहेका छन् । सातौं लीलामा ७३ श्लोक अनुष्टुप् र एउटा श्लोक वसन्ततिलका छन्दमा छन् भने आठौं लीलामा ८७ श्लोक अनुष्टुप् छन्दमा रहेका छन् । नवौं लीलामा ९० श्लोक अनुष्टुप् र एउटाशलोक वसन्ततिलका छन्दमा रहेका छन् भने दशौं लीलामा ७० श्लोक अनुष्टुप् छन्दमा र एउटा श्लोक शार्दूलविक्रीडित छन्दमा रहेका छन् । एघारौं लीलामा ९० श्लोक

अनुष्टुप् छन्दमा र एउटा श्लोक वसन्ततिलका छन्दमा छन् भने बाह्रौं लीलामा ८७ श्लोक अनुष्टुप् छनदमा र एउटा श्लोक शालिनी छन्दमा रहेका छन् । त्यसै गरी तेह्रौ लीलामा ८८ श्लोक अनुष्टुप् छन्दमा र एउटा श्लोक शार्दूलविक्रीडित छन्दमा, चौधौं लीलामा १३६ श्लोक अनुष्टुप् र एउटा श्लोक मालिनी छन्दमा संरचित छ । यसरी १५६ श्लोकमध्ये ११४५ श्लोक अनुष्टुप् छन्दमा, स्रग्धरा छन्दमा दुईवटा, शालिनी छन्दमा दुई वटा, शार्दूलविक्रीडित छन्दमा तीनवटा, वसन्ततिलका छन्दमा तीनवटा र मालिनी छन्दमा एउटा श्लोक रहेका छन् ।

यसमा गणितीय हिसाबले अनुष्टुप् छन्दका श्लोकहरूको सङ्ख्या अधिक छ । चौध लीलामा संरचित यस काव्यको छन्द संयोजनलाई यसप्रकार वर्णन गरिएको छ :-

## ४.६.१ अनुष्टुप् छन्द

यस छन्दको प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । विषम पाउको सातौं अक्षर गुरु हुन्छ । त्यस्तै सम पाउको सातौं वर्ण लघु हुन्छ । प्रत्येक पाउमा पाँचौ अक्षर लघु र छैटौं अक्षर गुरु हुन्छ ।[२३] यसमा अरू छन्दमा जस्तो गण व्यवस्था हुँदैन । अनुष्टुप् छन्दमा रहेका केही उदाहरण तल प्रस्तुत गरिएको छ :-

यसै गरी बिताएर बाल लीला गरीकन
आयो कौमारको बेला भयो लीला नयाँ झन । (३/१५)

जानी सत्कार पूजा भो राम लक्ष्मणको पनि
जन्म सफल भो मेरो आज भाग्य खुल्यो भनी । (९/६)

कुनैको मनमा बाधा थिएन लोकमा कतै
जस्तो जस्तो थियो इच्छा उस्तै पूर्ण थियो सबै । (१२१/६)

यहाँ प्रत्येक पाउमा आठ अक्षर छन् । पहिलो पद्यको विषम पाउको सातौं अक्षर गुरु छ भने सम पाउको सातौं अक्षर लघु छ । यसमा प्रत्येक पाउको पाँचौं अक्षर लघु र छैटौं अक्षर गुरु छ । त्यसैले यहाँ अनुष्टुप् छन्द छ ।

दोस्रो पद्यको सम पाउको सातौं अक्षर 'पूजा' को 'जा' लघु हुनुपर्नेमा गुरु भएको छ । त्यस्तै तेस्रो पद्यको 'मनमा' को 'मा' लघु हुनुपर्नेमा गुरु भएको छ, त्यसैले जहाँ अनुष्टुप् छन्द भए पनि छन्दोभङ्ग भएको छ ।

---

[२३] मोहन हिमांशु थापा, पूर्ववत्, पृ. २६० ।

यसरी यस काव्यमा सङ्ख्यात्मक रूपमा अनुष्टुप् छन्दमा धेरै श्लोकहरूको योजना गरिएको छ । अनुष्टुप् छन्दको सफल संयोजनले प्रस्तुत काव्य मिठासपूर्ण बनेको छ ।

### ४.६.२ शार्दूलविक्रीडित छन्द

शार्दूलविक्रीडित छन्दको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू हुन्छन् । यस काव्यमा शार्दूलविक्रीडित छन्द भएका ३ वटा पद्यहरू रहेका छन् । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा प्रयोग भएका शार्दूलविक्रीडित छन्दका पद्यको उदाहरण तल प्रस्तुत गरिएको छ :-

नीतिपूर्वक राज्यशासन गरी बस्दा रघुनाथले
देखिन्थे जनता त्रसीत सब ती दुर्नीतिका भीतिले
मिल्थ्यो इच्छित वस्तु जेजति पनि श्रीरामका भक्तिले
हुन्थे सब जनता प्रफुल्ल मनका रामचन्द्रका शक्तिले । (१२०/८९)

यस पद्यमा नीतिको 'ति' वर्ण, गुरु हुनुपर्ने लघु, रघुको 'घु' गुरु हुनुपर्नेमा लघु, त्रसीतको 'सी' लघु हुनुपर्नेमा गुरु, पनिको 'नि' गुरु हुनुपर्नेमा लघु, रामचन्द्रको 'म' गुरु हुनुपर्नेमा लघु भएको छ । त्यसैले यहाँ यी वर्णहरूमा छन्दोभङ्ग भएको छ ।

शार्दूलविक्रीडित छन्दमा गणको स्थिति र क्रम तथा यतिविधान निम्नानुसार हुन्छ :-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण - | म | स | ज | स | त | त | गु |
| गणचिह्न - | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

यतिविधान - बाह्रौं र उन्नाइसौं वर्णन ।

मर्का पार्छ सदा प्रजाहरूमहाँ संसारका भोजमा
सारा डुल्छ र भुल्छ जो जन सधैँ त्यो चिजका खोजमा
यस्ता मानिसमा अवश्य परला आखिर पिर् शोकको
त्यसकारण गरि धर्मपालन सदा सेवा गरौं रामको । (८९/७४)

यस पद्यमा पनि प्रजाहरूको 'रू' लघु हुनुपर्नेमा गुरु, चिजको 'चि' गुरु हुनुपर्नेमा लघु, आखिरको 'खि' गुरु हुनुपर्नेमा लघु भएको छ, त्यसैले यहाँ पनि छन्दोभङ्ग भएको छ । व्याकरणगत नियम पालन गर्दा यस्तो हुन गएको हो ।

### ४.६.३ स्रग्धरा

**सङ्क्षिप्त पद्यरामायण** काव्यमा यही एउटा मात्र स्रग्धरा छन्दको मात्र प्रयोग भएको छ ।

ब्रह्माका प्रेरणाले सरस्वति सहसा मन्थरामा बसेर
थालिन् वाक् जाल रच्न कैकेयीकन उता राममा रिस् धरेर
कैकेयीलाई दोषी गरि रघुपतिले जानुभो राज्य छाडी
पूरा कर्तव्यतामा बुधजन कसरी पर्दथे र पछाडि । (पृ. २४/८८)

माथिको पद्यमा सरस्वतिको 'ति' गुरु हुनुपर्नेमा लघु, रच्नको 'न' गुरु हुनुपर्नेमा लघु, कैकेयी 'यि' लघु हुनुपर्नेमा गुरु भएको छ ।

यसमा २१ अक्षरको एक पाउ हुन्छ । पाउको प्रत्येक सातौं अक्षरमा यति हुन्छ । यस छन्दको लक्षण यसप्रकार छ :-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण - | म | र | भ | न | य | य | य |
| गणचिह्न - | ऽऽऽ | ऽ।ऽ | ऽ।। | ।।। | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

यतिविधान- सातौं अक्षरमा

यहाँ बसेर को 'र' धरेर को 'र' पछाडिको 'डि' गुरु हुनुपर्नेमा लघु भएको छ, त्यस्तै लाईको 'ई' लघु हुनुपर्नेमा गुरु भएको छ, त्यसैले यी वर्णहरूमा पनि छन्दभङ्ग भएको छ ।

### ४.६.४ शालिनी छन्द

शालिनी छन्दको प्रत्येक पाउमा ११-११ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम यस्तो हुन्छ :-

| | | | | | |
|---|---|---|---|---|---|
| गण - | म | त | त | गु | गु |
| गणचिह्न - | ऽऽऽ | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

यस काव्यमा प्रथम लीलाको अन्तमा बाह्रौं लीलाको अन्तमा र बाह्रौं लीलाको अन्तमा दुईवटा श्लोकमा मात्र यस छन्दको प्रयोग भएको छ । उक्त श्लोकहरू यसप्रकार रहेका छन्:-

जुन् जुन् बेला धर्म ग्लानि भएर

पाप्को प्रकट हुन्छ तेस्तै भएर

गीताजिमा प्रस्ट नै छ तयारी

अवतार् लिन्छन् राम नै निर्विकारी । (८/६२)

गर्छन् जस्ले राममा भक्तिभाव

त्यस्ता भक्त विश्वमा छन् अभाव

यस्तो सम्झी रामको पाउ पर्नू

संसारबाट सजिलै पार तर्नू । (पृ. ११०/८८)

यहाँ गीताजि 'जि', प्रकटको 'क' गुरु हुनुपर्नेमा लघु भएको हुनाले छन्द भङ्ग भएको छ । त्यस्तै ग्लानि 'नि' गुरु हुनुपर्नेमा लघु, प्रकटको 'प्र', 'ट' गुरु हुनुपर्नेमा लघु, गीताजीको 'जि' गुरु हुनुपर्नेमा लघु छ, अवतारको 'र', भक्तको 'क्त', संसारको 'र' र 'ट' सजिलैको 'स' गुरु हुनुपर्नेमा लघु भएको छ । त्यसैले यहाँ छन्दोभङ्ग भएको छ ।

## ४.६.५ वसन्ततिलका

वसन्ततिलका छन्दको प्रत्येक पाउमा १४-१४ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम तथा यतिविधान यस्तो हुन्छ :-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गण - | त | भ | ज | ज | गु | गु |
| गणचिह्न - | ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ।ऽ। | ऽऽ |

यस काव्यमा रहेका वसन्ततिलका छन्द प्रयोग गरिएका श्लोकहरू यसप्रकार छन् :-

विद्वान् छु भन्छ तर गर्दछ नीच कर्म

यस्तै छ लोक सब नै नलिएर शर्म

लक्ष्मणजीले लिनुभयो सब सार उस्को

थियो रहस्य जति रावणले कहेको । (पृ. १००/९१)

जप्छन् सदैव जसले रघुनाथलाई

पुग्छन् ति धाम भवसिन्धु तरेर भाइ

ती भक्त माथि प्रभुले दिनुहुन्छ मान

तर्ने समुन्द्र कपिको गरुँ के बयान । (पृ. ५९/७४)

माथिको श्लोकमा थियोको 'थि' गुरु हुनुपर्नेमा लघु भएको छ । व्याकरणगत नियमपालना गर्दा प्रायः सबै भन्दमा छन्दोभङ्ग भएको छ ।

## ४.६.६ मालिनी छन्द

मालिनी छन्दको प्रत्येक पाउमा १५-१५ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम यस्तो हुन्छ :-

| | | | | | |
|---|---|---|---|---|---|
| गण - | न | न | भ | य | य |
| गणचिह्न - | ||| | ||| | ऽऽऽ | |ऽऽ | |ऽऽ |

यस काव्यको चौधौं लीलाको अन्तमा मात्र मालिनी छन्दको यो पद्य प्रयोग गरिएको छ :-

जसरी भए पनि श्रीराममा चित्त दिनू

सङ्कट जति परेनि त्यो सबै सहिदिनू

अचल मन गराई राम सेवा गरेर

दुःख बहुल संसार जान्छ पारी तरेर । (१३६/१३७)

यहाँ पनि जसरीको 'री', भएको 'ए', दिनुको 'दि', सङ्कटको 'स' गुरु हुनेपर्ने र दुःखको 'दु' लघु हुनुपर्नेमा गुरु भएको छ । सहिको 'स' गुरु हुनुपर्नेमा लघु भएको छ । यस श्लोकमा पनि छन्द भङ्ग भएको छ ।

यसरी प्रस्तुत काव्यमा यिनै छन्दहरूको प्रयोग भएको पाइन्छ । यस ग्रन्थका छन्द प्रयोगलाई शास्त्रीय छन्दका नियमबाट भन्दा छन्दको श्रुतिमधुरता, उच्चारण विधान भावनाको लयात्मकता र प्रवाहमयताका दृष्टिले हेनु उचित देखिन्छ । यहाँ कविका तर्फबाट बोलिएको अन्तिम श्लोकहरू पनि भिन्नभिन्नै छन्दमा लेखिएको छ । यहाँ व्याकरणीत अशुद्धि प्रचुर मात्रामा नभए तापनि मर्यादित ढङ्गले व्याकरणलाई मिच्न चाहिँ खोजिएको प्रतीत हुन्छ । तर पनि यो पद्य व्याकरणको सीमा बाहिर भने छैन । यस काव्यमा कविले छन्द प्रयोगका क्रममा अपनाएका तरिकाहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :-

ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व पारिएको छ । हलन्तलाई अजन्त र अजन्तलाई हलन्त बनाइएको छ । जस्तै :-

जुन् जुन् बेला धर्म ग्लानि भएर

पाप् प्रकट हुन्छ त्यस्तैभएर । (८/६२)

यहाँ न्, न्, प् अन्त हुनुपर्नेमा हलन्त भएको छ । त्यस्तै दशरथ्, राम्, अवतार्, खबर् जस्ता शब्दहरू अजन्त हुनुपर्नेमा हलन्त भएको छ । त्यस्तै अर्को श्लोक :-

गरनु राष्ट्रको रक्षा दुष्ट कण्टक फ्याँकदै

नित्य भूपतिले बस्नु विकास उच्च पारदै

यहाँ फ्याँकदैको 'क' पारदैको 'र' हलन्त हुनुपर्नेमा अजन्त भएको छ ।

यसरी यस काव्यमा बढी अनुष्टुप् जस्तो सरल छन्द सलल बगेकाले यहाँ कविको अभिव्यक्ति कण्ठित पार्नुपरेको देखिँदैन ।

## ४.७ सङ्क्षिप्त पद्यरामायण काव्यमा रससंयोजन

काव्य सौन्दर्यका रूपमा रहने रसको तात्पर्य यस्तो रमणीय र आह्लादकारी अनुभूतिसँग हुन्छ, जसले मानव हृदयमा कुनै न कुनै तरल भाव संवेदनालाई जगाओस् ।[२४] रसवादको महिमा पूर्वीय साहित्यमा सर्वाधिक छ । ध्वनिवादले रसध्वनिलाई प्रमुखता दिएर रसको माहात्म्यलाई उठाइदिएको नै देखिन्छ । रस शब्दको अनेकार्थी प्रयोगबाट समेत रसको व्यापकता सिद्ध हुन जान्छ । पूर्वीय आचार्यहरूले रसलाई आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् ।

आचार्य विश्वनाथले **साहित्यदर्पण**मा उल्लेख गरे अनुसार रसपूर्ण वाक्य नै काव्यको आत्मा हो भनेका छन् ।[२५] यद्यपि पूर्वीय आचार्यहरूले रसको उपेक्षा कहिल्यै गरेका छैनन् । साहित्य शास्त्रको इतिहासमा रसवादी धारा सबभन्दा जेठो मानिन्छ । रसवादीहरू रसलाई काव्यको आत्मा वा प्राण मान्दछन् । रस विभिन्न भावहरू- विभाव, अनुभाव र सञ्चारी भावको संयोगद्वारा अभिव्यक्त स्थायी भाव सम्मिलित प्रयत्नबाट उद्बुद्ध चैतन्य विशेष हो र त्यो आनन्दमय हुन्छ । त्यसैले मनलाई प्रभावित पार्ने काव्य नै श्रेष्ठ हुन आउँछ ।

---

[२४] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** चौथो संस्करण,(ललितपुर : साझा प्रकाशन, २०६१), पृ. १८ ।
[२५] राममणि रिसाल, **नेपाली काव्य र कवि,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ६ ।

रसभावको प्रस्तुतिका सन्दर्भमा पुष्पराज देवकोटाले आफ्नो **सङ्क्षिप्त पद्यरामायण** काव्यमा विविध रसहरूको संयोजन गरेको पाइन्छ । यस काव्यमा करुण रस, प्रधान रसको रूपमा रहेको छ । काव्यको सुरुवातदेखि नै प्रायः करुण रसप्रधान भावहरू यस काव्यमा रहेका छन् भने शृङ्गार, रौद्र, भयानक, वीभत्स, वीर र शान्त रस आदि सहायक रसको रूपमा यस काव्यमा रहेका छन् । यस काव्यको पात्रहरू आलम्बन विभाव र ती पात्रको स्थान, काल, चेष्टा नै उद्दीपन विभाव र विरह अनुरोध, आग्रह सम्झना, मोह, हर्ष, चिन्ता, क्रोध, ग्लानि आदि सञ्चारी भावको रूपमा अभिव्यक्त भएको देखिन्छ । प्रस्तुत काव्यमा विभिन्न प्रसङ्गमा व्यक्त भएका रसको अध्ययन गरिएको छ ।

## ४.७.१ शृङ्गार रस

परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको एक अर्काको प्रेमको वर्णन भएमा शृङ्गार रस हुन्छ । प्रस्तुत काव्यमा राम र सीताको स्वयम्बर पश्चात, राम सीताको पुनर्मिलन पश्चात्, वनबास जाने प्रसङ्ग आदिमा शृङ्गार रसको प्रयोग भएको पाइन्छ । शृङ्गार शब्द शृङ्ग र आरबाट बनेको हो । यसको स्थायी भाव रति वा प्रेम हो । शृङ्ग धातुको अर्थ कामोद्रेक हो । यसरी कामोद्रेक अवस्थाबाट प्राप्ति नै शृङ्गार हो । शृङ्गार रसका दुई भेद छन्- सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार ।[२६] एक अर्काको रूप सौन्दर्यबाट आसक्त भएका सीता रामको रति भाव कविले यसरी व्यक्त गरेका छन् :-

वधू र वरको चेष्टा देखिन्थ्यो मुग्ध त्यो धरी
भयो आनन्दको वार्ता बर्स्यो मङ्गलको झरी । (पृ. ११/२६)

यस श्लोकमा वधु र वर आलम्बन विभाव छन् । एक अर्काप्रति आकर्षित भई उनीहरूको हाउभाउ, चेष्टा मुग्ध हुनु, एक आपसमा वार्ता गर्नु आदि अनुभाव हुन्, त्यसैले एकआपसमा विभिन्न चेष्टा सहित मुग्ध भई आनन्दसँग कुरा गर्नु, मायाप्रेम साटासाट गर्नु नै यहाँ रतिको रूपमा प्रकट भएको पाइन्छ । त्यसैले यहाँ शृङ्गार रस उत्पन्न भएको छ ।

राम वनबास जाने क्रममा सीताले म पनि हजुरसँगै जान्छु, हजुर बिना म एकछिन पनि रहन सक्दिन भनी पति भक्तिले ओतप्रोत भएकी सीताले रति स्थायी भाव यसरी व्यक्त गरेकी छिन् -

---

[२६] मोहन हिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत्, पृ. २२० ।

स्वामी जान्छु मता साथै सेवा गर्दछु पाउको

बस्नेछु सँगमा नित्य छाया जस्तै हजुरको । (पृ. २३/८०)

आफ्नो पतिकै सधैँ सेवा गर्नु, सँगै साथ रहनु जस्ता क्रियाकलापले पनि एक आपसमा शृङ्गारिकता उत्पन्न हुन्छ । त्यसैले यस श्लोकमा रति वा प्रेम झल्किएको पाइन्छ ।

बिछोडिएका राम र सीताको पुनर्मिलन भए पश्चात्को समयलाई कविले यसरी व्यक्त गरेका छन् :-

बसदा रामका बायाँतर्फमा जानकी अनि

देखियो अति नै शोभा सीता र रामको पनि । (१०८/७१)

यस श्लोकमा पनि पतिपत्नी आलम्बन विभाव हुन् भने पतिको सेवा गर्नु, एकआपसमा सँगै रहनु, माया गर्नु, पतिपत्नीको जोडी आयन्त शोभापरक देखिनु अनुभाव हुन् । आफ्नो श्रीमान् श्रीमतीसँगै बस्दा देखिने शोभापरक दृश्यले पनि एकप्रकारको रति वा प्रेम झल्कन्छ । त्यसैले यी श्लोकहरूमा शृङ्गार रसको प्रकट भएको पाइन्छ । यसरी विविध प्रसङ्गमा यहाँ शृङ्गार रसको प्रयोग भएको छ । यी सबै श्लोकबाट रति स्थायी भाव व्यक्त भएको हुनाले माथिका यी पद्यहरूमा शृङ्गार रसको अभिव्यक्ति भएको छ ।

## ४.७.२ करुण रस

प्रियजनको वियोग, तिनको विपत्ति देखेर वा सुनेर वा विनाश देखेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ, जसले सहृदयको अन्तर्मनमा वासना वा संस्कारको रूपमा सुषुप्त अवस्थामा रहेको शोक स्थायी भावलाई जगाएर रसावस्थासम्म पुऱ्याई सहृदयलाई अलौकिक आनन्द प्रदान गर्दछ । त्यसैलाई करुण रस प्रधान कृति भनिन्छ ।[२७] राम वनबास जाने क्रममा आफ्नी आमासँग बिदा माग्दा आफ्नो छोराप्रतिको ममता खप्न नसकी कौशल्याले भाव व्यक्त गर्दा भएको करुण रसको उदाहरण यसप्रकार छ:-

लैजाऊ वनमा तिम्ले बरु जान्छु उतैतिर

रहन्न प्राण तर मेरो खप्न सक्तिन यो पिर । (पृ. २१/६२)

[२७] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना,** (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. १११ ।

यस श्लोकमा कौशल्या आलम्बन विभाव हुन् भने परिवारजनमा विछोड हुनु, वनजङ्गलमा जानु दुःख पाउनु उद्दीपन विभाव हो । पिर खप्न नसक्नु, प्राण जानु भन्नु आदि अनुभाव हुन् । यी सबै कुराबाट शोक नामक स्थायी भाव व्यक्त भएको हुनाले यस पद्यमा करुण रसको अभिव्यक्ति भएको छ ।

सीतालाई खोज्दै जाने क्रममा रावणको अशोक वाटिकाको अशोकको फेदमा रहेकी सीताप्रति हनुमानले यसरी शोकभाव यसरी व्यक्त गरेका छन्ः-

धुलो, मैलो थियो ज्यान भोकी दुब्ली थिइन् बरा
थिएन आफ्नो कोही दुष्ट बाहेक को छ र ? (पृ. ६३/३०)

यस श्लोकमा सीता आलम्बन विभाग, धुलो, मैलो, भोकी, दुब्ली हुनु उद्दीपन विभाव हो भने दुःख पाउनु, आफ्नो कोही नहुनु, चिन्ता ग्लानि आदि हुनु सञ्चारी भाव हुन् । यी सबैबाट शोकनामक स्थायी भाव व्यक्त भएको छ र अन्तमा करुणरस परिपुष्ट भएको छ ।

मातासरी भाउजुलाई रामले जङ्गलमा लगेर छोडी आउनु भनेपछि लक्ष्मणमा उत्पन्न भएको शोकभाव यसरी व्यक्त भएको छ :-

बज्रबाण सरी वाक्य शिरमा थापी रामको
मान्दै धिक्कार निस्कीए मुटु माड्दै विषादको । (पृ. १३०/८६)

यस श्लोकमा लक्ष्मण आलम्बन विभाव हो । बज्रबाण सरी वाक्य सहनु, परिवारसँग छुट्टिनु आदि अनुभाव हो भने धिक्कार मान्दै मुटु माड्नु, विषाद आदि पर्नु सञ्चारी भाव हो । यसरी यहाँ शोकभाव व्यक्त भएकाले यस पद्यमा करुण रसको सञ्चार भएको छ ।

यसरी यी अनुभाव, विभाव, सञ्चारी भाव आदिद्वारा माथिका यी श्लोकहरूमा करुण रसको उत्पन्न भएको छ ।

## ४.७.३ रौद्र रस

आत्मीयजनको अपमान, इज्जतमा आँच आउनु, आफन्तको बध आदि अनिष्ट कार्य भएमा रौद्र रसको अभिव्यक्ति हुन्छ । रौद्र रसको स्थायी भाव क्रोध हो । अर्काकी पत्नी हरेर लग्ने रावणलाई रिसले चुर हुँदै हनुमानले भनेका पद्यमा क्रोध यसरी प्रकट भएको छ :-

अब ता आउँछन् राम तिम्रो यो कुल नाशन
गर्धन् काटेर चाँडै नै गर्ने छन् धर्मरक्षण । (७६/५५)

यहाँ विरोधी रावण आलम्बन विभाव हो भने गर्धन काट्नु, नाश गर्ने, धर्मको रक्षा गर्नु उद्दीपन विभाव हुन् । यी सबै उत्पन्न क्रोध स्थायी भाव हो भने अभिव्यक्ति रस रौद्र हो ।

यहाँ मूर्ख रावण आलम्बन विभाव हो भने लड्नु, शोक गर्नु, जोस निकाल्नु आदि उद्दीपन विभाव हो । यी सबैबाट रावणमा उत्साह उत्पन्न भएको छ र वीररस अभिव्यक्त भएको छ । भिक्षुकले कुकुरलाई लट्ठी हान्दा कुकुर रामको शरणमा पर्दै आफ्नो क्रोध यसरी व्यक्त गरेको छ :-

भाँचौला लठ्ठीले ढाड सजाय उस कालमा
पाउला कष्ट त्यो बेला यही इच्छा छ चित्तमा । (पृ. १२८/७०)

यहाँ कष्ट दिनु, ढाड भाच्नु उद्दीपन विभाव हो भने इच्छा-आकाङ्क्षा आदि सञ्चारी भाव हुन् ।

## ४.७.४ भयानक रस

भय भावना सञ्चार गराउनेलाई भयानक रस भनिन्छ । यसको स्थायी भाव भय हो । यसरी यी विविध भावद्वारा क्रोध स्थायी भाव भएका यी श्लोकहरूमा रौद्र रसको अभिव्यक्ति भएको छ ।[२८] जहाँ करुणा हुन्छ, त्यहाँ त्यो उत्पन्न गर्ने त्रासद पक्ष पनि हुन्छ । त्यसैले काव्यमा भयानक रसको अभिव्यक्ति स्वभाविक हुन्छ । हनुमानले लङ्कामा आगलागी गराउँदा उत्पन्न भयानक रसयुक्त श्लोक यसप्रकार छ :-

दन्कियो सब त्यो लङ्का ज्वाला थ्यो लप्लपाउँदा
कोलाहल भयो लङ्का राक्षसी सब् कराउँदा । (७८/७२)
घरघरै बल्यो आगो दन्केको छ दनादन
बाल वृद्ध मरे सादा नसक्ने जति भागन । (७८/७३)

यहाँ लङ्काबासी आलम्बन विभाव हुन् । आगोको ज्वाला लप्लपाउनु, घरघरै आगो दन्किनु उद्दीपन विभाव हुन्, भने कोलाहल हुनु, कराउनु, भाग्न नसक्नु आदि अनुभाव हुन् । यी सबै कारणले भय स्थायी भाव सम्पन्न भएको हुँदा यहाँ भयानक रस उत्पन भएको छ ।

---

[२८] मोहन हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. २२५ ।

## ४.७.५ वीभत्स रस

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति वीभत्स रस हो । वीभत्स रसको स्थायी भाव घृणा ।[२९] रामले कुम्भकर्णलाई बाण हान्दा उत्पन्न भएको घृणा भाव कविले यसरी व्यक्त गरेका छन् :-

फेरि काटिदिँदा खुट्टा घँस्रदै मुख बाउँदै

काटियो आउँदा शीर्ष मर्‍यो निल्न नपाउँदै । (९२/२०)

यहाँ कुम्भकर्ण आलम्बन विभाव हो । खुट्टा काट्नु, घस्रनु आदि उद्दीपन विभाव हुन् भने मुख बाउनु अनुभाव हो । यसरी तयार भएको घृणा भावबाट वीभत्स रसको अभिव्यक्ति भएको छ । त्यस्तै रामले रावणलाई मार्दा उत्पन्न भएको वीभत्स रस कविले यसरी व्यक्त गरेका छन् :-

बाणद्वारा दशै शिर काटियो क्रमले गरी

भैंमा गिरे सबै शिर जिब्रो टोकेर बेसरी । (१०२/१२)

यसरी यहाँ वीभत्स घटना भएको हुँदा वीर रसको उत्पत्ति भएको छ । यहाँ बाणद्वारा काटिएको रावण आलम्बन विभाव हो । भैंमा गिर्नु उद्दीपन विभाव हो भने जिब्रो टोक्नु, घृणा उत्पन्न हुने गरी काटिनु आदि अनुभाव हो । यी सबै कारणबाट व्यक्त हुने स्थायी भाव घृणा हो, त्यसैले यहाँ वीभत्स रस प्रकट भएको छ ।

## ४.७.६ वीर रस

युद्ध, दया, दान, धर्मसम्बन्धी कार्यमा विशेष उत्साह भयो भने वीर रसको उत्पत्ति हुन्छ । यिनै कार्य अनुसार वीर रसका चार प्रकार छन् - युद्धवीर, दयावीर, दानवीर र धर्मवीर आदि ।[३०] वीर रसको स्थायी भाव उत्साह हो । रामले शिवको धनुमा ताँदो चढाई देखाएको उत्साहलाई कविले यस काव्यमा यसरी प्रस्तुत गरेका छन् :-

ताँदो चढाउँदा खेरी भाँचियो धनु त्यो धरी

भयो आवाज तेस बेला मेघ नै गर्जिए सरी । (१०/१५)

---

[२९] ऐजन ।

[३०] कृष्णविलास पौड्याल, **साहित्यशास्त्र र नेपाली समालोचना,** पूर्ववत्, पृ. २५ ।

यहाँ राम आलम्बन विभाव हो । ताँदो चढाउनु शक्तिपूर्वक काम गर्नु उद्दीपन विभाव हो भने मेघ गर्जिए सरी आवाज आउनु अनुभाव हो । यसैले यहाँ उत्साह स्थायी भावद्वारा वीर रसको अभिव्यक्ति भएको छ । सीताको खोजमा जान लागेका हनुमानको वीरता यसरी व्यक्त भएको छ :-

लङ्का जान हनुमान उफ्रिँदा वायुवेगले

कपिका पाउले गर्दा धसियो गिरी जोडले । (पृ. ५९/७३)

यहाँ हनुमान वायुवेगले उफ्रनु आलम्बन विभाव हो, भने बलवान पाउले गिरी नै धसिनु अनुभाव हो । उफ्रनु र लात हान्नु उद्दीपन विभाव हुन् । यी सबै कारणबाट उत्साह स्थायी भाव व्यक्त भई वीर रसको सञ्चार भएको छ ।

जानकी पुत्र लव-कुशमा उत्पन्न भएको वीरतापूर्ण कार्यलाई यस काव्यमा यसरी व्यक्त गरिएको छ :-

खेल्दा देखेर पक्रिए अश्व जानकी पुत्रले

तम्सीए ती दुवै वीर लड्न तयार भै रहे । (१३४/११९)

अश्व, जानकीपुत्र र चन्द्रकेतु आलम्बन विभाव हुन् । एक आपसमा लड्न तयार हुनु, घोडा पक्रनु उद्दीपन विभाव हुन् । यसरी उत्पन्न हुने उत्साह भावद्वारा वीर रस अभिव्यक्त भएको छ ।

हनुमानलाई मार्न भनी उसको पुच्छरमा आगो लगाउँदा झन् उल्टै हनुमानले आफ्नो वीरता देखाएको एक श्लोक यसप्रकार छ :-

एक् एक् गरेर छानामा राँको पुच्छरधारी

घुमे ती हुनमान् वीर बाले आगो छरी छरी । (७७/७१)

यहाँ हनुमान आलम्बन विभाव हुन् । राँको पुच्छरमा सल्कनु, छाना-छाना घुम्नु उद्दीपन विभाव हो, आगो छरी छरी हिँड्दा पनि आफूलाई केही नहुनु अनुभाव हो । यी विभिन्न कारणबाट यहाँ उत्साहपूर्ण कार्य गरेको हुँदा वीर रसको अभिव्यक्ति भएको छ ।

युद्धमा कुम्भकर्ण पनि मर्‍यो भन्ने सुनेपछि रावणमा एकदम उत्साह उत्पन्न भएको छ, जसलाई कविले यसरी प्रस्तुत गरेका छन् :-

कुम्भकर्ण मर्‍यो भन्ने सुनेर अति शोकले

जान्छु लड्न भनी आयो मूर्ख रावण जोसले । (९२/२१)

## ४.७.७ शान्त रस

शान्त रसको स्थायी भाव शम वा शान्ति हो । सांसारिक अनित्यता र निस्सारताको बोधबाट उत्पन्न हुने वैराग्य, चित्तवृत्ति शान्त रस हो । शान्त रस प्रयुक्त भएका यस काव्यको श्लोकहरू यहाँ प्रस्तुत गरिएका छन् । आफ्नो पति वियोगमा छट्पटिएकी मन्दोदरीलाई रामले यसरी सम्झाएका छन् :-

जन्मने मर्छ यो जान जाँदैन दिन सो मरी

जान्छन् सबै ढिलो चाँडो कालका वसमा परी । (१०४/३१)

यहाँ मन्दोदरी आलम्बन विभाव हुन् । जन्म-मृत्युको चर्चा गर्नु, आफ्नो दिन आइपुगेपछि सबै संसार छोडेर जान पर्नु आदि यसमा उद्दिपनको रूपमा रहेका छन् । अतः शमस्थायी भावात्मक शान्तरसको उपस्थिति रहेको छ ।

राजकुमार भएर पनि वनबास जानु परी भोग्न परेको पीडालाई भूली राममा उत्पन्न शान्त भाव यसप्रकार छ :-

कन्दमूल फलाहार गर्दै शान्त बनीकन

घुम्दथे वनमा राम मुनिमा प्रेम लीकन । (३२/१७)

यहाँ राम आलम्बन विभाव हुन् । कन्दमूल फलाहार गर्दै शान्त बनी घुम्नु उद्दीपन विभावको रूपमा रहेको छ । यसैले शमस्थायी भाव भएको शान्तरस प्रकट भएको छ ।

रामले राज्य गरेपछि भरतमा उत्पन्न भएको शान्त भाव यसप्रकार छ :-

बिसाए राज्यको भार रामका पाउमा जब

मनमा जो थियो चिन्ता गयो शान्ति मिल्यो सब । (१११/७)

यहाँ भरत आलम्बन विभावको रूपमा रहेको छ भने चिन्ता छाड्नु, शान्तिसँग बस्नु, पाउमा पर्नु आदि उद्दीपन विभावको रूपमा रहेको छ । यिनै विविध भावद्वारा माथिको श्लोकमा शमस्थायी भाव व्यक्त भएकाले शान्त रसको उत्पन्न भएको छ । यसरी अन्त्यमा रामको राज्य व्यवस्थाको वर्णन गर्दै शान्त रसको संयोजनबाट नै यो काव्य टुङ्गिएको छ ।

## ४.८ निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा राम र सीताको चरित्र चित्रण गर्दै समाजमा भएको र हुँदै गरेको विकृति समेतलाई औंल्याएर कविले प्राचीन संस्कृतिको सम्मान गरेका छन् ।

मानवजीवन क्षणिक छ, यसको गन्तव्यको यथार्थ ज्ञान नपाए निश्चित लक्ष्यसम्म पुग्न सकिँदैन । अनुशासनहीन समाज स्थापित हुन र सत्चरित्र नभएमा सामाजिक र आध्यात्मिक चेतना हुन सक्दैन भन्ने विचारबाट प्रेरित काव्यकार देवकोटाले यस काव्यमा विभिन्न अलङ्कार, रस, छन्दद्वारा काव्य सिंगारेका छन् । व्यक्तिका लागि आवश्यक आत्मज्ञान सरल भाषामा व्यक्त गरेका छन् । नेपाली साहित्यको क्षेत्रमा छन्दको प्रयोग गरेर काव्य रचना गर्न सक्ने व्यक्तिहरू औंला भाँचेर गन्न सकिने परिस्थितिमा छन्द प्रयोग गरी काव्य रचना गरेर काव्य स्रष्टाहरूमा उत्साह थप्ने काम कवि देवकोटाले गरेका छन् । रस काव्यको आत्मा मानिन्छ । काव्यकार देवकोटाले कुशल तरिकाले रसको संयोजन गरी शान्तरस प्रधान यस काव्यमा आफ्नो काव्यकारिता प्रदर्शन गरेका छन् ।

# परिच्छेद : पाँच

# सङ्क्षिप्त पद्यरामायण काव्यको विश्लेषण र मूल्याङ्कन

**परिच्छेद : पाँच**

# सङ्क्षिप्त पद्यरामायण काव्यको विश्लेषण र मूल्याङ्कन

## ५.१ कवि पुष्पराज देवकोटाको काव्यगत प्रवृत्ति र विशेषता

नेपाली कविता काव्यको क्षेत्रमा कवि पुष्पराज देवकोटा परिष्कार उन्मुख कविका रूपमा प्रस्तुत हुने चेष्टा गरेका छन् । उनका धेरै काव्यकृति प्रकाशन हुन नसके तापनि प्रकाशित कृतिहरूकध्ये **सङ्क्षिप्त पद्यरामायण**को आधारमा उनको काव्यगत प्रवृत्तिको निरूपण गर्न सकिन्छ । आध्यात्मिक चिन्तनका पारखी पुष्पराज देवकोटा वृद्धावस्थामा काव्य रचना गरेर कम ख्याति कमाएका कवि हुन् । हरेक स्रष्टाका आफ्नै किसिमका रचनागत प्रवृत्तिहरू रहेका हुन्छन्, जसलाई उनीहरूका कृतिमा पाउन सकिन्छ । यहाँ पुष्पराजका काव्यगत प्रवृत्तिलाई उनको काव्यको आधारमा प्रस्तुत गरिएको छ ।

### ५.१.१ विषयवस्तुगत प्रवृत्ति

कुनै पनि काव्यको महत्त्वपूर्ण पक्ष विषयवस्तु हो । ऐतिहासिक पौराणिक, धार्मिक, प्राकृतिक, सामाजिक जस्ता कुनै न कुनै विषयवस्तु काव्यमा समावेश भएका हुन्छन् । पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्य पनि हाम्रो प्रसिद्ध धार्मिक एवम् पौराणिक ग्रन्थ **रामायण**को कथावस्तुमा आधारित छ । यस काव्यमा परम्परागत विषयवस्तु, सांस्कृतिक, सामाजिक, नैतिक, प्राकृतिक, धार्मिक आदि चेतना समावेश भएको पाइन्छ ।

### ५.१.२ रसभावगत प्रवृत्ति

रस वा भावले काव्यलाई आह्लाद प्रदान गरेको हुन्छ । काव्य सन्दर्भमा रसको तात्पर्य यस्तो रमणीय र आह्लादकारी अनुभूतिसँग छ, जसले मानवहृदयमा कुनै न कुनै

तरलभाव संवेदनालाई जगाओस् ।[1] काव्यका माध्यमबाट कुनै कुरो जतिसुकै सीप लगाएर र जतिसुकै सिंगारपटार पारेर भनीएको होस् तर जे भनीएको छ, त्यसले हाम्रो मानसमा संस्कार रूपमा अवस्थित कुनै चित्तवृत्ति विशेषलाई उद्बुद्ध पारेर हामीलाई हार्दिक पारितोष प्रदान गर्न सक्दैन भने त्यसले हाम्रो अन्तस्करणलाई छुन पनि सक्दैन । त्यसैले पूर्वीय आचार्य विश्वनाथले रसलाई काव्यको आत्मा मानेका छन् । कवि पुष्पराज देवकोटाले पनि आफ्नो **सङ्क्षिप्त पद्यरामायण** काव्यमा शृङ्गार, शान्त, वीर, करुण, वीभत्स, रौद्र, भयानक आदि जस्ता रसहरूको प्रयोग गरेको पाइन्छ । यसैले सङ्क्षिप्त पद्यरामायण रसभावमय प्रवृत्ति भएको काव्य हो ।

### ५.१.३ लयगत प्रवृत्ति

लय काव्यको मुटु हो भने साङ्गीतिकता प्रदान गर्ने काव्यिक तत्त्व पनि हो । लयले काव्यलाई सुमधुर बनाउँछ । लयको विशेष व्यवस्थाले नै कवितालाई साहित्यका अन्य विधाबाट अलग्याएको हुन्छ ।[2] कवितामा लय सिर्जनाका निम्ति छन्दको प्रयोग गरिएको पनि हुन सक्छ तर यस ग्रन्थमा छन्द प्रयोगलाई शास्त्रीय छन्दका नियमबाट भन्दा छन्दको श्रुतिमधुरता, उच्चारण विधान, भावनाको लयात्मकता र प्रवाहमयताका दृष्टिले हेर्नु उचित हुने देखिन्छ । यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा धेरैजसो अनुष्टुप् छन्दको प्रयोग भएको पाइन्छ भने कतै छन्द मिलाउने क्रममा व्याकरणगत नियमको पालना खस्किएको पनि पाइन्छ ।

### ५.१.४ संरचनागत प्रवृत्ति

कविताको सिङ्गो बनोट र बुनोट (कला) दुवै नै कविताको संरचनाभित्र पर्दछ । संरचना दुई किसिमका हुन्छन्- आन्तरिक र बाह्य । संरचना कविताको अनिवार्य तत्त्व हो र कविताको संरचना प्रगीतात्मक, आख्यानात्मक, नाटकीय र प्रयोगात्मक हुन्छ ।[3] पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्य जम्मा चौध लीलामा संरचित छ । यसमा रहेको

---

[1] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** पूर्ववत्, पृ. १८ ।
[2] सोमप्रसाद शर्मा, पूर्ववत्, पृ. ५ ।
[3] ऐजन, पृ. ६ ।

विषयगत प्रस्तुति, लीलाविधान कथाको वर्णन विवरण आदिले महाकाव्यको गरिमालाई छोएको महसुस हुन्छ ।

## ५.१.५ भाषाशैलीगत प्रवृत्ति

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्दछ, त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो ।[४] कुनै पनि काव्यिक भावलाई अभिव्यक्त गर्ने सफल माध्यम नै भाषा हो । कवि पुष्पराजको **सङ्क्षिप्त पद्यरामायण** काव्यमा कतै कोमल तत्सम शब्द र कतै मौलिक नेपाली शब्दहरूको सम्मिश्रणबाट काव्य सरल र सरस बन्न पुगेको छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । कवि देवकोटाको काव्यमा सरल र सहज भाषाशैलीको समायोजन भएको पाइन्छ । छन्द योजना, रस संयोजन, अन्त्यानुप्रासको संयोजन, सङ्क्षिप्तता तर पूर्णता आदि उनको शैलीगत प्रवृत्ति देखिएको छ ।

नेपाली साहित्यको क्षेत्रमा चर्चित हुन नसकेका कवि पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्यको आधारमा उनको काव्यगत प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) पौराणिक प्रख्यात कथावस्तुमा सम्भाव्य परिवेशको संयोजन गरी मौलिकताको नजिक पुऱ्याउने चेष्टा,

ख) धार्मिक, नैतिक चेतना एवम् ईश्वरप्रतिको आस्था,

ग) धार्मिक एवं पौराणिक विषयवस्तुको र पात्रहरूको प्रयोग,

घ) पौराणिक कथाका आधारमा आफ्नो आध्यात्मिक चेतना प्रवाहित गर्दै नैतिकता, हिन्दु आदर्श, भातृत्व, आत्मिक प्रेम एवं मानवीय कर्तव्यको शिक्षा र सन्देश दिने प्रयास,

ङ) बहुपात्र संयोजन, विविध छन्द, रस आदिको स्थानुकूल योजना,

च) श्रुतिमधुरता, लयात्मकता, प्रवाहमयताको संयोजन,

[४] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ. १९ ।

छ) पूर्वीय हिन्दुदर्शनको पालना गर्दै आध्यात्मिक चेतनाको प्रकटीकरण ।

यसरी पुष्पराज देवकोटाको काव्यगत प्रवृत्तिलाई **सङ्क्षिप्त पद्यरामायण** काव्यले अनुशरण गरेको छ । काव्यको विषयवस्तु, कवितालेखन, सहज सम्प्रेष्य शैली, धार्मिक एवं पौराणिक विषयवस्तुको वर्णन आदिले कविलाई सुन्दर कवित्व शैली प्रदान गरेको छ ।

## ५.२ सङ्क्षिप्त पद्यरामायण काव्यको पृष्ठभूमि

परिमाणात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा पुष्पराजको काव्यिक उच्चता विशिष्ट नै रहन प्रयासरत देखिन्छ । परिष्कारवादी प्रवृत्ति अनुरूपको प्रकृतिचेतना, अध्यात्मवादी चेतना, समाजसुधार र नैतिक उपदेश, आत्मिक प्रेम र मानवीय कर्तव्यको सम्प्रेषण गर्नु उनको काव्यिक विशेषता देखिन्छ । उनले लेखेका महाकाव्यहरूमध्ये **सङ्क्षिप्त पद्यरामायण**ले नै उनको कवित्व मूल्याङ्कित गर्दछ ।

कवि पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** वृद्ध अवस्था भइसकेपछि नै लेखिएको काव्य कृति हो । सु-प्रसिद्ध धार्मिक ग्रन्थ **रामायण**को भावानुवादको रूपमा रहेको यस ग्रन्थमा कविले आफ्नो भावनाहरूलाई समेत व्यक्त गरेको पाइन्छ । **रामायण**को कथावस्तुमा आधारित भए पनि पुष्पराजको संरचनात्मक तथा वर्णन कौशलले मौलिकताको आभास पाउन सकिन्छ । विषयवस्तुगत प्रस्तुति, लीला योजना आदिले महाकाव्यिक उचाइलाई स्पर्श गर्न खोजेको भए तापनि यो काव्य कै रूपमा सीमित रहेको छ ।

**सङ्क्षिप्त पद्यरामायण** काव्यको संरचना, आख्यानीकरण, पात्रविधान, कथोपकथन, परिवेशचित्रण, विषयवस्तुको प्रयोग आदि कोणबाट गरिने विश्लेषण र मूल्याङ्कनलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ५.२.१ संरचना

संरचना भनेको कृतिको बुनोट हो । कृतिको समग्र आयाम वा आकार-प्रकारमा एवम् समग्रमा कृतिभित्रका उपकरणहरू वा वस्तु सन्दर्भहरूका समष्टिगत स्वरूप नै संरचना हो । कृतिको संरचनालाई बाह्य र आन्तरिक गरी दुई प्रकारमा विभाजन गर्न

सकिन्छ । त्यसै अनुरूप **सङ्क्षिप्त पद्यरामायण** काव्यको संरचनालाई संरचनाका आधारमा दुई प्रकारमा विभाजन गरिएको छ - (क) बाह्य संरचना र (ख) आन्तरिक संरचना ।

### ५.२.१.१ बाह्य संरचना

कविताको बनोटको बाहिर देखिने पङ्क्ति वा पाउ, श्लोक वा अनुच्छेद, परिच्छेद वा लीलाको रचनालाई कविताको बाह्य संरचना भनिन्छ ।[५] बाह्य संरचना भन्नु काव्यको शरीर हो । स्वस्थ र तन्दुरुस्त शरीरले एकातिर बाह्य सौन्दर्य बढाउँछ भने अर्कातिर आन्तरिक स्वस्थताको पनि अवगत गराउँछ । यस दृष्टिले **सङ्क्षिप्त पद्यरामायण** कृतिको बाह्य संरचनालाई हेर्दा यो ठूलो आकारको काव्यको रूपमा लिन सकिन्छ । कृतिको अग्रपश्च दुवैतिर बाक्लो कागजको आवरण पृष्ठ लगाइएको छ । अगाडिको आवरण पृष्ठको बाह्य भागमा कृतिको नाम ठूलो अक्षरमा र तलपट्टि लेखकको नाम सानो अक्षरमा लेखिएको छ भने नाम बाहेक अरू भागमा **रामायण**को कथावस्तुसँग सम्बन्धित राम, लक्षण, सीता र अनुमानको तस्वीर राखिएको छ । जसले **रामायण**को कथावस्तुलाई निर्देशित गरेको छ । यस काव्यको पश्च भागको आवरण पृष्ठमा लेखक परिचय राखिएको छ । लेखकको नाम, जन्ममिति, मातापिताको नाम, ठेगाना, प्रकाशित कृति, प्रस्तुत कृति, प्रकाशोन्मुख कृति, राम, लक्ष्मण, सीता, हनुमान आदिको मधुरो तस्वीर, कविको तस्वीर, उनको अर्को काव्य **सूक्ष्म वेदान्त दर्शन** (२०६५) मा रहेको एक श्लोक आदि सम्बन्धित विवरण उल्लेख गरिएको छ ।

भूमिकाभन्दा अगाडिका पृष्ठमा पहिलोमा समर्पित खण्ड, दोस्रोमा कृति र लेखकको नाम र तेस्रो पृष्ठमा प्रकाशन सम्बन्धी विवरण दिइएको छ । यस विवरणबाट कृतिको नाम, लेखक, प्रकाशिका, सर्वाधिकार, प्रकाशन वर्ष छ । छापिएको प्रति, कम्प्युटर, टङ्कण, मुद्रण, प्राप्ति स्थान र मूल्य, सम्पर्क ठेगाना आदि कुराहरू थाहा पाउन सकिन्छ ।

काव्यको कथावस्तुलाई १५४ पृष्ठसम्म विस्तार गरेको देखिन्छ । जसमध्ये १३६ पृष्ठसम्म **रामायण**को विस्तार रहेको छ, जुन चौधौं लीलासम्म विभाजन गरिएको छ । यो चौध लीलाभित्र पनि पहिलो लीलामा बैसट्ठी, दोस्रोमा त्रिपन्न, तेस्रोमा अठासी, चौथोमा बाउन्न, पाँचौंमा असी, छैटौंमा एकानब्बे, सातौंमा चौहत्तर, आठौंमा सतासी, नवौंमा

---

[५] सोमप्रसाद शर्मा, पूर्ववत्, पृ. ६ ।

एकानब्बे, दसौंमा चौहत्तर, एघारौंमा एकानब्बे, बाह्रौंमा सतासी, तेह्रौंमा उनान्नब्बे र चौधौंमा एकसय सैतीस श्लोक गरी जम्मा एक हजार एक सय छपन्न श्लोकहरू रहेका छन् ।

पुष्पराजको **सङ्क्षिप्त पद्यरामायण** काव्यमा लीलाहरूमा श्लोकहरूको सङ्ख्या समान देखिँदैन । कुनै लीलाहरूमा थोरै मात्र श्लोकसङ्ख्या रहेका छन् भने कुनैमा धेरै श्लोकहरू रहेका छन् । सबैभन्दा कम श्लोकसङ्ख्या बाउन्न र सबैभन्दा धेरै श्लोकसङ्ख्या एकसय सैंतिस रहेको पाइन्छ ।

कुनै पनि काव्यमा यति नै लीला वा श्लोक सङ्ख्या हुनुपर्छ भन्ने उल्लेख भएको पाइँदैन तर पनि छोटो र मीठो काव्य नै पढ्न आकर्षक हुन्छ । **सङ्क्षिप्त पद्यरामायण** महाकाव्यीय संरचना भएको जस्तै देखिए पनि यसलाई यही नै काव्य हो भनेर नामाकरण गरिएको छैन ।

यस काव्यका हरेक लीलाहरू एक आपसमा आबद्ध देखिन्छन् । हरेक लीलाहरूमा विविध भाव र रसहरू रहेका छन् । चौधौं लीलामा एकहजार एक सय छपन्न श्लोकको कलेवर पाएर काव्यले आफ्नो शारीरिक सुगठन प्रदर्शित गरेको छ । संरचनाका आधारमा कवितालाई आख्यानात्मक नाटकीय, प्रगीतात्मक गरी ती वर्गहरूमा वर्गीकरण गरेको पाइन्छ । आख्यानात्मक संरचनामा आबद्ध कवितामा कथवस्तु, चरित्र, परिवेश आदिको विस्तृत एवं व्यापक वर्णन हुन्छ । यसको कथावस्तु परम्परित प्रसिद्ध घटनामा आधारित वा कविकल्पित एवम् नवीन हुन सक्छ । छोटकरीमा कथात्मकतायुक्त विशिष्ट लयात्मक संरचनालाई आख्यानात्मक कविता भनिन्छ ।[६] द्वन्द्वात्मकता, संवेदात्मकता र दृश्यात्मकतायुक्त विशिष्ट लयात्मक संरचनालाई नाटकीय कविता भनिन्छ ।[७] अर्को शब्दमा कविद्वारा आफ्ना अनुभूतिको प्रस्तुति नभएर अन्य व्यक्तिका भावनाहरूको अभिव्यक्ति गरिएका कवितालाई नाटकीय कविता भनिन्छ । कविका आफ्ना विचार र अनुभूतिका बारेमा लेखिएको कविता प्रगीतात्मक कविता हो ।[८] प्रगीतात्मक कवितामा प्रेम, मृत्यु, प्रकृति, धर्म तथा घरायसी, सामाजिक र राजनैतिक सन्दर्भहरूजस्ता अनुभवका कुनै पनि

[६] खगेन्द्रप्रसाद लुइटेल र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** पूर्ववत्, पृ. ५४ ।
[७] पूर्ववत्, पृ. ४४ ।
[८] पूर्ववत्, पृ. ५८ ।

पक्षहरूको वर्णन गर्न सकिन्छ । यसरी आख्यानात्मक संरचना अन्तर्गत खण्डकाव्य, महाकाव्य, नाटकीय संरचना अन्तर्गत नाटक र प्रगीतात्मक संरचना अन्तर्गत फुटकर कविता पर्दछन् ।

पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्य कविताको आख्यानात्मक संरचना अन्तर्गत पर्दछ । यसमा कथावस्तु, चरित्र, परिवेश आदिको वर्णन गरिएको छ भने कथावस्तु कविकल्पित नभएर परम्परित प्रसिद्ध घटनामा आधारित भएको पाइन्छ । यस काव्यमा भाव वा विचारमा कथात्मक विस्तार स्थूल कथात्मक, व्यापक परिवेश, प्रतिनिधिमूलक चरित्र चित्रण, पात्रहरूको अनिवार्यता आदि जस्ता गुणहरूले युक्त भएकोले यो कविताको आख्यानात्मक संरचना अन्तर्गत पर्दछ । **सङ्क्षिप्त पद्यरामायण** काव्यको बाह्य संरचनालाई तालिकामा यसरी देखाउन सकिन्छ :-

**सङ्क्षिप्त पद्यरामायण काव्यको बाह्य संरचना**

**तालिका सङ्ख्या-२**

| लीला सङ्ख्या | पृ. सङ्ख्या | लीलागत पृ.सं. | ठूलो | सानो | नौ पृ. | दश पृ. | एघार पृ. | छ पृ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २-८ | ७ | - | - | - | - | - | | - |
| २ | ९-१४ | ६ | - | √ | - | - | - | √ | - |
| ३ | १५-२४ | १० | - | - | - | - | - | - | - |
| ४ | २५-३० | ६ | - | √ | - | - | - | √ | - |
| ५ | ३१-३९ | ९ | - | - | - | - | - | - | - |
| ६ | ४०-५० | ११ | - | - | - | - | √ | - | - |
| ७ | ५१-५९ | ९ | - | - | √ | - | - | - | - |
| ८ | ६०-६९ | १० | - | - | - | √ | - | - | - |
| ९ | ७०-८० | ११ | - | - | - | - | √ | - | - |
| १० | ८१-८९ | ९ | - | - | √ | - | - | - | - |
| ११ | ९०-१०० | ११ | - | - | - | | √ | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | १०१-११० | १० | - | - | - | √ | - | - | - |
| १३ | १११-१२० | १० | - | - | - | √ | - | - | - |
| १४ | १२१-१३६ | १६ | √ | - | - | - | - | - | - |

यसरी **सङ्क्षिप्त पद्मरामायण** काव्यमा चौध लीला र एक सय छत्तिस पृष्ठ रहेको छ । यसमा सबैभन्दा ठूलो लीलागत पृष्ठसङ्ख्या सोह्र रहेको छ भने सबैभन्दा सानोमा छ पृष्ठ रहेको छ । अरू नौ, दश, एघार पृष्ठहरूमा रहेको छ । यिनै लीलागत सङ्ख्या, लीलागत पृष्ठ सङ्ख्या आदि नै यस काव्यको बाह्य संरचना हो ।

## ५.२.१.२ आन्तरिक संरचना

काव्यको आत्माका रूपमा आन्तरिक संरचनालाई स्विकारिएको पाइन्छ । कविताको सिङ्गो बनोट र बुनोट (कला) दुवै नै कविताको संरचनाभित्र पर्छ, बनोट कविताको बाह्य संरचना हो ।[९] बाह्य संरचना र आन्तरिक संरचनालाई एक सिक्काका दुई पाटाका रूपमा लिन सकिन्छ । त्यसैले दुवै संरचनामा अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । संरचनात्मक कसीमा राखेर हेर्दा आन्तरिक संरचनालाई बाह्य संरचनाभन्दा महत्त्वपूर्ण मानिन्छ ।

**सङ्क्षिप्त पद्मरामायण** काव्यको आन्तरिक संरचना भनेको एकदेखि चौधौँ उठानमा छरिएर रहेका अनुभूतिहरूको समष्टिगत संरचना नै हो । यसमा कथावस्तुको समुचित समायोजना छन्द, रस, लय आदिको प्रयोग गरिएको छ ।

## ५.३ आख्यानीकरण वा कथावस्तु

पुष्पराज देवकोटा नेपाली साहित्यमा योगदान पुऱ्याउने एक रामभक्त कवि हुन् भन्ने कुरा उनको प्रस्तुत **सङ्क्षिप्त पद्मरामायण** काव्यको अध्ययनबाट अवगत हुन्छ । प्रस्तुत काव्यमा पौराणिक कथावस्तुको साथै साहित्यिक गुणहरूको पनि प्रयोग भएको छ । यसमा रस, छन्द, अलङ्कार, नायक-नायिकाको मिलन-विछोड, सुख-दुःख आदि गुणहरूको प्रयोगले पाठकमा कुतुहलता उत्पन्न गराइदिएको छ । आफ्नो साहित्यिक यात्राको क्रममा कवि पुष्पराज देवकोटाले दुई तीनवटा कृतिको रचनापछि यस **सङ्क्षिप्त पद्मरामायण** काव्यको

[९] सोमप्रसाद शर्मा, पूर्ववत्, पृ. ६ ।

रचना गरेका छन् र कवि कृतित्व र व्यक्तित्वका दृष्टिले सम्पन्न नै देखिन्छन् । आफ्नो जीवनयात्राको वृद्धावस्थामा आइपुगेर साहित्य साधनामा लागेका काव्यकारले अन्य साहित्यिक रचनाहरू पनि गर्ने चेष्टा गरिरहेको पाइन्छ ।

चौध लीला र एक हजार एक सय छपन्न श्लोकमा रचिएको प्रस्तुत **सङ्क्षिप्त पद्यरामायण** पूर्वीय दर्शनमा आधारित काव्य हो । यसमा रस, छन्द, अलङ्कार आदिको प्रयोग गरिएको छ । आफ्नो मौलिक परम्परा र संस्कारमा विशेष जोड कविको रहेको छ । आध्यात्मिक चिन्तनमा विशेष जोड दिँदै कविले गृहस्थ आश्रममा रहँदा यसको उपादेयतामा समेत विशेष महत्त्व रहेको देखाएका छन् । उपरोक्त विषयहरूलाई हृदयङ्गम गर्दा यसमा समेटिएका विषयहरूलाई अझ स्पष्ट हुने गरी विश्लेषण गर्न सकिन्छ ।

## ५.३.१ कवि परिचय

कवि पुष्पराज देवकोटाले यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा मङ्गलाचरणभन्दा अगाडि पृष्ठमा कवितात्मक भाषामा तेह्र श्लोक खर्चेर आफ्नो परिचय दिएका छन् । श्री मनकामना, गोरखनाथ र छिम्केश्वरी तीनै पाउको पुण्यस्थलमा रामको भक्त भई बस्ने कुरा कविले बताएका छन् र आफ्ना छोराछोरी, पितामाता सबैको परिचय दिएका छन् । अनित्य संसारलाई अनित्य ठानेर पारमार्थिक सत्तामा विश्वास गर्ने कवि देवकोटाले आफ्नो विचार यसरी व्यक्त गरेका छन् :-

यस्तो विचारमा छु म आत्माको भर पर्दछु
देहादि दृश्य यी सारा क्षणिक् अनित्य ठान्दछु
देखिने दृश्य यी सारा सत्य हैनन् कुनै पनि
आत्मा नै सत् भनी ठान्छु म हूँ अभिन्न नै अनी ।

यसरी आध्यात्मवादी चिन्तक पुष्पराज देवकोटाले यो देहादि दृश्यलाई क्षणिक र अनित्य ठान्दै आत्मा नै सत् र अभिन्न हो भन्ने अद्वैत वेदान्तवादी धारणा प्रकट गरेका छन् ।

## ५.३.२ मङ्गलाचरण

प्रस्तुत काव्यमा लीला सुरु हुनुभन्दा अगाडिको पृष्ठमा मङ्गलाचरणको प्रयोग गरिएको छ । व्यासजीले 'नारायणं नमस्कृत्य' बाट पुराण वा इतिहासको प्रारम्भ गरे झैँ

यसमा पनि जगदम्बिके, भगवती, शारदा, कुलदेवता, जननी, जयन्ती, देवी, गणनाथ, रामसीता आदिको प्रार्थना गरेर काव्यारम्भ गरिएको छ ।

यहाँ शारदा भन्नाले सरस्वती र गणनाथ भन्नाले ज्ञान भन्ने बुझिन्छ । यहाँ कुलदेवता जननी जयन्ती देवी आदिलाई पनि रक्षा गर्नुहोस् भनीएको छ । साथै यहाँ रामकै भक्ति गाइएको छ :-

हजुर्को पाउमा नै रहिकन हरि दिन् गर्छु केही पुकारा
सत्चिद् आनन्द रूप सुख स्वरूप सदा राम लीला अपार
लेख्छु जानी नजानी रविकुल बिचमा राम औतार धारी
जस्ले रामलाई भज्छ सहजसित उता जान्छ संसार पारी ।

पुष्पराज देवकोटाले सम्पूर्ण देवताहरूको पुकारा गरी आफू कैवल्य पदमा पुग्न पाइयोस् भन्ने भाव यहाँ व्यक्त गरेका छन् । आफ्नो जिह्वा विशेषमा आई निवास गरी यस काव्यलाई पूर्ण बनाउनमा सहयोग गर्न ईश्वरीय भाव व्यक्त गरेका छन् । भक्तलाई पुण्य दिने र पाप नाश गर्ने सदाराम नै सर्वोपरि हुन् भन्ने भावले कवि आफूलाई रामभक्त देखाएका छन् । जसले श्रद्धा र भक्तिका साथ सीताराम भज्दछन्, तिनीहरू सुखसहित संसारका सारा दुःख तर्दछन् भन्ने भाव यस मङ्गलाचरणमा व्यक्त गरिएको छ ।

यस **सङ्क्षिप्त पद्मरामायण** काव्यको विषयवस्तु पौराणिक छ । राम, सीता र लक्ष्मणबीचका विभिन्न लीलाहरू नै यसको प्रमुख विषयवस्तु हो र यहाँ राम र सीताको माध्यमबाट कविले मानव जातिलाई नैतिक सन्देश दिन खोजेका छन् । **सङ्क्षिप्त पद्मरामायण** काव्यको कथावस्तुलाई सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ :-

## ५.३.३ प्रथम लीला

प्रथम लीलामा जम्मा ६२ श्लोक छन् । सबै श्लोकहरू अनुष्टुप् छन्दमा रहेका छन् । यस लीलामा अयोध्याका प्रतापी, ऐश्वर्यवान्, दयावान्, दानी र कीर्तिले लोक छाउने राजा दशरथको वर्णन उनका तीनवटी रानी सन्तान नभएर सन्तानको लागि ऋषि ऋष्य-शृङ्गद्वारा गरिएको पुत्रेष्टि यज्ञ, तीनवटा रानी- कौशल्या, कैकेयी र सुमित्राका क्रमशः राम, भरत, लक्ष्मण र शत्रुघ्न गरी चारवटा तेजस्वी छोराहरू, उनीहरूले गुरु वशिष्ठद्वारा लिएको शिक्षा,

विश्वामित्र जस्ता ऋषिहरूको यज्ञमा विघ्न पार्ने राक्षसादि, ताडका, मारिच, सुबाहु जस्ता राक्षसहरू रामद्वारा मारिनु जस्ले गर्दा त्रिलोकभर नै मणि झैँ चम्किलो कीर्ति फैलियोस् भनी विश्वामित्रबाट प्रशंसा मिल्नु जस्ता रामका विविध बाललीलाहरू सहितका कथावस्तु यस लीलामा प्रस्तुत भएका छन् ।

### ५.३.४ द्वितीय लीला

दोस्रो लीलामा जम्मा ५३ श्लोकहरू रहेका छन् । यस लीलामा राम र लक्ष्मण दुवै भाइ ऋषिका साथ मिथिला हेर्न जानु, बाटोमा श्रापबाट कष्ट पाएकी अहिल्या भेटिनु, जो रामको पाउको स्पर्शले कष्टबाट छुट्टिनु, राम लक्ष्मण मुनिका साथ आएका छन् भन्ने खबर सुनी राजा जनकले आफ्नो भाग्य खुल्यो भन्दै सत्कार पूजा आदि गर्नु । विश्वामित्रले रामद्वारा मारिच, सुबाहु, ताडका जस्ता राक्षसहरू मारिए भनी रामको कीर्तिको बयान गर्नु, राजा जनकले शिवको धनुमा जस्ले ताँदो चढाउन सक्छ त्यसलाई सीताको विवाह गरिदिन्छु भन्ने प्रतिज्ञा गरेका छन् । त्यसै प्रतिज्ञा स्वरूप सारा नगरबासीहरू शिवको धनुमा ताँदो चढाउन भनी तयार हुन्छन् तर साराको परिश्रमको केही चल्दैन । त्यसै बखतमा रामले म उठाउँछु धनु भनी एकै हातले त्यो धनु उठाउँदा धनु भाँचिएर मेघ गर्जिए सरी आवाज आउँछ । त्यसपछि सारा देवाहरूबाट लावा, अबिर फूलको वर्षा गराउँदै सीताले रामको स्वागत सहित स्वयंवर गर्छिन् । जुनबेला जनकपुर सहरैभरि रामको कीर्तिको जयजयकारको साथै जतातत‌ै मङ्गल ध्वनि सहित बाजा बज्दा विवाहको मण्डप, ध्वजा तोरण आदिद्वारा सजिएर बिजुली चम्किए जस्तो देखिन्छ । यसरी राम र सीताको विवाह भव्यताका साथ सम्पन्न हुन्छ । सारा सहरबासीले खुसीले जयजयकार मनाउँछन् । अरू तीन भाइको पनि सीताका बहिनीहरूका साथ विवाह सम्पन्न हुन्छ र राजारानीहरू सम्पूर्ण छोराहरूको बिहे सम्पन गरी ढुक्क भएर बस्दछन् । फक्रेका फूलमा भमरा डुलेसरी राम र सीता लोकको चित्त हर्ने गरी कपोतको जोडी झैँ मिलेर बस्दछन् । यसै समयमा गुणमा श्रेष्ठ र भाइमा ज्येष्ठ भएको हुँदा रामलाई राज्याभिषेक दिने राजाको इच्छा हुन्छ र यो सुनेर रानीहरू पनि बडो हर्षित हुन्छन् र सहरभरी सिंगारपटार गरी तोरण ध्वजापताका आदिद्वारा सजाउन राजाद्वारा हुकुम हुन्छ । नयाँ यो रङ्गले गर्दा सबैको मन हर्षको दीपले उज्ज्वल देखिन्छ ।

राजारानीहरूमा अद्भुत प्रेम भएको हुँदा यस्ता तेजस्वी पुत्र पाउँछन् र कविले भनेका छन्- आफ्नो छोराछोरी जस्तै लाटो, खोरण्डो, बहिरो, मूर्ख किन नहोस् पिता मातालाई आफ्नो छोराछोरी भगवान् सरी हुन्छन् । त्यसैले यी कुमारहरूका लीलाहरू राजारानीहरूले मन्त्रमुग्ध भएर हेर्ने गरेको उल्लेख भएको छ । यसरी सीतारामको विवाह, राज्याभिषेक सम्बन्धी कार्यहरू आदिको वर्णनसहित यस द्वितीय लीलाको अन्त भएको छ ।

## ५.३.४ तृतीय लीला

तृतीय लीलामा ८८ श्लोकहरू रहेका छन् । यसमा राम वनबास जाने प्रसङ्गको वर्णन गरिएको छ । मन्थरा नामकी छुल्याहीले रामको डाहाले गर्दा कैकेयीलाई अनेक कुरा लगाएर राम चौधवर्ष वनबास जाने र भरतलाई राजा बनाउन वर माग्न राजासँग आग्रह गर्न बाध्य बनाउँछे । रामको राज्याभिषेकको कुराले हर्षित भइरहेको कैकेयीको मन मन्थराको कूटनीतिपूर्ण कुराले परिवर्तन हुन्छ, "सौताको छोरा भनेको मुटुको किलो हो । रामले राज्य पाएपछि तिमीलाई सबैले हेला गर्छन्, राजा पापी रहेछन्, तिनमा राजाले ख्यालख्याल प्रेम मात्र गर्दा रहेछन्" जस्ता विविध कुरा मन्थराले कैकेयीलाई सुनाउँछे । सुरुमा यस्तो कुरा सुन्दा त रानी रिसाएर शुभ कुरा सुनाइस् भने तँलाई स्याबासी दिन्छु, राम र भरतमा मलाई कुनै भेद छैन, उनले मलाई र कौशल्यालाई समान रूपले हेर्दछन् आदि भन्दै उसको कुरामा विश्वास गरेकी थिइनन् । तर अनेक कूटनीतिक षड्यन्त्र जानेकी मन्थराले रानीलाई एकोहोरो बनाउँछे । "तपाईं भोली कौशल्याको दासी हुनुपर्ला, राजालाई पनि जेठी रानी नै प्यारी छन् भने पुत्र पनि उनैका राजा हुने छन् । तपाईंको छोरो पनि रामकै दास हुनुपर्छ । विचार गर्नुस्, तपाईंलाई मरेको लासलाई औषधी खुवाए जस्तो भयो मैले सम्झाएका कुराहरू !" जस्ता विविध कुराहरू गर्दछे । त्यसपछि मन्थराको कुरा रानीलाई बाण बिझ्ैसरी भयो र उनी भूमिमा रुख ढलेसरी ढल्दछिन् । त्यसैले यसै प्रसङ्गमा कवि पुष्पराजले भनेका छन् :-

दुष्टको सङ्गले गर्दा बिग्रन्छ साधुको मति
नलाग दुष्टको पास पार्ने छ त्यसले खति ।

हुन पनि हो, दुःखको सङ्गतले गर्दा असललाई पनि खराब बनाई त्यसको सम्पूर्ण व्यवहारहरू तहसनहस हुन्छन् । मन्थराको वाक्यले रानीको चित्त आगो बलेसरी रिसले पूर्ण हुन्छ । यसै समयमा त्यही मन्थराले नै रानीलाई एउटा उपाय छ, त्यही गर तिमीले पहिला सङ्ग्राममा जाँदा राजाले दिएका वर नासोको रूपमा राखेकी छौ त्यही वर मागी रामलाई वनबास र भरतलाई राजा बनाउन राजासँग आग्रह गर र राजा सत्यवादी भएको हुँदा आफ्नो वचन पूरा गर्नुस् नत्र म अहिले नै प्राण त्याग गर्नेछु भन्दै रामलाई चौध वर्ष वनबास पठाउने र भरतलाई राजा बनाउने वर राजासँग माग्दछिन् । रामको राज्याभिषेकमा हर्षित रहेका राजा रानी कैकेयीको कुरा सुनी मूर्च्छा हुन्छन् । पिताको यस्तो हालत देखेर रामले कैकेयीलाई सोध्छन्, स्वार्थी र निर्लज्ज कैकेयीले केही सङ्कोच नमानी सम्पूर्ण कुरा बताउँछिन् । सारा वृत्तान्त सुनेर राम धैर्यका साथ कुनै विस्मात नगरी वनबास जान तयार हुन्छन् ।

पिताको आज्ञा मान्नु नै असल पुत्रको धर्म हो भन्दै राम पिताको आज्ञा सहर्ष स्वीकार गरी मातासँग पनि बिदा मागेर वनबास जान तयार हुन्छन् । लक्ष्मणले हजुरलाई वनबास पठाउन खोज्ने को हो, सबैसँग लड्न म तयार छु भन्दा रामले लक्ष्मणलाई सम्झाउँदै भन्छन्- "कच्चा जिन्दगी हो यो हाम्रो, यो बुझेर देहको घात गर्नुहुँदैन, मनको क्रोध नै सबभन्दा ठूलो शत्रु हो र रीसले नै कुमार्गतिर लैजान्छ" भन्दै भाइलाई सम्झाएर सम्पूर्ण मानव समाजलाई यही नै सन्देश दिएका छन् । सीता र लक्ष्मण पनि रामबिना हामी बस्न सक्दैनौं भनी सँगै वनबास जान तयार हुन्छन् र मातापिताको आज्ञापालन गर्नु नै आफ्नो कर्तव्य र धर्म सम्झी रामसीता र लक्ष्मण खुसीसाथ वन जान्छन् भन्ने प्रसङ्ग यस लीलामा वर्णन गरिएको छ ।

## ५.३.६ चतुर्थ लीला

चौथो लीलामा ५२ श्लोक रहेको छ । यो लीला करुण रसप्रधान देखिएको छ । राजा दशरथ रामको पुकार गर्दै सन्ताप गरेका छन् । पहिले तमसा नदीको तटमा शिकार खेल्न जाँदा गल्तीवश मुनि पुत्रलाई बाण लागेर मृत्यु हुँदा ऋषिले राजालाई 'तँलाई पनि पुत्र शोक परी प्राण जाओस्' भनी श्राप दिएको हुँदा त्यही श्राप पूरा भएको राजा दशरथले महसुस गर्दै

पुत्र वियोगमा विलाप गर्दै मूर्छा पर्दछन् । विचार नगरी काम गर्दा पछुतो हुने धारणा यहाँ व्यक्त गरिएको छ । राम, लक्ष्मण, सीता, गङ्गा नदी तरी चित्रकूटमा पुग्छन् र त्यहाँ गुराँस, बेल, चिउरी, अमिली, कागती, केरा, कमला, आँप आदि फलफूल फुलेर त्यहाँको सौन्दर्य अपूर्व देखिन्थ्यो भनी प्रकृतिको वर्णन गरिएको छ । त्यहाँ भारद्वाज ऋषिको आश्रम, मुनि वाल्मीकिका आश्रम नजिकै रामले पनि आफ्नो आश्रम निर्माण गर्दछन् तर त्यहाँ सबै प्रजाहरू रामको दर्शन भेट गर्न आउने हुँदा रामले त्यो ठाउँ त्याग गर्छन् । त्यसपछि राम अत्रि ऋषिसँग भेट्ने इच्छा गर्दै पुण्याश्रम तीर्थमा पुग्छन् र अत्रिसँग भेट प्रणाम गर्छन् । ऋषिले पनि आतिथ्य सत्कार गर्दछन् । राम केही दिन त्यहीँ बस्छन् । अत्रिले सीतालाई रामको सङ्गिनी हुँदा तिम्रो पनि सुकीर्ति फैलने छ, विश्वको शान्ति गराउन राम अवतार लिनुभएको छ आदि भनी सम्झाउँछन् । कलिका सबै अधर्म मात्र गर्ने स्वधर्म छाडेर निषिद्ध काम गर्ने, निर्धालाई निमोठेर मोज गर्ने, परस्त्री भोग गर्ने, कुनै प्राणीमा दया नगर्ने, जताततै कोलाहल, दुःख, दर्द आदि हुने आफ्नी पत्नी छाड्ने, वेश्या पत्नी समालेर बस्ने, धर्म सबै नष्ट हुने, असत्य फैलने, विश्वमा कहीँ शान्ति नहुने, साधुलाई देखेर दिल्लगी गर्ने, राष्ट्रको धन लुटेर खाने जस्ता राक्षसहरूको वृद्धि भएको हुँदा यी सबैमा दयादृष्टि राख्ने राम अवतारको जन्म भएको छ भनी यस चतुर्थ लीलामा वर्णन गरिएको छ ।

### ५.३.७ पाँचौं लीला

यस पाँचौ लीलामा ८० वटा श्लोकहरू रहेका छन् । राम राक्षसको बध गर्दै वनमा हिँड्दथे, घोर जङ्गलको बाटो आफ्नो कोमल पाउमा बिझेका काँडा पन्छाउँदै अनेक दुःख, कष्ट सहँदै साधु सज्जनको सेवा गर्दै हिँड्दथे । त्यसैले कविले जस्ले भक्ति र श्रद्धाले **रामायण** पाठ गर्दछ, त्यसले रामझैँ कीर्ति फैलाई संसार पार तर्दछ भनेका छन् । जङ्गलको बाटो अगस्त्याश्रम पुगी फलेको वृक्ष नुगेसरी नुगेर रामले ऋषिको पाउमा दण्डवत् गर्छन् । ऋषिको मन रामको दर्शनले गर्दा हर्षविभोर हुन्छ । केही समय पश्चात् रामको पञ्चवटी गएर बस्ने इच्छा हुन्छ र अगस्त्य ऋषिसँग बिदा मागेर उनीहरू पञ्चवटी पुग्छन् । स्वच्छ हावा, सफा पानी, शोभायमान भूमि, घना जङ्गलले रम्य स्थल देखिँदा राम, सीता र लक्ष्मण तीनै जना खुसीसाथ त्यहीँ बस्छन् । वनका फलफूल, कन्दमूल आदि फलाहार गर्दै बसी दिन

बिताउने क्रममा एक दिन गोदावरी स्नान गरी तीनै जना आनन्दसँग बसेको समयमा लङ्कामा राजा बनी बस्ने मूर्ख रावणकी बहिनी शूर्पणखा घुम्दै घुम्दै त्यतिखेर त्यहीँ आइपुग्छे। हजारौं सैन्यका साथ बल र पराक्रमले देवताहरूसँग समेत स्पर्धा गर्ने खर र दूषण नामक दुई राक्षस भाइहरूका साथ बस्ने शूर्पणखाले आफ्नो पराक्रमको धाक लगाउँदै रामको मोहनी रूपले कामिनी बनेकी शूर्पणखा मलाई पत्नी बनाउनुहोस् भन्दछे । रामले सीता आफ्नी पत्नी भएकाले लक्ष्मणको साथमा जाऊ भन्छन् । त्यसपछि लक्ष्मणका साथमा गई आफूलाई पत्नी बनाउनुहोस् भन्दा लक्ष्मणले म त दाजुको दास हुँ, दाससँग बिहे गरी तिमी पनि किन दासी बन्छ्यौ बरु दाइसँगै बिहे गर भन्दछन् । यसरी दाजुभाइले कहिले यता कहिले उता भन्दा राक्षस्नी रिसाएर सीतालाई भयङ्कर रूप लिई खान खोज्दछे, यो देखेर रामले त्यस्को नाक, कान काट्न भाइलाई आज्ञा गर्दछन् । लक्ष्मणले दाजुको आज्ञा शिरोपर गर्दै त्यस्को नाक-कान काटी निकाली दिन्छन् । रगतको धारा बगाउँदै रिसले चुर भएकी शूर्पणखा खर र दूषण भएको ठाउँमा पुगी सबै यथार्थ बताउँछे । खर र दूषण सबै शस्त्रअस्त्रले सज्जित भई रामचन्द्र उपर बाणको वृष्टि गर्न थाल्छन् । यी सबै शमन गर्दै अन्तमा रामको अमोघ बाणले खर र दूषण समेत सारा फौजको नाश हुन्छ । यस्तो देखेर रावणले आफ्नो पुरानो मन्त्री मारिचसँग सल्लाह गर्छ, मारिचले म त पहिले नै रामको एउटा बाणले नै मूर्छा परेको छु तर हजुरको कल्याण हुन्छ भने म ज्यान दिन पनि तयार छु भन्दछ र सुनको बुट्टादार मृग बनी रामलाई छल्न पञ्चवटी जान्छु र त्यस्तो मन नै लोभ्याउने मृग देख्दा सीताको मन लोभिन्छ । यसरी सीतालाई छल गर्न सकिन्छ भनी मारिचले भन्दछ । नभन्दै सीताले पनि त्यो मृग देखी मारेर ल्याइदिनुस् भनी रामलाई आग्रह गर्छिन् र राम पनि त्यो ख्यालख्याल हो भन्ने जान्दाजान्दै पनि राम लुब्ध बनेर त्यो मृगको पछाडि लाग्छन् । त्यसैले कविले बडाहरूमा पनि बेलाबखतमा बुद्धि बिग्रन्छ भनेका छन् । छद्मभेषी मृगलाई खेद्दै गई बाण हान्दा मारिच रुन थाल्छ, यो सुनी सीताले लक्ष्मणलाई खोज्न जान आग्रह गर्छिन् तर लक्ष्मणले दाजुसँग सङ्ग्राम गर्न सक्ने कोही छैन, दाइलाई केही हुँदैन भन्दा सीता रिसाएर मनमा कपट गरी हाम्रो पछि लागेर आयौ, दाजु कराएको सुन्दा पनि खोज्न नजाने तिमी कस्ता भाइ हौ भनी अनेक भन्दछिन् । यो सुनेर दिक्क भएका लक्ष्मण भस्मले छेकेर त्यो रेखा नकाट्नु भनेर दाजुको खोजीमा जान्छन्, देवरलाई यस्तो दुर्वाच्य बोली जङ्गल पठाउँदा सीतामा कष्टको थुप्रो लाग्छ । त्यसैबेला रावण योगीको भेष

गरी 'भिक्षां देहि' भन्दै आउँछ, योगीलाई भिक्षा दिन्छु भनी बाहिरै आउँदा त्यही मौका पारी रावणले सीतालाई हरेर लान्छ । त्यसैले मर्यादामा नबस्दा दुःख पाइन्छ भन्ने भाव कविले व्यक्त गरेका छन् । रावणले सीतालाई लङ्कामा लगेर अशोक वाटिकामा राख्दछ । राम-लक्ष्मण फर्केर आउँदा कुटी शून्य भएको देखी हे सीते ! कहाँ गयौ भन्दै राम अलापविलाप गर्दछन् र सीताको खोजीमा हिँड्दा बाटामा एउटा वृद्ध जटायुलाई भेट्दा उसले सीतालाई रावणले हरेर लगेको खबर दिन्छ । सीतालाई छुटाउन खोज्दा मेरो पनि पखेटा काटियो मेरो उद्धार गर्नुस् भन्छ र जटायुको संस्कार गरेर प्रभुले सजिलै स्वर्ग पठाउनु हुन्छ । बीच बाटामा पुग्दा विचित्र आकार भएको कबन्ध नामक राक्षस भेटिन्छ र यसले राम-लक्ष्मणलाई खान खोज्दा रामले दुवै बाहु काटिदिन्छन् र त्यसले दानवयोनी छाडेर दिव्य रूप धारण गर्दछ । छद्मभेषी मृगको छलमा परेर सीताको हरण भयो । त्यसैले हरेक कुरा बुझेर मात्र गर्नुपर्छ, मर्यादामा बस्नुपर्छ भन्ने प्रसङ्गहरू नै यस लीलामा वर्णन भएको पाइन्छ ।

### ५.३.८ छैटौं लीला

छैटौं लीलामा ९० श्लोकहरू रहेका छन् । यसमा पनि सबैजसो श्लोकहरू अनुष्टुप् छन्दमा नै रहेका छन् । राम-लक्ष्मण दुवै भाइ सीताको विरहले व्याकुल भई यत्रतत्र भ्रमण गरिरहँदा उनीहरू रमणीय पम्पा नामक एक सरोवरमा पुगेर त्यहाँको निर्मल र स्वच्छ पानी पिई शीतल छहारीमा आनन्दसँग बसे । यसै क्रममा दाजु बालीको डरले गर्दा ऋष्यमूक पर्वतको शिखरमा बसिरहेका वानरराज सुग्रीव आफैँलाई मार्न आएका दूत हुन् कि भनी आफ्नो मन्त्री हनुमानलाई बुझ्न पठाउँछन् र हनुमान रामको सामु पुगेर विनम्रतापूर्वक तपाईं को हुनुहुन्छ भनेर सोध्दा "हामी अयोध्याधिपतिका पुत्र राम-लक्ष्मण हौं । सीतालाई दुष्ट रावणले हरेर लगेको हुँदा उनैको खोजीमा आएका हौं" भनी बताउँछन् । यो सुनी हनुमानले पनि अञ्जनी पुत्र हुँ म सुग्रीवको मन्त्री हुँ भन्दै रामको पाउमा परी ढोग गर्दछन् । पत्नी र राज्य छुटेको हुँदा सुग्रीव पनि अति विह्वल छन्, जाऊँ उतै गएर छलफल गरौं भनी काँधमा राखेर हनुमानले वेगसँग राम र लक्ष्मणलाई ऋष्यमूक पर्वतमा पुऱ्याउँछन् । त्यहाँ सुग्रीवसँग भेटवार्ता भई सुखदुःख साटासाट हुन्छ । राम र लक्ष्मण आफ्नो यथार्थ हाल बताउँछन् र सुग्रीवले पनि आफ्नो दाजु बाली दुष्ट हुँदा आफ्नो राज्य र पत्नी हरेर साह्रै दुःख दिएको कुरा व्यक्त गर्दछन् । यसो हुँदा दुवैको व्यथा मिल्दछ र एक आपसमा मित्रता

गाँस्दछन् । सुग्रीवले सीताको खोजमा सहयोग गर्ने प्रतिज्ञा गर्दछन् । बालीको बल र पुरुषार्थको बयान गर्दै रामलाई कसरी मार्नुहुन्छ भनेर शङ्का गर्छन् र सुग्रीवले एउटा दुन्दुभि राक्षसको पर्वत समानको कङ्काल उठाउन लगाउँछ । त्यसै बेला रामचन्द्रको आफ्नो पाउले नै त्यसलाई धेरै पर हुत्याइदिन्छन् । एउटै बाणले सातवटा वृक्षलाई छेदन गरिदिन्छन्, यो देखेर सुग्रीवमा रहेको शङ्का छुट्दछ र रामले सुग्रीवलाई बालीसँग लड्न हिम्मतका साथ जाऊ भन्छन् र रामको आडले गर्दा सुग्रीव बालीसँग लड्न जान्छन् । बालीले भगुवा आएछ फेरि मार्दछु तँलाई भन्दै रिसले हाँक दिन्छ । बालीपत्नी ताराले पक्कै केही सहायता पाएर फर्केर आएको होला भन्ने शङ्का लागेर बालीलाई नजान आग्रह गर्छिन् तर बालीले त्यो भगुवालाई राज्य दिन्न, त्योसँग लड्ने नै छु भनी प्रचण्ड वेगले युद्ध हुन्छ । यसै समयमा वृक्षमा छेल पारेर रहेका रामले बालीमा बाण छोड्दा रुखै ढलेसरी बाली ढल्दछ । हँसिलो मुखमण्डल, श्याम वर्ण, पद्मपत्र जस्तै नेत्र, कमलझैँ पाउ भन्दै यहाँ रामको प्रशंसा गरिएको छ । बाण लागेको बालीले किन मलाई लुकेर बाण हानेको, ममा के वैरभाव थियो भन्दै पुकारा गर्दछ, यो सुनेर राम हाँस्दै धर्मलाई बचाउन म पापीको नाश गर्दछु । त्यसैले मितका दाजु हौ तर पनि बलका भरमा मनमोज गर्दा भाइकी पत्नी हर्दामा आज तिम्रो प्राण जाने भयो भन्दै राम यसो भनेका छन् :-

दुष्ट नाशनका लागि अहिले जन्म यो लिएँ
आशक्त दुष्ट पापीमा लुकेर मृत्यु यो दिएँ ।

यस्तो वाक्य सुन्दा मनमा हर्ष भैकन रामको नाम जप्दै पापी भएर पनि रामको दर्शन पाई बालीले यो भवबन्धन तोड्छ । आफ्नो पति वियोगमा विलाप गर्दा तारालाई पनि सम्झाउँदै रामले यसो भनेका छन् :-

पति नै देह यो भन्छ्यौ हेर खडा छ देह ता
मर्दैन कहिल्यै जीव गरेको शोक यो कता ।

रामको यस्तो वाक्य सुन्दा ताराको मन शान्त भई बालीको योग्य वस्तुले दाहसंस्कार गरी रामनाम जपी भक्ति प्रेमले बस्दछिन् भने सुग्रीव किस्किन्धामा राजा भई आनन्दसँग बस्दछन् । वर्षाकाल हुन्छ, जताततै हिलो, बाढी, पानी आउँछ, मेघ कराउँछ, निष्पट्ट अँध्यारो हुन्छ, खहरे खोलाहरू बढेर जताततै खती हुन्छ । पत्नी वियोगले गर्दा जलेको हृदय खप्न नसकी रामले यसो भनेका छन् :-

नारीबाट हुने शोभा चन्द्रमाले दिँदा पनि

मिलेन मनमा शान्ति सीता वियोगमा भनी ।

यसरी नै भाइका साथ सुखदुःखका कुरा गर्दै बस्दा वर्षाऋतु गएर शरद ऋतु आउँछ तर सुग्रीव भने राज्यको आनन्दमा रामसँग गरेको प्रतिज्ञा भुल्दछन् यिनै प्रसङ्गहरूको वर्णन यस लीलामा गरिएको छ ।

## ५.३.९ सप्तम लीला

यस लीलामा ७४ श्लोकहरू रहेका छन् । वर्षा ऋतु सकिएर शरद्को सुरुवात हुन्छ तर पनि सुग्रीवले सीता खोज्नमा कुने सक्रियता नदेखाएकोमा रामले लक्ष्मणलाई बोलाएर भन्दछन्, बालिलाई मारेर सुग्रीवलाई स्त्री, राज्य सम्पत्ति सबै दिलाएपछि आफ्नो स्वार्थ पुरा गरी सीताको खोजमा प्राण दिन्छु भन्नेले केही वास्ता नगरी बसेका छन् । दाजुको कुरा सुनी लक्ष्मण रिसाएर म त्यसलाई मारेर आउँछु भन्दछन् । भाइको वाक्य सुनी रामले मित्र हुन् नराम्रो नगर मैले माफ दिएँ सम्झाएर आऊ भन्दछन् । रामको कुरा सुनी लक्ष्मण पनि अति वेगसँग सुग्रीवकहाँ पुगी सीताको खोजको कुरा बिर्सिएर तिमी किन कृतघ्न भै मोज गरेर बसेका छौ भन्दछन् । यो सुनी सुग्रीवले अब सारा वानरराजहरू सीताको खोजमा जान तयार छन् भन्दा लक्ष्मण, वानर, सुग्रीव सबै खुसीका साथ रामका समीप पुग्दछन् । रामले सुग्रीवलाई चाँडै नै सीताको पत्ता लगाउन आग्रह गर्छन् र सुग्रीवले सबै वानरलाई “सीताको खोजी गर्न जाओ । महिना दिनभित्र पत्ता नलाए तिमीहरू सबै मर्दछौ” भन्ने हुकुम दिन्छन् । अङ्गद, हनुमान, नील, नल, जाम्बवान आदि वानरहरू सीताको खोजीमा जान्छन्, जानेबेला रामले आफ्नो नाम लेखिएको औँठी झिकेर सीताजीसँग भेट भयो भने परिचयका लागि दिनु भनी भन्दछन् । बुद्धिमान् जाम्बवान, वीर हनुमान, अङ्गद आदि दक्षिण दिशातिर अरू अरू दिशातिर जाओ भनी सुग्रीवले भन्दछन् । आफ्नो मालिकको आदेश पाएका वानरहरू उफ्रँदै दशै दिशातिर जान्छन् । सारा जङ्गल, पहाड, भूमि, गुफा सबैमा खोज्दा सीता पत्ता नलागेपछि सारा वानरमा खलबल भयो । महिना दिनमा नआए मार्नेछु भनेका छन् सुग्रीवले अब हामी बाँच्दैनौं, अङ्गदले त झन् म त दुस्मनको छोरा मलाई त अवश्य मार्ने छन्, त्यहाँ गएर बेइज्जत गरेर मर्नभन्दा यही समुद्रको तीरमा मर्न निको भनी सङ्कल्प गर्दछ ।

वानरहरूको यो वार्ता सुन्दा सम्पाति भन्ने गिद्ध यिनीहरूको मासु खान पाउने भएँ भन्दै रमाउँछ । वानरहरू पनि हाम्रो प्रारब्ध यही रहेछ भनी व्याकुल हुन्छन् । सम्पाति भन्ने गिद्धले वानरहरूको यो अवस्था देखी उनीहरूको यथार्थ हाल सोधी सबै कुरा बुझेर सीता लङ्कामा रावणको अशोक वाटिकामा रहेको र समुद्र तर्न सामर्थ्य हुनेले सीताको भेट गर्न सक्ने कुरा बताई सूर्यको तापले गर्दा पखेटा डढेको सम्पाति रामको नाम सम्झँदा मात्र पनि पखेटा पलाई उडेर जान्छ । वानरहरू बसेर समुद्र तर्न कस्ले सक्छ भनी सल्लाह गर्छन् र अन्त्यमा जसरी पनि समुद्र पार गरी सीताजीसँग भेट गर्नै पर्छ । त्यसैले समुद्र पार गर्ने सामर्थ्य कस्को छ, पुरुषार्थ देखाउने बेला यही हो, राजाको काम र बन्धुको रक्षा दुवै हुनेछ भनी अङ्गदले भन्छ, तर सबैले आफ्नो पराक्रम बताए पनि समुद्र तर्ने कोही निस्केन र जाम्बवानले हनुमानतिर हेरेर वीर हनुमान तिमी वायुका पुत्र हौ, त्यसैले तिमीमा जतिको सामर्थ्य हामीमा छैन भनेको सुनी हनुमान खुसी हुँदै गर्जनका साथ लङ्कामा जान कम्मर कस्छन् । सारा वानरहरू अब हाम्रो ज्यान बाँच्ने भयो भन्दै खुसी हुन्छन् । यस सन्दर्भमा कविले रामको नाम लिने जति सबै मुक्त हुन्छन् भनेका छन् :-

ती भक्तमाथि प्रभुले दिनुहुन्छ मान
तर्ने समुद्र कपिको गरुँ के बयान ।
जप्छन् सदैव जसले रघुनाथलाई
पुग्छन् ति धाम भवसिन्धु तरेर जाई ।

यसरी रघुनाथलाई जप्नेले जस्तोसुकै कठिन कुरा पनि पार लगाउन सक्छन् भन्ने आध्यात्मिक सन्देश यस लीलामा दिइएको छ ।

## ५.३.१० अष्टम लीला

यस लीलामा ८७ श्लोकहरू रहेका छन् । रामको भक्ति गाउँदै कविले यस लीलाको सुरुवात गरेका छन् । सबै वानरलाई यहीँ बस्नु भनी आकाश मार्गबाट लङ्का जान वायुपुत्र हनुमान रामनाम पुकार्दै उड्छन् । उड्दै जाँदा बीच बाटोमा मैनाक पर्वतसँग भेट भयो । उसले गरेको स्वागत स्वीकार गरी फलफूल हातले मात्र छोएर वेगवान बनी उड्दै जाँदा दक्षिणको बाटोमा देवताबाट पठाएकी सुरसा नामकी नागमातासँग भेट हुन्छ, उसले

आफूलाई शुभकालमा सजिलै आहार मिल्यो भनी जबर्जस्ती खान खोज्छे तर हनुमान सानो स्वरूप लिई मुखमा पसेर निस्कन्छन् फेरि कोही छायाँ पक्रेर नै जन्तु खाने राक्षसी थिई, त्यसलाई पनि मारेर हनुमान वेगले उड्दछन् । रामनाम लिँदै उड्दा चित्त नै अस्थिर गराउने शोभायमान लङ्काको दृश्य देखिन्छ । यो देखेर कतिखेर त्यहाँ पुगौं जस्तो भएका हनुमान त्यहाँ पुग्दा राक्षसीहरू पहरा दिएर बसेका थिए, पहरा दिने राक्षसीलाई पनि मुठी बटारी ठोकेर उनी भित्र पस्दछन् । त्यसपछि रावणको दरबार एक एक घुमेर सीताजीलाई खोज्दछन् र अन्त्यमा दरबारको समीपवर्ती बगैंचामा अशोक वृक्षको तलतिर राक्षसी फौजले घेरिएकी अत्यन्त दुब्ली, विरहिणी, साक्षात् लक्ष्मी झैँ स्वरूप भएकी एक्ली स्त्रीलाई देखेर सीताजी यिनै हुन् भन्ने हनुमानलाई निश्चय हुन्छ । कसैले चाल नपाउने गरेर सीताको केही लक्षण लिऊँ भनेर हनुमान अशोकका वृक्षमा चढी लुकेर राक्षसीहरूका कुरा सुन्छन् । दुष्टका दुस्मन उदाएसरी डाँडा फाँट सफा गरी सूर्य उदाएपछि दश शिर, बीस बाहु भएको जटाधारी पापात्मा रावण आएर सीतालाई हप्काई मेरो बात मानेर आफ्नो कल्याणको बाटो हेर । वनमा एउटा भाइका साथ आएको रामले मलाई जित्छ भन्ने व्यर्थ आशा नगर बरु मलाई भोग गरी महारानी बनेर बस आदि रावणको दुर्वाच्य सुनी सीता रिसले भन्दछिन्, तेरो घमण्ड तोड्ने रामबाट अब तँ मर्ने छस्, लोकको मान्य राजा भएर पनि नारीको पतिव्रता हर्न खोज्ने तेरो नीति कता गयो आदि भन्दै गाली गर्छिन् । सीताको बात सुनी रावण क्रोधले जल्दै त्यो दुष्ट राम कता गयो, त्यो जाबो वनको चरो वनमा नै मर्नेछ, तँलाई पछुतो पर्ला पछि भनी यसलाई मेरो वशमा पार नत्र यस्को ज्यान जानेछ भन्ने आदेश राक्षसनीहरूलाई दिई रावण घर जान्छ । त्रिजटा नाम गरेकी राक्षसीले स्वप्नमा रामको दूत आएको देखेकी छु, त्यसैले आफ्नो ज्यानको माया भए चुप लागो भन्दै सबै राक्षसीहरूलाई सम्झाउँछे । रुखमा बसी हनुमान सीतालाई श्रीरामको दूत हुँ म सीता खोज्न भनीकन आएको आज हजुरको दर्शन पाएँ भन्दछन् । यो सुनेर सीताले तिमी को हौ ? मेरो अगाडि आऊ भन्छिन् । यसपछि हनुमान सुस्तसुस्त सीताको अगाडि बसी दण्डवत् गरी म अञ्जनीपुत्र हनुमान हुँ । राम र सुग्रीवको मित्रता हुँदा सुग्रीवको आग्रहमा म हजुरलाई खोज्न आएको भनी सारा वृत्तान्त सुनाई रामले दिएको औँठी सीतालाई दिन्छन् । त्यो औँठी पाई हर्षको आँसु बगाउँदै धन्य हनुमान तिमी वीर रहेछौं । अब चाँडै गरी मेरो प्राण बचाऊ भन्छिन् । सीताका कुरा सुन्दा रामभक्त अञ्जनीपुत्र भन्छन्- आजै बोकेर लान्छु, तर सीताले

यी वैरीलाई मारी आफ्नो कीर्ति राखेर मात्र म रामका साथ नै जानेछु भन्दछिन् र रामलाई पत्यार नलागे यो चुडामणि लगेर दिनु भनी शिरको चूडामणि दिन्छिन् । हनुमानले अब सबै चिन्ता त्यागिदिनुस् म सबै कुरा रामलाई बताई राम, लक्ष्मण र सुग्रीवलाई चाँडै लिएर आउँछु भनी बगैँचामा रहेका मीठा-मीठा फलफूल भोजन गरी सबै रुखबिरुवा भाँच्ने, उखेल्ने गर्दछन् । यसबाट त्यहाँका कुरुवा, पहरेहरू सबै मर्छन् । यो देखेर रिसाएको रावणले आफ्नो कान्छो छोरो अक्षयकुमारलाई फौजका साथ लड्न पठाउँदा हनुमानले ती सारा फौजलाई एकैसाथ मारिदिन्छन् । यो देखेर रावणको इन्द्रजित् भन्ने छोरो युद्ध गर्न खडा हुन्छ र उनीहरू बीच भीषण युद्ध हुन्छ र अन्त्यमा इन्द्रजीत्ले हनुमानका उपर ब्रह्मास्त्रको प्रहार गर्छ, अस्त्रको मर्यादा राख्नुपर्छ, रावणसँग भेट पनि गर्नुपर्छ भन्ने अभिप्रायले हनुमान बद्ध जस्ता हुन्छन् । ब्रह्म मर्यादा राख्दा हनुमानले इन्द्रजित आफूले जितेँ भन्ने अभिमान गर्दछ । त्यसैले रामको नाम जपे जतिसुकै विपत्तिमा पनि पार गरी संसार तरिन्छ, दयालु रामका भक्त वायुका पुत्र हनुमान वीरले आँटे गर्न नसक्ने केही छैन भन्ने कुरा यस लीलामा वर्णन गरिएको छ ।

## ५.३.११ नवम लीला

यस लीलामा ९१ श्लोकहरू रहेका छन् । इन्द्रजित हनुमानलाई जितेँ भनेर हर्षले गद्गद् हुन्छ र बगैँचा ध्वस्त पार्ने, सारा फौज र अक्षय मार्ने बाँदर यही हो, बुबाको हुकुम पाए यसलाई खड्गले टुक्राटुक्रा पारेर मार्दछु भनी रावणका सामु हनुमानलाई हाजिर गराउँदा मेघनादका कुरा सुनेर रावणले रिसले चुर भई यो कहाँको लठ्ठु बाँदर हो, आएर हाम्रो मन्त्री, पुत्र सबै मारेछ, वाटिका ध्वस्त गरी धेरै उपद्रव गरेछ । मलाई नचिनी भीषण कर्म गरेछस्, तँलाई अब कडा दण्ड मिल्नेछ, आफ्नो बात नढाँटी बता भन्दछ । रावणका यी कुरा सुनी हनुमानले भन्दछन् - “अब आफ्नो मुखको घमण्ड तोड र सारा यथार्थ सुन, म अञ्जनीपुत्र हनुमान हुँ, सुग्रीवको मन्त्री र रघुनाथको सेवक हुँ, तिमीले रामचन्द्र पत्नी सीतालाई हरेर ल्याएछौ, आफ्नी पत्नी र राज्य दुवै हरिएको सुग्रीवसँग रामको भेट हुन्छ र दुवैको व्यथा मिल्दा उनीहरूको मित्रता हुन्छ, यही मित्रताको कारणले सुग्रीवले चारै दिशा सीताको खोजमा हाम्रो फौज पठाएका छन् । त्यसैले म ती वानरहरूमध्ये सागर तरी सीता

भेट गर्न आएको र फलफूल खाने इच्छा हुँदा रुखहरू भाँचेर फलाहार गरेँ र ब्रह्मपाशले बाँधिएर तिमीसँग भेट गर्न आएको हुँ" भनी सबै विस्तारमा बताउँछन् । विद्वान्, ब्राह्मण वेशमा जन्मिएर पनि दुराचारी, अर्काको पत्नी हरेर मोजमज्जा उडाउन खोज्ने रावणलाई हनुमानले उपदेश दिँदै सीतालाई रामको पाउमा सुम्पेर आनन्दसँग बस्न आग्रह गर्छन् । हनुमानका कुरा सुनी क्रोधले जलेर रावण मूर्ख जङ्गली ! तँ मलाई उपदेश दिन्छस्, वानरसँग मित्रता गरी हिँड्ने वनबासी रामसँग के छ र फुर्ती लाउँछस्, सिंहका सामुमा परी मृग बाँच्न सक्दैन, मेरो नाम मात्र सुने पनि देवताहरू त भाग्छन् भने त्यो कसरी लड्ला मसँग, इन्द्रजित्, कुम्भकर्ण जस्ता बलवान् भाइछोराहरू छन् मेरा, त्यसले के गर्न सक्छ, समुद्र तरेर आए पनि मसँग युद्ध गर्न सक्दैन । त्यसैले सबै वानर, राम, लक्ष्मण मारी सीताका साथ भोग गरी राज्य चलाउँछु आदि विविध गर्जनका साथ रावण बोल्दछ । यो सुनी हनुमान रिसले रन्किँदै यसो भन्दछन् :-

नीतिमा चल्नु राजाले मर्यादा पालना गरी
बिग्रन्छन् नीति छोडेमा राजा प्रजा दुवैथरी ।

त्यसैले राजा भएर सद्धर्म, आचार, सत्य आर्जन गर्नुपर्छ । दयावान्, गुणशीलवान् प्रजामा शिक्षा दिनुपर्छ भन्ने भाव यहाँ व्यक्त भएको छ । दीपले तेल खिचेझैँ विज्ञ भूपले प्रजाका धन खिच्दछन्, सूर्यको किरणले जल जम्मा गरेझैँ सबै वित्त समान रूपले बाडिदिनु पर्छ । प्रजालाई पीडा दियौ भने असल राजा बन्न सकिँदैन । त्यसैले सद्धर्मको नाश भई अधर्म बढ्दा, धर्मको पालना गर्न प्रभुको जन्म भएको छ । अब तिम्रो सबै कुल नाश गरी रामले धर्मको रक्षण गर्ने छन् आदि हनुमानले भन्दछन् । हनुमानको कुरा सुनी क्रोधले जल्दै रावण यो वानरको बच्चा किन मलाई धम्की दिएको भन्दै प्रहस्त आदि वीरहरूलाई लड्न पठाउँछ, प्रहस्त पनि मरेको देखी रावण आफैँ लडाइँ गर्न अग्रसर हुन्छ, विभीषण पनि रामका भक्त भई दूत मार्न हुँदैन भन्दछन् । भाइले पनि साथ दिएन भन्दै रावण हनुमानको पुच्छरमा विविध वस्त्र तेलमा भिजाएर आगो सल्काएर धपाउन भन्छन्, यही आगो लिएर दरबारको छाना-छानामा ती वीर हनुमान आगो छर्दै हिँड्छन्, जसले गर्दा सारा लङ्कामा कोलाहल हुन्छ । घरघरै आगो दन्किन्छ, बाल-वृद्ध सबै मर्छन्, कोही भाग्छन्, यस्तो सुवर्णमय लङ्का जसलाई हनुमानले राक्षसको फौजको आहुति अग्लिने दिन्छन् । आगो निभाउन पुच्छर

समुद्रमा चोपेर हनुमान सीताको साथमा बिदा माग्न जान्छन् । हनुमानको पुरुषार्थ देखी सीता पनि खुसी हुँदै अब गएर सबै हाल रामलाई सुनाउन भन्छिन् र हनुमान पनि उफ्रँदै गएर सारा वृत्तान्त रामलाई सुनाउँछन् । रामले हनुमानलाई काखमा राखी तिमी सधैँ चिरञ्जीवी हुनु भनी आशीर्वाद दिन्छन् र यस लीलाको अन्त्यमा कवि पुष्पराजले धन, सम्पत्ति, पत्नी, पुत्र आदि भनेको सबै नाशवान् हुन्, त्यसैले यो सबै जानी रघुनाथको नै भक्त बनी यो जीवन बन्धनबाट मुक्ति पाउनुपर्छ र जस्तोसुकै विपत्तिमा पनि आत्तिनु हुँदैन, विशाल बुद्धिले काम गर्नुपर्छ भन्ने सन्देश दिँदै यस लीलाको अन्त्य भएको छ ।

## ५.३.१२ दशम लीला

यस लीलामा ७४ श्लोकहरू रहेका छन् । सीतालाई सम्झी चित्त अस्थिर भएका राम हनुमानतिर फर्केर लङ्काको खबर कस्तो छ, रावणलाई कसरी मार्न सकिन्छ आदि सोध्छन् । रामको कुरा सुनी भक्तिले शिरमा हात राखेर हनुमान भन्छन्- चारैतिर पर्खाल, समुद्रले घेरेको त्रिकुट बीचमा दिव्य लङ्का छ, चारैतिर पहरा दिएर बसेका राक्षसहरू हतियारधारी टनाटन छन्, देवताहरूबाट गम्य छैन । त्यस्तो ठाउँमा पुगेर प्रभुको प्रतापले गर्दा सबै वाटिका सैन्य र रावण पुत्र मारेर पोली लङ्का सबै ध्वस्त पारेर प्रभुको पाउमा आएको भनी वृत्तान्त सुनाउँछन् । यो सुनेर श्रीराम हर्ष विभोर भै अब रावणलाई वंशैसहित मार्नुपर्दछ र हाम्रो युद्धमा विजय हुने बेला आयो भन्दै राम, लक्ष्मण, सुग्रीव र सारा वानरहरू हनुमानसहित पर्वत नाघ्दै वनका कन्दमूल खाँदै विशाल समुद्रको तिरमा पुग्दछन् । उता रावण एउटा बाँदले यति धेरै नोक्सान पार्‍यो भन्दै छट्पटिन्छ । यो देखेर सबै राक्षसहरू फुर्तीसाथ भन्छन्- त्यो जाबो वानरले के गर्न सक्छ र ? हजुरबाट आज्ञा भए हामी राम, लक्ष्मण र वानर फौज सबै मारेर आउँछौं भनी रावणलाई धैर्य गर्न आग्रह गर्छन् । यो देखेर रामभक्त विभीषण भन्छन्- एउटा वानरले त यस्तो गर्‍यो, सारा फौज आए के गर्छन्, काल उत्पत्ति गर्दछ र विनाश पनि काल नै गर्दछ । त्यसैले आफ्नो हित हुने काम गर, सत्कर्मबाट नै यो उपाधि छुट्दछ, त्यसैले दुष्कर्म नगर, मनको घमण्ड छोडी सीतालाई राममा सुम्पेर प्रभुको शरण पर भन्छन् ।

सर्पलाई दुध पियाएर विष नै बने झैँ मूर्ख रावणलाई अर्ति दिँदा झन् रिसले अग्नि झैँ जली भाइ विभीषणलाई भन्छ, एउटै पेटको भाइ भएर पनि तँ आज शत्रुको पक्ष लिएर बोल्छस्, अर्को भाइ भए मार्ने थिएँ, तँ पनि शत्रु नै रहेछस् । जा रामकै दास बनेर बस् भनेर गाली गर्छन् । यति सुनेर विभीषण पनि तपाइँको बिदा पाए जान्छु म तर मेरो वाक्य पछि गला लाग्नेछ भनी रामको शरणमा जान्छन् । त्यसैले कविले यहाँ दुष्टको सङ्गत गर्दा बुद्धि बिग्रन्छ भनी दुष्टको सङ्गत नगर्न आग्रह गरेका छन् भने यता राम लक्ष्मण सीतालाई लीन भनी फौस सहित समुद्रको छेउमा पुगी सबै पानी शोसेर जान्छु भन्दा सागर डराएर जल सुक्यो भने सबै प्राणी मर्नेछन् । त्यसैले समुद्रले पुल बनाई जान आग्रह गरी समुद्रको बात रामलाई वेश लागेर पाँचौ दिनमा नै पुल बनाई सारा फौज रामका साथ सिन्धुबाट पार तरी लङ्का समीप पुग्दछन् । लङ्काको चारैतर्फको बाटो बन्द गरी राक्षसी फौजसँग लड्न जान सारा वानर फौज तयार भयो । ठूला-ठूला वीरहरू वानरको झोंकमा परी नष्ट हुन्छन् । बन्धुको नष्ट हुँदा रावण शोक गर्दै रुन्छ र अन्त्यमा कविले रामको नै सेवा गर्नुपर्छ, सांसारिक माया मोहमा भुल्नु हुँदैन, धर्मको पालना नगर्दा दुःख, शोक पर्दछ भनी यस लीलामा वर्णन गर्दै सन्देश दिएका छन् ।

## ५.३.१३ एकादश लीला

यस लीलामा ९१ श्लोकहरू रहेका छन् । भाइ, बन्धु, भारदार सबै बोलाएर जम्मा गराई रावण भन्दछ- किन यति धेरै फौज हुँदा पनि त्यो पाजी वानरले आएर लङ्कामा विध्वंश गर्‍यो, कुम्भकर्ण महावीर दाजुलाई सम्झाउँदै भन्छ- सबै शत्रुको नाश गर्ने, अन्यायमा न्याय दिलाउन राम अवतारको जन्म भएको छ, त्यसैले सीताजीलाई रामको शरणमा सुम्पेर आएमा नै हाम्रो कल्याण हुन्छ, नत्र सबै वंश नाश भई सर्वस्व जाने छ भनी रावणमा विन्ती गर्दछ । भाइको बात सुनेर रावणले जल्दै भन्छ- दुर्दशाबाट बाँधिदा अर्ति पनि विषझैँ हुन्छ, मलाई उपदेश मिलोस् भनी तँलाई सोधेको छैन, जा जति इच्छा छ गएर सुत् । मेरो आदेश मान्ने हो भने युद्ध गरी सबै शत्रुलाई ध्वस्त पारेर आइजा भन्दै रावण गर्जिन्छ । रावणको बात सुनी दिक्क भएको कुम्भकर्ण युद्ध गर्न जान्छ । पर्वततुल्य त्यो कुम्भकर्ण सँगसँगै वानरका फौज पनि लड्थे तर सबैलाई निमोठी मुखमा निल्थ्यो कुम्भकर्णले । यो देखेर रामले

दुवै हात काटिने गरी बाण हाने, त्यसपछि खुट्टा, मुख, शिर काटिइ कुम्भकर्ण मऱ्यो । कुम्भकर्ण मऱ्यो भन्ने सुनी रावण आफै लड्न जान तयार हुन्छ तर उसको पुत्र इन्द्रजीतले म हुँदाहुँदै हजुरलाई के को दुःख, म लड्नेछु, विजयी भइ आउने छु भन्दछ । छोराको कुरा सुनेर रावण दरबारमा गई यज्ञ गर्न लाग्छ । यो सङ्केत रामले पाएर लक्ष्मणलाई गएर त्यो यज्ञ बिगार्न आग्रह गर्दछन् र लक्ष्मण गई त्यो यज्ञ विध्वंश गर्नका साथै इन्द्रजितलाई पनि मार्दछन् । अब अर्को पुत्र पनि मऱ्यो भन्ने सुनी रावण अधैर्यले भुइँमा लडी विलाप गर्दछ । मन्दोदरीले पतिको यो शोक देखी भन्छिन्- अरूको पत्नी हरेर ल्याउँदा सबै वंश नै सखाप भयो, चाँडै सीतालाई रामका साथमा सुम्पेर बरु रामको नै भक्त भई बस्न अनुरोध गर्छिन् । सबै भाइ, बन्धु मरे अब म बाँचेर के स्वार्थ भयो, बरु शत्रुसँग लड्र नै मर्नेछु, तिमी जीवन अनित्य जानी दरबारमा गई धैर्य गरेर बस भनी रावण रानीलाई सम्झाउँछ । यति भन्दै रावण सङ्ग्राम जान तयार हुन्छ तर फेरि विचार बदलिएर होम गर्छु, अग्निले शस्त्रास्त्र दिन्छन् भनी ढोका बन्द गरी हवन गर्न थाल्दछ, धुवाँ उडेर सङ्केत मिली अङ्गद र हनुमान आइ यज्ञ ध्वस्त पार्दछन् । छोरा, बन्धु, बान्धव सबै मर्दा आज यो गति भयो भन्दै रावण क्रुद्ध भई उठ्दछ, अङ्गद र हनुमान भाग्छन् । मन्दोदरी यो राज्य विभीषणलाई सुम्पेर रामको नाम जप्दै बस्न रावणमा विन्ती गर्छिन् तर मूर्ख रावण घमण्ड गरी म त वीर रावण हुँ, तिमी शोक नगर, शत्रुको शरण पर्दा कीर्ति हाम्रो जानेछ, त्यसैले रामका साथ लडेर जिते सीताका साथ राज्य गर्नेछु, हारे रामबाट मर्न पाए परमधाम पुग्दछु, तिमी दरबारमा सबै शोक त्यागी सङ्गीहरूसँग आनन्दले बस भनी मन्दोदरीलाई सम्झाउँदै युद्धमा जान्छ । राम र रावणबीच ठूलो युद्ध हुन्छ । देवताहरू विमानमा बसेर हेर्छन् । धुमधाम युद्ध हुन्छ, वानरहरू उसलाई कुल्चने चिथोर्ने गर्छन् । मुठीले छातीमा हान्दा मूर्छा परेको रावणलाई राक्षसहरूले उपचार गरी ठण्डा बनाउँछन् । फेरी स्वस्थ बनी युद्ध गर्न जान्छ, सयौं पटक दुष्ट रावणको शिर काटिँदा पनि नमरेको देखी विभीषणले यसको नाभीमा अमृत छ भन्ने सङ्केत दिन्छन् । यो थाहा पाएर अग्नि बाणले अमृत शोषण गर्दछन् र रामले लक्ष्मणलाई रावण शास्त्रज्ञ बुद्धिमान छ, यसको अर्ती लिएर आउनु भनी पठाउँछन् । लक्ष्मण रावणको समीपमा गएर हितोपदेश माग्छन् । यो सुनेर रावणले प्राण जाने बेला भयो, सबै कुरा बिलाइसके तर पनि बाबु कुनै पनि काम आँटेपछि गरिहाल्नु, सबैलाई एकैनाश गर्नु, पाश्चात्य शास्त्रमा आस्था गराई सत्य विद्या सनातन मास्ने इच्छा थियो तर जीवको अन्त्य भएको हुँदा यो अहिले पूरा

हुन सकेन कलिमा मेरो धोको पुरा हुनेछ भनी लक्ष्मणलाई बिदा दिन्छ । विद्वान् भएर पनि शर्म नलिई नीचकर्म गर्छ तर पनि उसका राम्रा कुराको रहस्य जति लक्ष्मणले लिन्छन् । यसरी यस लीलाको अन्त्य भएको छ ।

## ५.३.१४ द्वादश लीला

यस लीलामा ८८ श्लोकहरू रहेका छन् । राम र रावणाबीच भीषण युद्ध भएको थियो । देवता, गन्धर्व आदि प्रार्थना गर्दै हेर्थे । भूमि, सिन्धु, शैलादि थर्थरी काँप्दथे । काग, गिद्ध, कुकुर, स्याल कराउँथे । यस्तो दृश्य देखी मन्दोदरीलाई अब अनिष्ट हुने भयो भन्ने लागेर हृदय काँपेको थियो । श्रीरामले बाण ताकेर दुष्ट रावणको छातिमा हानेका थिए । बाणद्वारा दशै शिर काटियो र जिब्रो टोकेर रावण भुइँमा लम्पसार पऱ्यो । सारा राक्षसहरू डराएर भागे । सबैतिर विजयको बाजा, शङ्ख आदि बज्न थाल्यो । राममा पुष्पवृष्टि गरीसबै देवताहरूले जयजयकार मनाए । साक्षात् पार्वतीका साथ आएर शिव पनि रामको जय होस् भनी स्तोत्र पाठ गरे । कहिल्यै नपलाउने गरी काँडाको वृक्ष काटेर फालियो । मन्दोदरी पतिको गति देखेर भन्छिन्- हे प्रभु ! हजुरको कीर्ति कति ठूलो थियो, हजुरको भयले धर्ती नै काँप्दथिन्, इन्द्रादि देवता सबै डराउँथे, यस्ता वीर आज हरूवा भइ जमीनमा लडेका छन् । रुने भाइ, बन्धु, छोरा सबै मरे आदि विविध शब्दका साथ अलाप विलाप गर्दै रोइन् । घमण्डी मूर्ख भए पनि रामको हातबाट मर्न पाउँदा सत्गति प्राप्त गरे भनी चित्त बुझाउँछिन् । रामको पुकाराले उनको चित्त पग्ली राम मन्दोदरीलाई शोक नगर्न आग्रह गर्दछन् । जन्मने सबै मर्छन्, ढिलो चाँडो मात्र हो । त्यसैले शोक छोडी दाह संस्कार गरेर इच्छा भए मसँग वरदान माग भन्दछन् । रामको यस्तो मिठो वाक्य सुनेर मन्दोदरी मनमा शानत गरी पतिको धोको पूर्ण गरिदिन भन्छिन् । रामले रावणको धोको कलिमा पुरा हुनेछ, मरेका राक्षसी जति ब्राह्मण भई जन्मी धर्मको शोषण गर्नेछन्, शास्त्रलङ्घन गरी मर्यादा नाघ्छन् । वेद, धर्म अनिष्ट गरी कार्य, अकार्य केही जान्दैनन् । सारा मानिसमा लोभ र मोह हुन्छ । वेद, देवता, साधुको निन्दा गरी परिश्रम नगरी समय खेर फाल्छन् । ब्राह्मण नै शास्त्रको मर्यादा तोड्छन् । ईश्वर छैन भनी लोकमा ठूलो कोलाहल हुन्छ । यस्तो हुँदा रावणको धोको पुग्यो भन्ने तिमीले जान्नु । मैले यही वरदान दिएँ भन्दछन् । रामको कुराले मन शान्त भई रामको

दर्शन गर्छिन् । मन्दोदरी रामको करुणा पाई रावणको शोक गर्न छोडी आनन्दले बस्दछिन् । दाजुको शोकमा रोएका विभीषणलाई पनि रामले सम्झाएर दाह-संस्कार गर्न लगाउँछन् यी सम्पूर्ण काम सकेपछि रामले सीतालाई ल्याउन आज्ञा गर्छन् । विभीषण, हनुमान, अङ्गद सबै गएर खुसी हुँदै सीतालाई ल्याउँछन् । रामले सीतामा विश्वास नगरेको हुँदा वानरहरूले सारा दाउरा जम्मा पारी आगो बालेर अग्नि परीक्षा लिन्छन् । सीताले पनि मेरो मनमा राम बाहेक अरू कोही छैन, अरूको सम्झना मात्र भए पनि मेरोदेह भस्म होस् भनी शपथ खाँदै अग्निमा प्रदक्षिणा गरी अग्निमा पस्दछिन् । यस्तो देखेर सबैको मन खिन्न हुन्छ । तर अग्निने सीतालाई केही गर्न नसकी उनी झन् देदीप्यमान हुन्छिन्, यो देखेर सारा लोक सीताको दर्शन पायौं भनी खुसी भई राक्षसका लासजति फ्याँक्दछन् र वानरका लासजति अमृत छिटेर बचाउँछन् । दुष्ट रावण मार्दा सबै लोकमा शान्ति हुन्छ भने जानकीसँग भेटेर राम पनि आनन्दमा हुन्छन् र पिताको वाक्य पूर्ण भयो आज अब म सीताको साथ अयोध्यापुरी जान्छु, नगए भ्रातृत्व वर्गमा पनि शोक हुन्छ भन्दै सीताका साथ विमानमा चढी रामको अयोध्यानगरी सवारी हुन्छ । भाइबन्धुहरू रामको पाउमा दण्डवत् गर्दै हर्षको वर्षा गर्छन् । अङ्कमाल गर्दै एक आपसमा कुशल वार्ता हुन्छ । यसरी अयोध्या नगरी उत्साह, मङ्गलले वैकुण्ठैसरी हुन्छ । यस लीलाको अन्तमा भनीएको छ :-

> गर्छन् जस्ले रामको भक्तिभाव
> त्यस्ता भक्त विश्वमा छन् अभाव
> यस्तो सम्झी रामको पर्नु
> संसारबाट सजिलै पार तर्नु ।

यसरी हरेक लीलाको अन्तमा कवि पुष्पराज देवकोटाले रामको सेवा, भक्ति गर्न आग्रह गरेका छन् । यिनै प्रसङ्गहरूका साथ यस लीलाको अन्त्य भएको छ ।

### ५.३.१५ त्रयोदश लीला

यस लीलामा ८९ श्लोकहरू रहेका छन् । निराशामा रहेका सबै सन्त सज्जनहरू राम-सीताको आगमन हुँदा हर्षविभोर हुन्छन् । रङ्गीचङ्गी ध्वजा तोरणले अयोध्या वैकुण्ठसरी नै बन्न गएको छ । राम नहुँदा भरतले दाजुको खराउ राखी राज्य चलाएका थिए । त्यही

खराउ रामको पाउमा टक्र्याउँदै राज्यको भार बिसाउँछन् । मनको चिन्ता सबै हटी शान्ति भएको हुँदा दाजुको सेवा गर्दै बस्न अग्रसर हुन्छन् । रामले पनि भाइलाई आफूले पाएको राज्य फिर्ता दिँदा तिम्रो विचार, तिम्रो भक्ति र प्रेम सदा लोकले गाउन् । बन्धु मारेर कुकर्म गरी अरूले राज्य गर्छन् तर तिमीले पाएको राज्य पनि मलाई दियौ भन्दै भाइमा प्रेमभाव प्रकट गर्दछन् । गाईका लहिना बाच्छा दौडेसरी रानीहरू दौडँदै आइ राम-सीताको दर्शन गरी मनको सबै दारिद्र्य हटेको महसुस गर्दछन् । आमाहरू पनि रामको शिरमा आशिर्वाद दिँदै आफूहरूलाई भाग्यमानी सम्झन्छन् । दरबारमा माताहरूका साथ विभिन्न वार्ता हुन्छ र गुरुले सबै प्रतिज्ञा पूर्ण भयो, सिंहासन सिँगारी चारै समुद्रको पानी ल्याई काम शुद्ध पार्न आग्रह गर्दछन् । राम र सीता पनि गुरुको आदेश अनुसार उपवास बस्दछन् र गुरुले मन्त्र पढी राज्य तिलकका साथ रामको राज्याभिषेक हुन्छ । सारा राज्यको भार रामले लिन्छन्, सबै राम राज्यमा केही दुःख थिएन, सबैका मनमा आनन्द थियो, गुरुका साथ बसेर रामले राजाको कार्य के हो भनी सबै सोध्दछन् । रामका कुरा सुनी खुसी भई गुरुले सबै राज्यनीति बताउँछन् । वेद संस्कार लिएर देह शुद्ध बनाई प्रजामा प्रेमका साथ क्षत्रीयले राज्य गर्नुपर्छ, राजनीतिज्ञ नभए लोकमा विघ्न पर्दछ, राजा भनेको ईश्वरको स्वरूप हो । प्रजामा पक्षपात नगरीकन अन्याय गर्नेलाई दण्ड दिनुपर्छ । राज्यको मर्यादा नीतिमा बस्नुपर्छ, निर्धाको धन, सम्पत्ति जग्गा, नारी आदि खोसी बलवान् मोज गर्दछन्, सिंह, सर्पजस्ता व्यवहार गरी दुर्नीति ल्याई पशु समानका व्यवहार गर्छन् । यस्ता नरलोकमा राजाले दण्ड दिएर धर्मका साथ राजकाज चलाउनु पर्छ । राजा विद्वान्, प्रतापी, शूरवीर, चातुर्य, नीतिवान्, धीमान्, दण्डचालक, सिपालु मर्यादा, धर्मका साधक चाहिन्छ । राज्यको काम ठूलो भएको हुँदा अरू मन्त्री, बुद्धिमान्, शास्त्रार्थ, सर्वतत्त्व ज्ञानी, नीतिवान् व्यक्तिहरू पनि राख्नुपर्छ । धीर, उद्यमी, उच्च कुलका चतुरा व्यक्तिहरूलाई राष्ट्रको मन्त्री बनाउनु पर्छ । गाउँ, जिल्ला सबै ठाउँमा काम गर्ने अध्यक्ष, सदस्य, न्यायिक कुरा जान्ने व्यक्तिहरू परिचालन गर्नुपर्छ । जता पैसा उतै ऐसा भन्ने खालका घुसखोरी, लोभी र पापीलाई देशमा बस्न दिनुहुन्न । राजाले देशको दुष्ट, कण्टक हटाई राष्ट्रमा सबै चिजबीज, फलफूल, पशुपक्षी, पानी, इन्धन, वस्त्र, बाटो, पुल, पोखरी, धारा, पाटी, पौवा, सन्धिसर्पन, जडिबुटी औषधी, विद्यालय सम्पूर्ण कुराको व्यवस्था गर्नू, सनातन धर्म मान्नू, नास्तिकको सङ्गत नगर्नू, विद्वान्को सङ्गत गर्नू, सबै दुःख हटाई विकास गर्नू, विपरीत कर नलिनू, प्रजालाई दुःख नदिनू, प्रजा भनेको पुत्र समान मान्नू,

कसैलाई मर्का नपारी कार्य गर्नू, विदेशी भाषा भेष, व्यवहार भित्रिन नदिनू, पाश्चात्य भेषभूषाले देशको सत्ता नै बिग्रन्छ, स्वधर्म नत्याग्नू आदि भनी गुरु वशिष्ठले रामचन्द्रलाई राज्यनीति सिकाउँछन् । गुरुको वाक्य सुनेर रामचन्द्रले नम्रताका साथ भक्तिभावले दण्डवत् गर्दै गुरुको आज्ञा स्वीकार गरी सोही अनुसार राज्य चलाउँछन् । त्यसैले नीतिपूर्वक राज्य चलाउँदा सम्पूर्ण जनताको इच्छा पूर्ण भई प्रफुल्ल मनले रहेका थिए । यसरी यिनी प्रसङ्गहरूका साथ यस लीलाको अन्त्य भएको छ ।

## ५.३.१६ चतुर्दश लीला

यस लीलामा १३७ श्लोकहरू रहेका छन् । यस **सङ्क्षिप्त पद्यरामायण**मा रहेका चौध लीलामध्ये सबैभन्दा ठूलो लीला यही हो । नास्तिक खडेरीले सुकेको धर्ममा रामले अब सुखका धारा वर्षाउन थाले । स्त्रीहरू सबै पतिव्रता थिए, कसैलाई शोक थिएन, चोरी, असत्य, जुवा, मद्य आदि केही थिएन । खेतीपाती, अन्नपात, वर्षात सबै समयमा हुन्थ्यो । यस्ता धर्मात्मा राजा पाउँदा सबै खुसी थिए । एक दिन रामले सबै प्रजालाई जम्मा गरी भने, समस्त जनले ईश्वरमा भक्ति गर्नू, सद्कर्म गर्नू, विद्या पढ्नू, पढाउनू, दान-यज्ञ गर्नू, शोक-मोह हटाउनु, आफ्नो सनातन धर्म मान्नु, लोकको कल्याण हुने काम गर्नु, सत्सङ्ग भक्तिभावले काम गर्नु आदि भन्दै प्रजामा स्नेहले प्रेमवर्षा गर्छन् । फेरी रामले लक्ष्मणलाई प्रजामा दुःख के छ बुझेर आऊ भनेर देश सबै घुम्न आग्रह गर्दछन् । रामको आज्ञा पाई घुम्न लक्ष्मणले शिरोपर गर्दै सबै ठाउँमा घुम्दछन्, जतातातै पाटी, पौवा, धारा, पुल, बाटो, फलपुष्प, कृषि, ईश्वरमा भक्तिभाव, सत्कर्म आदि गरी प्रजा खुसी भई बसेको देख्दा लक्ष्मण खुसी हुन्छन् । निर्मल खोलानाला, जलजन्तु, रोगशोक सारा हटाई रामको राज्य पाई मनको कालो हरायो । सबै उद्योग गरी आफ्नो गुजारा आफै गर्छन् । रामको सङ्ग पाएर साधुको चित्त शान्त हुन्छ, दुस्ताप, दुष्कर्म, दुराचार सबै हटेर जान्छ, रामचन्द्रले नीतिपूर्वक राज्य चलाउँछन् । राम एक आदर्श राजा कहलाउँछन् । एक दिन राम राज्यमा झगडा हुन जान्छ । एउटा मागेर जीविका गर्ने गाउँको भिक्षुकलाई कुकुरले छुँदा उसले रिसाई कुकुरको ढाड नै भाँचिने गरी लाठी प्रहार गर्छ, त्यसपछि रुँदै कराउँदै त्यो कुकुर रामको ढोकामा पुग्छ, रामले के अन्याय भयो तिमीलाई भनी सोध्दा- भिक्षुकले अन्याय गरे भन्दछ ।

भिक्षुकलाई तुरुन्तै पक्रेर ल्याई किन व्यर्थमा यो पशुलाई अन्याय गऱ्यौ भन्दा भिक्षुकले मलाई यसले डुल्दै हिँड्दा छोएर अपवित्र पारेको हुँदा क्रुद्ध भई लाठी हान्दा यो चोट पायो । भिक्षुकको कुरा सुनी रामले कुकुरलाई के सजाय दिऊँ भनी सोध्दा कुकुरले भन्छ - "पहिला म शिवको पुजारी थिएँ, शिवस्व भोग गर्दा मेरो कुकुर योनिमा जन्म भो, त्यसैले यसलाई पनि यस्तै होस् र म पनि यसलाई ढाड भाँच्ने गरी हान्नेछु भन्ने वर माग्दछ । कुकुरको कुरा सुनी सबै दङ्ग पर्छन् र कुकुर आफ्नो वर पूरा भई रामको जय पुकार्दै बिदा हुन्छ । रामको नीतिमा केही खराबी छ कि भनी गुप्तचरहरू डुल्दै हिँड्ने क्रममा एउटा गुप्तचर धोबीको घरमा पुग्दछ । त्यहाँ पतिपत्नीको झगडा भइरहेको र पतिले पत्नीलाई विभिन्न गाली गलौज गर्दा धोबी पत्नीले रामले अर्काले हरेर लगेको पत्नी त चोखी भनेर ल्याए भन्छे, यो सुनी धोबीले म धोबी पुत्र भए पनि रामजस्तो हैन भन्दै पत्नीलाई घरबाट जान आग्रह गर्छ । यस्तो सुन्न नसक्ने कुरा सुन्दा गुप्तचर निन्याउरो मुख लाउँदै राम समीपमा पुग्छ । रामले के छ खबर भनी सोध्दा खिन्न मन गरी गुप्तचरले धोबीको कुरा सबै राममा प्रस्ट पार्दछ । दूतको वाक्य सुनेर खिन्न भएका रामले लक्ष्मणलाई बोलाई मसँग प्रत्युत्तर नगरी सीतालाई भोलि मुनि दर्शन गर्न भन्दै झुक्याएर वनमा लगेर छोडेर आउन आग्रह गर्दछन् । दाजुको आज्ञा नाघ्न नसकी विलाप गर्दै बडो कठिनसँग भाउजुलाई तपोवनवर्ती वाल्मीकि आश्रम निकट लगेर छोडिदिन्छन् र सबै यथार्थ बताउँछन् । लक्ष्मणको कुरा सुनी रुख ढलेसरी भुइँमा ढलेकी सीतालाई वाल्मीकि ऋषिले आफ्नो आश्रममा लगी छोरीझैँ पाल्छन् । सीता पनि मुनि आधारमा कन्दमूल फलाहार गर्दै आश्रममा बस्दछिन् । बडो सङ्कटले दिन बिताउने क्रममा त्यस्को तीन महिनापछि सीताले जुम्ल्याहा सुपुत्र पैदा गर्छिन् । वाल्मीकिले पनि ती दुई बालकको संस्कारादि कर्म सबै गरी लव र कुश भन्ने नाम राखी अत्यन्त प्रेमले पाल्दछन् । पुत्रको मुख देख्दा सीताले पनि सबै सङ्कट भुल्दछिन् । वाल्मीकिले तिनीहरूले शास्त्रास्त्र विद्या र सम्पूर्ण शास्त्रहरू पनि आफैले पढाई विद्यामा पूर्णतया प्रवीण बनाउँछन् । ती बालकहरू वेद, विद्या सबै पढ्ने, मधुरो बाणी र अति चतुर थिए । वालकहरू वाल्मीकिका साथ धनुर्वाण लिई जङ्गल घुम्थे । यसै क्रममा रामले एकदिन मैले रावणलाई मारेर ब्रह्महत्या गरेछु भनी प्रायश्चित्तका लागि अयोध्यामा अश्वमेघ यज्ञ गर्दछन् । रामले यज्ञको लागि छोडेको अश्वका साथ सेनापतिसँगै शत्रुघ्न पनि सबै देशमा घुम्थे । यसै बेला

खेल्ने क्रममा जानकी पुत्र अश्वलाई देखेर लड्न तयार हुन्छन् । सबै फौजलाई जिती शत्रुघ्नलाई मूर्छित पारी सुग्रीव, हनुमान आदि वानर पक्रेर अश्व लिई आफ्नो आश्रममा प्रफुल्ल भई आउँछन् र मातालाई ढोग गरी सबै कुरा बताउँदा सीता हाँस्दै भन्दछिन्, सुग्रीव तिम्रा मितबाबु हुन् । हनुमान मेरा भक्त हुन्, यो अश्व पिताको हो । शत्रुघ्न काका हुन् । यो सुनेर लव र कुश दुवै भाइ डरले काँतर हुँदै नजानी गर्‍यौँ भनी माफ माग्छन् । अश्व वानर सबै फौज अयोध्यामा गएर सारा कुरा रामलाई बताउँदा अश्वमेघ यज्ञ सकी मुनिका साथ जानकी र कुमारहरूलाई झिकाउन राम आग्रह गर्छन् । ती कुमारहरूको सबै हाल बुझ्छन् र वाल्मीकिले पनि तिम्रा पत्नी र छोरा यिनै हुन्, आफन्तको धर्मलाई लिएर शपथ गर्न सक्छु, सीता सर्वथा निर्दोष छिन् भनी वाल्मीकिले सबै सत्य बताउँछन् । ऋषिका कुरा सुनेर रामले सबै यथार्थ बुझ्दाबुझ्दै पनि लोकनिन्दाको डरले सीतालाई ग्रहण गर्न सङ्कुचित हुन्छन् र सीता पनि रामले नै नअपनाउने भएपछि आफू बाँच्नु व्यर्थ ठानेर धर्तीमातासँग पुकारा गरी धर्तीमा धाँजो फाटेर सीता त्यहीँ पसेर लीन हुन्छिन् । यसरी पत्नी वियोग सही केही वर्ष राज्य गरी राज्यको सम्पूर्ण भार पुत्रमाथि सुम्पेर राम भाइ, भक्तका साथ धाममा जान्छन् । त्यसको वर्णन कविले यसरी गरेका छन् :-

जसरी भए पनि श्रीराममा चित्त दिनू
सङ्कट जति परे नि त्यो सबै सहिदिनु ।
अचल मन गराई राम सेवा गरेर
दुःख बहुल संसार जान्छ पारी तरेर ॥

यिनै प्रसङ्गहरूको साथ **सङ्क्षिप्त पद्यरामायण** काव्यको चौधौं लीलाको अन्त्य भएको छ । रामबिना केही छैन, रामको सेवा गरे नै यस संसारबाट पार तर्न सकिन्छ । जति सङ्कट परे पनि राममा चित्त दिनुपर्छ भन्ने भावना कविले यहाँ व्यक्त गरेका छन् ।

## ५.४ पात्र वा चरित्रविधान

काव्यमा सज्जन-दुर्जन सबै किसिमका पात्रहरू हुनुपर्दछ भन्ने देखिन्छ । नायक त्याग, पुरुषार्थ, यौवन, उत्साह आदिले भरिएका धीरोदात्त हुनुपर्ने कुरामा पूर्वीय आचार्यहरूले जोड दिएका छन् । त्यसैले आजको सन्दर्भमा जन-जीवनको यथार्थिक र स्वाभाविक पात्र भए

पनि हुन्छ तर काव्यत्व प्रदान गर्ने प्रमुख तत्त्व पात्र वा चरित्र भएकाले पात्रहरू प्रभावकारी, पत्यारिला र सामाजिक हुनु आवश्यक छ ।[१०]

पात्रको अभावमा कथानकको परिकल्पना गर्न पनि सकिँदैन । पात्रले कथानकलाई गति प्रदान गर्नुको साथै समाजको विविध क्षेत्रको प्रतिनिधित्व गरेको हुन्छ । काव्यमा पात्रहरू स्त्री, पुरुष, मुख्य, सहायक, गौण, प्रत्यक्ष, अप्रत्यक्ष, अनुकूल, प्रतिकूल, गतिशील, गतिहीन, व्यक्तित्वगत, वर्गगत आदि भूमिका भएका हुन्छन् ।

**सङ्क्षिप्त पद्यरामायण** काव्य पनि महाकाव्यीय मान्यता अनुसार रचना गरिएको धेरै लीला र धेरै पात्र प्रयोग भएको काव्य हो । यसमा प्रमुख पात्रका रूपमा धीरोदात्त गुण भएको नायक राम र उच्च कुलीन परिवारकी नायिका सीता रहेका छन् । यस काव्यमा मध्यमस्तरीय भूमिका निर्वाह गर्ने सहायक पात्रहरू, सामान्य भूमिका निर्वाह गर्ने गौण पात्रहरू, मानवेतर पात्रहरू, खलपात्रहरू आदि पात्रहरूको प्रयोग भएको छ । मुख्य राम र सीताको सेरोफेरोमा अन्य पात्रहरू गतिशील-गतिहीन रूपमा स्थापित भएको पाइन्छ । यस काव्यका सबैजसो पात्रहरू पौराणिक गुण भएका देखिन्छन् । राजा, रानी, ऋषि, तपस्वी, मन्त्री, देवगण, प्रजाहरू, ब्राह्मणहरू, सारथीहरू आदि पात्रहरू, राजदरबार र अन्य वातावरणको सेरोफेरोमा कथावस्तु सम्बन्धित छ र मानवेतर पात्रहरूको पनि प्रयोग भएको छ ।

## ५.४.१ प्रमुख पात्रहरू

आख्यानात्मक कृतिमा सबै पात्रले उत्तिकै कर्म वा उत्तिकै महत्त्वका कार्य गर्दैनन् । कार्य मूल्यको घटीबढीका आधारमा प्रमुख, सहायक र गौण गरी पात्रहरू तीन वर्गका हुन्छन् । बढी कार्य वा बढी मूल्यको कार्य गर्ने पात्र प्रमुख वर्गको हुन्छ ।[११] आख्यानात्मक कृतिमा जुन व्यक्तिको नाम सबभन्दा बढी प्रयोग हुन्छ, त्यो प्रमुख पात्र हुन्छ । यस **सङ्क्षिप्त पद्यरामायण** काव्यको प्रमुख पात्रहरूको चरित्र चित्रण यसप्रकार छ :-

[१०] कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** (काठमाडौं : क्षितिज प्रकाशन, २०६४), पृ. ६० ।

[११] मोहनराज शर्मा, **शैलीविज्ञान,** दोस्रो संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९), पृ. १५६ ।

**क) राम**

**सङ्क्षिप्त पद्यरामायण** काव्यमा मुख्य भूमिका भएका पुरुष पात्र राम हुन् । राम यस काव्यमा निर्भीक राजनीतिज्ञ दूरदर्शी व्यक्तित्व एवं कर्मवीरका रूपमा देखापर्दछन् । काव्यको कथावस्तु अनुसार रामको चरित्र भनेको अयोध्या देशका राजा दशरथ र कौशल्याको छोरा, रूपवान, शक्तिशाली, गुणी ब्राह्मणका भक्त, वेदका ज्ञाता, सत्यवादी, अश्व विद्याका ज्ञाता, प्रजारक्षक, सीताका पति, भरत, लक्ष्मण, शत्रुघ्नका दाजु, कष्ट र आपत्देखि संयम राख्न सक्ने, सर्वशक्तिवान् राजा लव र कुशका पिता, कोमल हृदय भएका अन्यायको विरोध गर्ने प्रजा रक्षक, सुग्रीवका मित्र, राजा आदि उनको चरित्र हो ।

यसरी यस काव्यका नायक राजा काव्यभरि सुरुदेखि अन्त्यसम्म कथावस्तु अनुसार कतैकतै प्रतिकूल पात्रका रूपमा चरित्र प्रदर्शन गरेको देखिएता पनि यिनको चरित्र अनुकूल देखिन्छ । उनकै त्याग र रागको सेरोफेरोमा सम्पूर्ण काव्य आधारित छ । रामको चरित्रलाई प्रस्ट पार्ने केही श्लोकहरू तल उल्लेख गरिएको छ । रामको वीरतापूर्ण कार्यलाई वर्णन गर्ने काम तलको श्लोकले गरेको छ :-

ताडका राक्षसी मार्दा मारीच् सुबाहु नासदा
रामको फैलियो कीर्ति विश्व अद्यापि सर्वदा । (पृ. ७/२३)

माथिको श्लोकमा रामको कीर्तिको वर्णन गरिएको छ ।

आफ्नो पिताबाट वनबासको आदेश पाएका राम पिताको आज्ञा सहर्ष स्वीकार गरी यसो भन्दछन् :-

छोराको मुख्य हो काम पिताको वाक्य पालन
तेसो हुँदा यसो भन्छु आज्ञाले जाउला वन । (पृ. २०/५२)

माथिको श्लोकद्वारा पिताको आज्ञापालन गर्नु नै छोराको धर्म र कर्तव्य हो भन्ने कुरा प्रस्ट पारिएको छ । आफ्नो दाजुलाई वनबास जान लगाउने पितामाता जो भए पनि म छोड्दिन भन्ने लक्ष्मणको बात सुनी रामले यसो भनेका छन् :-

कच्चा जिन्दगी यो जानी नगर देह घातन
क्रोध यो छाड मनको शत्रु जस्तो बुझीकन । (पृ. २३/७३)

रिस हो जीवको शत्रु रिस कुमार्ग घाउँछ

यो हो कुकर्मको बीज आखिर नरक पुऱ्याउँछ । (पृ. २३/७४)

यसरी माथिको श्लोकद्वारा रामले यो मानव जीवन कच्चा छ, त्यसैले यो बुझी क्रोध गर्नु हुँदैन, रिसले जीव कुमार्ग धाउँछ भन्ने सन्देश दिएका छन् ।

सीताको वाक्य सुन्दा मायाले लठ्ठ भैकन

साँच्चिकै मृग ठानेर राम ता जानु भो वन । (पृ. ३६/५१)

आफ्नो पत्नीप्रतिको अगाध प्रेमले गर्दा पत्नीको आग्रह नाघ्न नसकी नक्कली मृगको पछि लाग्दा रामले अनेक कष्ट पाएका छन् ।

बन्धु मारेर आशामा मन राखेर राज्यको

कुकर्म राजपुत् गर्छन् भई अधीन लोभको । (पृ. ११२/११)

त्यसो भए पनि बाबु पाएको सब राज्य यो

ममा फेरि दियो फिर्ता तिम्रो विचार धन्य हो । (पृ. ११२/१२)

माथिको श्लोकमा रामले भरतलाई भनेका छन्- बन्धु मारेर अरूले कुकर्म गरी राज्य गर्छन् तर तिमीले पाएको राज्य पनि मलाई फिर्ता धन्य तिम्रो विचार भनी भाइप्रति प्रेमभाव प्रकट गरेका छन् । यसरी **सङ्क्षिप्त पद्यरामायण** काव्यका नायक राम हरेक दुःख, कष्टसँग सङ्घर्ष गर्न सक्ने सहयोगी, पराक्रमी, त्यागी, असल राजकाज चलाउने एवं वीर पुरुष पात्रका रूपमा यस काव्यमा देखा परेका छन् ।

**ख) सीता**

सीता **सङ्क्षिप्त पद्यरामायण** काव्यको प्रमुख नायिका हुन् । सीता पतिव्रता, सुशील, सच्चा सतीत्व भएकी आदर्शवादी नारी पात्र हुन् । यस काव्यकी प्रमुख चरित्र जनक राजाकी छोरी सुशील नारी, रामकी पत्नी, मातृवत्सल्ययुक्त आमा, रावणको फन्दामा परेकी नारी, सतीत्व प्रबल भएकी पतिव्रता नारी, सुखमा नमात्तिने र दुःखमा नआत्तिने स्वभावकी, आफ्नो धारणा र विचारमा अडिग रहने उच्च वर्गीय सभ्य नारी पात्रका रूपमा सीताको चरित्र प्रस्तुत भएको पाइन्छ ।

खुसी थिए सीता-राम प्रेमका दहमा परी
सारा लोक थिए शान्त कल्याण माधुर्यले गरी । (१२/२७)
फक्रेका फूलमा सारा डुलेका भमरासरी
राम सीता बसेका त्यै लोकको चित्त सब् हरि । (पृ. १३/३६)

राम र सीताको बिहेमा सारा लोक खुसी थिए । राम र सीता पनि प्रेमको दहमा परी मन्त्रमुग्ध थिए भन्ने कुरा माथिको श्लोकबाट प्रस्ट हुन्छ । राम र सीताको आपसमा प्रेमभाव अत्यन्त प्रगाढ थियो भन्ने कुरा तलको श्लोकबाट प्रस्ट हुन्छ :-

स्वामी जान्छु म ता साथै सेवा गर्दछु पाउको
बस्नेछु सँगमा नित्य छाया जस्तै हजुरको । (पृ. २३/८०)

रावणको दुर्वाच्य सुन्दा पनि सीतामा कत्तिपनि डरभाव छैन भन्ने कुराको तलको श्लोकबाट स्पष्ट हुन्छ :-

लोकको मान्य हूँ राजा लिँदै यो अभिमानता
हरिस् पतिव्रता नारी तेरो नीति गयो कता । (पृ. ६४/४३)

आफू सत्य, निर्दोष र पतिव्रता हुँदा पनि लोकनिन्दाको डरले रामले सीतालाई नस्वीकार्दा उनी धर्तीमातासँग पुकारा गर्दै यस पृथ्वीमा लीन हुन्छिन् । कुनै पनि लोभ-लालचामा नपरी आफ्नो पतिव्रता धर्मलाई पालना गरी रामकै सम्झनामा आफ्नो जीवन अर्पण गर्ने सीता एक सत्यवादी, धैर्य, सुशील र कर्तव्यपरायण नारी पात्र हुन् ।

## ५.४.२ सहायक पात्रहरू

कृतिमा प्रमुख पात्रले भन्दा कम भूमिका खेल्ने वा प्रमुख पात्रलाई सहयोग गर्ने पात्रलाई सहायक पात्र भनिन्छ । यस **सङ्क्षिप्त पद्यरामायण** काव्यका सहायक पात्रहरू यसप्रकार रहेका छन् :-

**क) भरत**

**सङ्क्षिप्त पद्यरामायण** काव्यमा भरत, कैकेयी र दशरथका छोरा, रामका भाइ, सत्यवादी, वीर, प्रजापालक राजा हुन् । कर्तव्यपरायण छोरा, दानी, सरल, निष्कपट हृदय भएका निःस्वार्थी, करुणाका प्रतिमूर्ति र विवेकशील राजाका रूपमा देखा पर्दछन् । यिनी सहायक, अनुकूल र सत्पात्र हुन् । कर्तव्यनिष्ठ, परिवारको मर्म बुझ्ने उदार भावनाको नमुनाका रूपमा भरतलाई यस काव्यमा देखिन्छ । चौध वर्षको वनबास पुरा गरी आएका आफ्ना दाजुलाई राज्यको भार बिसाउँने भरतमा राजकाजप्रति कुनै लोभ मोह नभएको कुरा तलको श्लोकबाट प्रस्ट हुन्छ :-

सेवा हजुरको गर्दै पाऊँ बस्न सदा भनी
भरतले गरे बिन्ती राममा प्रेमिला बनी । (पृ. १११/८)

**ख) लक्ष्मण**

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा लक्ष्मण पनि सहायक पात्र हुन् । दशरथ र सुमित्राको छोरा, सत्यवादी, वीर शत्रुघ्नको दाजु, राम र भरतको भाइ, सरल, निःस्वार्थी विवेकशील र आफ्नो दाजुभाउजूको हरसुखदुःखमा साथ दिने, प्रारब्धमा भन्दा पुरुषार्थमा विश्वास गर्ने, दयावान्, वीर योद्धा हुन् । रामभक्त लक्ष्मणले आफ्ना दाजुलाई वनबास पठाउन खोजेकोमा क्रुद्ध हुँदै यसो भनेका छन् :-

जानु हुँदैन जङ्गलमा घर छाडेर यो घरी
पिता भरत कैकेयी जाऊ लौ अहिल्यै मरी । (पृ. २२/६९)

लक्ष्मणको वीरताको वर्णन गर्ने एउटा श्लोक उदाहरणको रूपमा यसरी प्रस्तुत गरिएको छ :-

पाई श्रीरामको आज्ञा चाँडै गैकन लक्ष्मण
पारेर यज्ञ विध्वंस मारे त्यो इन्द्रजित्‌कन । (पृ. ९३/२७)

लक्ष्मण आफ्ना दाजु श्रीरामप्रति आज्ञाकारी थिए भन्ने कुरा तलको यस श्लोकद्वारा स्पष्ट हुन्छ :-

पारी निन्याउरो मुख रथ हाँकेर लक्ष्मण
लगे जङ्गलमा सीता मानेर प्रभु शासन । (पृ. १३१/९२)

माथिका यिनै श्लोकहरूद्वारा यस काव्यमा लक्ष्मणको वीरता र आज्ञाकारिताको बयान गरिएको छ । यसरी लक्ष्मण यस काव्यका सहायक पात्र हुन् ।

## ५.४.३ खल पात्रहरू

कृतिमा खराब कुराहरूको भूमिका खेल्ने पात्रहरू नै खलपात्र हुन् । यसमा रहेका खलपात्रहरू यसप्रकार छन् :-

**क) मन्थरा**

मन्थरा दशरथ राजाको घरमा काम गर्ने नोकर्नी हो । यसको स्वभाव ज्यादै दुष्ट, षड्यन्त्रकारी र अर्काको घर भाँड्ने खालको छ । कैकेयीलाई अनेक षड्यन्त्रकारी कुला लगाएर शान्तिसँग रहेको दशरथ राजाको राजाकाज नै लथालिङ्ग बनाइदिने एक दुष्ट नारीपात्र हो । मन्थराले कैकेयीलाई लगाएको कुराको उदाहरण हेरौं -

हेला गर्छन् तिमीलाई रामले राज्य पाउँदा
विचार छैन तिमीमा गयो बुद्धि कता-कता । (पृ. १५/५)
सौतामा जति छन् छोरा हुन्छ त्यो मुटुको किलो
सन्चै नै हो भनी ठानी पहिले नै विचार यो । (पृ. १५/६)

माथि यी श्लोकहरूबाट नै मन्थरा एक खलपात्र हो भन्ने कुरा स्पष्ट हुन्छ । यसरी कैकेयीलाई यिनै नानाथरी कुरा लगाएर मन्थराले शान्तिपूर्ण राज्यमा हलचल मच्चाएकी छ ।

**ख) रावण**

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा रावण राजा भएर पनि खलपात्रको रूपमा देखिएको छ । यो राजा रामको प्रतिद्वन्द्वी हो । यो बलवान् छ तैपनि अन्त्यमा आफ्नै कुकृत्यले रामद्वारा मारिएको छ । रावण लङ्काको राजा मन्दोदरीको पति, इन्द्रजित, अक्षयकुमारको बाबु, सुर्पणखा, कुम्भकर्ण र विभीषणको दाजु हो । खराब

चरित्र भएको अर्काको पत्नीसँगको मोजमज्जामा रमाउने मै हुँ भन्ने भावना भएको असल राजनीति नजानेको रावण ज्यादै रिसाहा, घमण्डी र मूर्ख राजा हो । अनेक छलकपटद्वारा हरेर लगेको सीताले आफ्नो पतिव्रता धर्म त्याग्न नमान्दा रावण यसो भन्छ-

छाड एकोहोरो बानी गर भोग मसँगमा
महारानी भनी मेरी मान्ने छन् तीन लोकमा । (पृ. ६४/३९)
हप्काई भन्छ त्यो रावण जानकीलाई रिसले
नमानी बात यो मेरो गयो यौवन शोकले । (पृ. ६४/३६)

उल्लिखित श्लोकहरूको अध्ययन गर्दा रावण एक खराब चरित्र भएको पात्रको रूपमा बुझ्न सकिन्छ ।

## ५.४.४ गौण पात्रहरू

कृतिमा ज्यादै कम वा कम महत्त्वको काम गर्ने एकदमै कम आउने खास भूमिका नभएका पात्रलाई गौण पात्र भनिन्छ । त्यस्तै यस काव्यमा इन्द्रजीत, कुम्भकर्ण, राक्षसादि पनि खलपात्रका रूपमा रहेका छन् । यस काव्यमा रहेका गौण पात्रहरू यसप्रकार छन् :-

**क) दशरथ**

राजा दशरथ अयोध्याका राजा राम, भरत, लक्ष्मण र शत्रुघ्न आदिका पिता, कौशल्या, कैकेयी, सुमित्राका पति हुन् । यिनी एक सत्यवादी, आदर्शवादी, दयावान् दानी, ऐश्वर्यी, धर्ममा निष्ठा राख्ने प्रजापालक राजा हुन् । यस काव्यमा यिनको पुत्रेष्टि यज्ञ गरेदेखि रामलाई वनबास पठाउने प्रसङ्गसम्म मात्र भूमिका रहेको छ । त्यसैले दशरथको यस काव्यमा खासै भूमिका देखिँदैन ।

**ख) कैकेयी**

कैकेयी भरतकी आमा, राजा दशरथकी माहिली पत्नी हुन् । यिनको पनि रामलाई वनबास पठाउने र भरतलाई राजा बनाउनेसम्म मात्र भूमिका रहेको पाइन्छ । त्यसैले यिनी पनि गौण पात्र नै हुन् ।

### ग) कौशल्या

रामकी आमा, दशरथकी जेठी महारानी हुन् । छोराप्रति माया ममता देखाउनु, पतिको सेवा गर्नु बाहेक अरू प्रसङ्गमा यिनको पनि कुनै भूमिका देखिँदैन । यिनी एक सुशील र सहनशील पत्नी र ममतामयी आमा हुन् ।

### घ) सुमित्रा

लक्ष्मण र शत्रुघ्नकी आमा, दशरथकी कान्छी महारानी हुन् । यिनको पनि यस काव्यमा कुनै महत्त्वपूर्ण भूमिका देखिँदैन ।

### ङ) मन्दोदरी

मन्दोदरी रावण पत्नी, इन्द्रजित, अक्षयकुमारकी आमा हुन् । यिनी मूर्ख रावणकी पत्नी भए पनि यिनलाई रामभक्तका रूपमा यस काव्यमा देखाइएको छ । रावणलाई सम्झाउने सामान्य प्रसङ्ग बाहेक यिनको पनि केही भूमिका देखिँदैन ।

### च) वाल्मीकि

वाल्मीकि आश्रममा बस्ने, सम्पूर्ण शस्त्रास्त्र विद्या जानेका एक सत्यवादी ऋषि हुन् ।

### छ) विश्वामित्र, वशिष्ठ

विश्वामित्र पनि एक तपस्वी महात्मा हुन् भने वशिष्ठ राम-लक्ष्मणका गुरु हुन् ।

### ज) लव र कुश

राम र सीताका पुत्ररत्न हुन् । यस काव्यको अन्त्यमा मात्र यिनीहरूको सामान्य भूमिका रहेको पाइन्छ । यसरी यस काव्यमा यिनै गौण पात्रहरूको भूमिका रहेको पाइन्छ ।

### ५.४.५ मनवेतर पात्रहरू

मानव जाति बाहेक अन्य प्राणीलाई बुझाउने पात्रलाई मानवेतर पात्र भनिन्छ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा मानवेतर पात्रहरूको पनि प्रयोग गरिएको छ । मानवेतर पात्रहरूमा गिद्ध, मृग, सर्प, सुग्रीव, हनुमान, अङ्गद, जाम्बवान, नील, नल आदि नाम गरेका बाँदर अशोक वृक्ष, विविध फलफूलका बोट, समुद्र, पुल, पहाड, पर्वत आदि मानवेतर कुराहरूको यस काव्यमा प्रयोग गरिएको छ । मानवेतर पात्रहरूको प्रयोगले गर्दा नै यस काव्यलाई सुन्दर बनाउन सहयोग गरेको छ । बाँदर जस्ता मानवेतर पात्रले नै राम-रावणको भीषण युद्धमा सहयोग पुऱ्याएका छन् ।

यसरी **सङ्क्षिप्त पद्यरामायण** काव्यमा यी विविध प्रसङ्ग र सन्दर्भका पात्रहरूको प्रयोग गरिएको छ । पुरुष, नारी, अनुकूल, प्रतिकूल, सत्, असत् सबै स्वभावका पात्रहरू यस काव्यमा प्रयोग भएका छन् । पौराणिक विषयवस्तु र आख्यान अनुरूप तिनै पौराणिक पात्रहरूको यस काव्यमा समय सुहाउँदो प्रयोग गरिएको छ । नायक र नायिकाका रूपमा रहेका राम र सीता कवि पुष्पराज देवकोटाका विचारवाहक पात्रका रूपमा उपस्थित भएका पाइन्छन् ।

## ५.५ द्वन्द्वविधान

द्वन्द्वले कथावस्तुलाई विकसित पार्न बल पुऱ्याएको हुन्छ । प्रायः काव्यमा आन्तरिक र बाह्य द्वन्द्व भएको पाइन्छ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा पनि कतै आन्तरिक द्वन्द्व र कतै बाह्य द्वन्द्व रहेका छन् । यहाँ यिनै द्वन्द्वहरूको विश्लेषण गरिएको छ ।

### ५.५.१ दशरथको आन्तरिक द्वन्द्व

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा दशरथमा विभिन्न किसिमको आन्तरिक द्वन्द्व भएको छ । विश्वामित्रले यज्ञमा विघ्न पार्ने राक्षसादिको बध गर्न राम-लक्ष्मणलाई लिन आउँदा दिऊँ कि नदिऊँ भन्ने द्विविधामा परी दशरथमा द्वन्द्व उत्पन्न भएको छ । त्यस्तै कैकेयीले रामलाई वनबास पठाई भरतलाई राजा बनाउने वर माग्दा राजाको मनमा एक

किसिमको छट्पटाहट उत्पन्न भई आफ्नो मनमा उठेको अन्तर्द्वन्द्वलाई यसरी प्रस्तुत गर्दछन्ः-

मुटु छेड्ने गरी बाणी बोल्यौ तिम्ले सुनेँ सब

विषाक्त बाणले पोल्दा देह छुट्दछ यो अब । (१९/३६)

यसरी कैकेयीको अनेक षड्यन्त्रकारी कुराले राजाको मनमा विभिन्न किसिमको द्वन्द्व उत्पन्न भई अन्त्यमा दशरथको प्राण नै जान्छ ।

## ५.५.२ कैकेयीको आन्तरिक द्वन्द्व

यस काव्यकी पात्र कैकेयी भरतकी आमा र दशरथकी माहिली पत्नी हुन् । मन्थराको षड्यन्त्रकारी कुरा सुनेर उनको मनमा उत्पन्न भएका उचारचढावहरू नै कैकेयीको आन्तरिक द्वन्द्व हो । मन्थराको कुरा सुनी मनमा द्विविधा भएकी कैकेयीले सुरुमा मन्थरालाई यसो भनेकी छन् :-

मन्थराको कुरा सुन्दा कैकेयी भन्दछिन् अरू

शुभवार्ता सुनाएमा दिन्थेँ स्याबासी नै बरु । (पृ. १६/११)

तर पनि अन्त्यमा मन्थराले कैकेयीको मनमा प्रभाव पारेरै छाड्छे । यसै क्रममा कवि पुष्पराजले अरूको भरमा कुनै पनि कुराको विश्वास गर्नु हुँदैन भन्ने भाव तलको श्लोकमा व्यक्त गरेका छन् :-

नगर्नु दुष्टको सङ्गत जस्तै साथी भए पनि

गर्दैन त्यसले आफ्नो राम्रो आखिरमा भनी । (पृ. १८/२८)

मन्थराको कुराले प्रभावित भएकी कैकेयीले यसो भनेकी छन् :-

मन्थरा वाक्यले गर्दा अग्नि बले सरी भयो

जल्यो कैकेयीको चित्त रिसले पूर्ण भै गयो । (पृ. १७/२०)

यसरी दुष्टको सङ्गतले गर्दा मनमा अनेक पाप उठेकी कैकेयीमा असत्यको क्षणिक जित भएको छ र आफ्नो वर पूरा गरी भरतलाई राजा र रामलाई वनबास पठाउने जस्तो कठोर निर्णय लिएकी छन् ।

### ५.५.३ राम र सीताबीचको आन्तरिक द्वन्द्व

राम र सीताबीच पनि आन्तरिक द्वन्द्व भएको छ । रावणले हरेर लगेको सीतालाई रामले लोकनिन्दाको डरले मनमा अनेक द्वन्द्व चली अन्त्यमा सीतालाई अपनाउन सक्दैनन् । सीताप्रति रामले विश्वास नगर्दा सीता अग्निपरीक्षा दिन बाध्य हुन्छिन् । यो पनि आन्तरिक द्वन्द्वकै कारणले हो । बाह्य रूपमा कुनै भनाभन नभए पनि रामले सीतालाई त्याग्नु, सीता रामबिना आफ्नो अस्तित्व व्यर्थ सम्झी धराभित्र पसी विलीन हुनु आदि उनीहरूबीच उत्पन्न भएको आन्तरिक द्वन्द्वकै कारणले हो ।

### ५.५.४ लक्ष्मण र सीताबीचको बाह्य द्वन्द्व

सुनको मृग समात्न भनी गएका राम चिच्याएको सुनी सीताले लक्ष्मणलाई खोज्न जान आग्रह गर्दा लक्ष्मणले दाइसँग सङ्ग्राम गर्न सक्ने कोही छैन भन्दा सीताले विश्वास नगरी रिसले क्रुद्ध हुँदै लक्ष्मणलाई आफ्नो दाजु मरे भनेको सुन्दा पनि खोज्न नजाने तिमी कपटी भाइ रहेछौ । हामीलाई मार्न भनी पछि लागेर आएका रहेछौ भन्ने जस्ता दुर्वाच्य बोल्दछिन् । यो सुनेर लक्ष्मण दिक्क भई भस्मको रेखा हाली भाउजू भएको ठाउँमा कोही जान नसक्ने गरी रामलाई खोज्न जान्छन् । यसै क्रममा रावणले छल गर्दा सीता त्यो रेखा नाघ्न बाध्य हुन्छिन् र रावणले उनलाई हरेर लान्छ । त्यसैले कविले यहाँ आफ्नो मर्यादामा नबस्दा दुःख पाइन्छ भन्ने भाव व्यक्त गरेका छन् । यसरी एक आपसमा भनाभन हुनु लक्ष्मण र सीताबीचको बाह्य द्वन्द्व हो ।

### ५.५.५ सीता र रावणबीचको बाह्य द्वन्द्व

यस काव्यको खलपात्र रावण र नायिका सीताबीच पनि बाह्य द्वन्द्व भएको छ । आफ्नो बलको धाक लगाउँदै रावण सीतालाई हरेर लैजान्छ भने रावणको धम्कीसित कत्ति पनि नडराई सीता आफ्नो पतिव्रत धर्ममा अडिग रहन्छिन् । रावणले सीतालाई हप्काउँदै यसो भनेको छ :-

आफ्नो कल्याणको बाटो किन हो अझ जान्दिनौ
बनी एकोहोरो खाली कसैको बात मान्दिनौ । (६४/३७)
हिँड्ने वनमा राम यौटा छ भाइ साथमा
मलाई कसरी जित्ला आशा गर्नु छ व्यर्थमा । (६४/३८)

रावणको यस्तो दुर्वाच्य सुनी आफ्नो पतिव्रत धर्ममा अडिग रहेकी आदर्शवादी नारी सीताले पनि यसो भनेकी छन् :-

ए दुष्ट तँ त होस् राती चम्केका तारकासरी

राम-सूर्य उदयमा अड्न सक्लास् कसो गरी । (६४/४१)

यसरी रावण सीताको पतिव्रता धर्म हरेर छोड्दछु भन्ने सोच्दछ भने सीता पनि त्यसलाई आफ्नो घमण्ड तोड्न आग्रह गर्छिन् । यसरी रावण र सीताबीच पनि बाह्य द्वन्द्व उत्पन्न भएको छ ।

### ५.५.६ राम र रावणबीचको बाह्य द्वन्द्व

यस काव्यको नायक राम र खलनायक रावणबीच बाह्य द्वन्द्व भएको छ । यो सत्य र असत्यबीचको द्वन्द्व हो । राज्य, धन, सम्पत्ति र बलले मत्त भएको रावणले रामकी पत्नी हरेर लान्छ भने रामले त्यस्ता दुष्ट र पापीहरूको वंश नै सखाप पारी लोकको भलाइ हुने काम गर्दछन् । राम र रावणबीच घमासान युद्ध हुन्छ र जति सङ्घर्ष गर्नु परे पनि अन्त्यमा सत्यको नै जित हुन्छ भन्ने कुरा कविले यसरी प्रस्तुत गरेका छन् :-

पापी रावण मार्दामा जीत श्रीरामको भयो

जो थियो राक्षसी सत्ता युद्धबाट कता गयो । (पृ. १०२/१५)

बजे विजयका बाजा लीलाबाट घनाघन

सबैतर्फ बजे शङ्ख नाच्न थाले दनादन । (पृ. १२०/१६)

यसरी दुष्टको नाश गरी सत्यको जित भई विजय उत्सव हुनु नै यस काव्यको चरम रूप हो । यस काव्यको प्रमुख द्वन्द्व भनेको राम र रावणबीचको हो भने अरू द्वन्द्व सामान्य नै रहेका छन् र यसरी सत्य र असत्यको बीच द्वन्द्व हुँदा सत्यको नै जित भएको छ । यसरी सत्यको जित गराउने रामावतारलाई नै मान्न कविले आग्रह गरेका छन् ।

## ५.६ प्रकृति चित्रण

कुनै पनि काव्यमा प्रकृतिलाई धेरैथोरै ठाउँ दिइएकै हुन्छ । प्रकृति भन्नु नै पृथ्वी हो र पृथ्वीका घटेका घट्नाका आधारमा बनाइएको कथावस्तुमा प्रकृतिचित्रणको अनिवार्यता

हुन्छ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा पौराणिककालीन परिवेशको प्रकृति चित्रण पाइन्छ । यसमा प्रकृतिका विभिन्न दृश्य र तत्त्वहरूको मनोहर वर्णन पाइन्छ । यस काव्यलाई प्रकृति चित्रणका दृष्टिले सबल काव्य मान्न त सकिँदैन तर कविले प्रकृति र मानवजीवनको अभिन्न सम्बन्ध देखाई यस काव्यलाई प्रकृति चित्रणबाट अलग पार्न सकेका छैनन् ।

प्रस्तुत काव्यमा राम वनबास जाँदा गङ्गानदी तरी चित्रकूटमा पुग्दा त्यहाँ आश्रमको शोभाको वर्णनका क्रममा कविले प्रकृतिको वर्णन यसरी गरेका छन् :-

गुराँस महुवा बेल अशोक् जम्बीर फेद पनि
पिप्पलै चिउरी डुम्री देखिन्थे सुन्तला पनि । (पृ. २६/२०)
अमिली, कागती, केरा, कमला, आँपका फल
वृक्ष शीतल शोभाले देखिन्थ्यो अति निर्मल । (पृ. २६/२१)

उक्त श्लोकमा प्रकृतिको सुन्दर परिवेशको वर्णन गरिएको छ । प्रकृतिको यस्तो वर्णनमा मानवमा आनन्दानुभूति हुन्छ ।

आफ्नी पत्नी वियोगमा छट्पटिएका राम भाइसँग कुरा गर्दै प्रकृतिको वर्णन यसरी गर्दछन् :-

वर्षामा जलले उर्ली नदीनाला बढे अघि
थाले तोडन मर्यादा कलिका ब्राह्मण सरी ।
हिलो चिप्लो बढ्यो ज्यादा अङ्गले हीन भइन् धरा
कलि स्वभावमा रम्ने महिला सरि छन् वर ।
बढेर भल बाढीले बाटो साँघु गऱ्यो खति
मूर्ख मानिस झैँ मेघ कराएको अहो कति ।
बिरसीलो छ त्यो बोली मूर्खको जिह्वाका सरी
बोल्दछन् भ्याकुता ट्वाँ ट्वाँ यौटै स्वर गरी बेसरी ।
धरणी धानले पूर्ण हरियो सब भागमा
नयाँ वस्त्र लगाएको बधु झैँ देखिइन् यहाँ ।
बढेका खहरे खोला नदीहरू त्यसै गरी
सुसायो पानीको वेग साँपे सर्प हिँडेसरी । (छैटौं लीला, पृ. ४८-४९)

उल्लिखित पङ्क्तिहरूमा प्रकृतिको रमणीय र भयङ्कर रूपको वर्णन गरिएको छ । कविको प्रकृतिको यस प्रस्तुतीकरणलाई हेर्दा प्रकृतिसँग सोझै मुखामुख भएको अनुभव हुन्छ । प्रकृतिचित्रणमा मौलिकताको प्रभाव परेको छ । प्राकृतिक परिवेशले नै मान्छेको मनोवृत्तिलाई निर्धारण गर्दछ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा प्राकृतिक वस्तु र तिनको प्रयोगको वर्णन यसरी गरिएको छ :-

फल पुष्प लतादि वृक्षले वन शोभित
शोभायुक्त थिए सारा ऋतु अनुसार पर्वत ।
लर्किंदा धानका बाला गराई फाँटमा जब
उर्लन्थिन् खुसीले भूमि प्राणी धारणले सब ।
कतै सेतो कतै कालो कतै रातो बुटा हुँदा
अनेक रूप देखिन्थिन् पीत वर्ष धरा छँदा ।
धरा आनन्दमा बस्थिन् राम राज्य हुँदा जब
लाएकी रेशमी वस्त्र महिला सरि भै सब । (पृ. १२३/२२-२५)

यसरी रामराज्यमा प्रकृति जताततै हराभरा थियो कुनै कुराको कमी थिएन । प्रकृतिका सबै वस्तु टनाटन थिए । सबैजना सत्कर्म गरी आनन्दले बसेका थिए । त्यसैले रामराज्यमा प्रकृतिको रमणीयताको वर्णन गरिएको छ । त्यस्तै यस काव्यमा लङ्कामा रहेका फलफूल, वृक्ष, पहाड, पर्वत, समुद्र आदि विविध प्रकृतिजन्य वस्तुहरूको प्रयोग पनि उचित ढङ्गले चित्रण गरेको पाइन्छ ।

## ५.७ सांस्कृतिक चेतना

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा सांस्कृतिक बोधको केही सङ्केतहरू पाइन्छन् । तर यस काव्यमा पाइने सांस्कृति चैतन्य सूक्ष्म रूपमा नै रहेको छ । नेपाली संस्कृति र वैदिक सनातन हिन्दु परम्पराप्रति कविको विशेष आत्मीयता देख्न पाइन्छ । साना-साना कुराबाट पनि आफ्नो सांस्कृतिक औचित्य कायम राखिएका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :-

सल्लाह गुरुको पाइ झिकाई ऋषि शृङ्ग र

पुत्रेष्टी यज्ञ आरम्भ गर्न थाले खराखर । (पृ. २/५)

यहाँ धार्मिक परम्परा अनुसार सन्तान नभएर सन्तान प्राप्तिका लागि राजा दशरथले ऋषिहरू बोलाई पुत्रेष्टि यज्ञ गर्ने जस्ता सांस्कृतिक चेतनाको प्रतिनिधित्व अयोध्याका राजा दशरथले गरेका छन् ।

यस काव्यमा गुरु वशिष्ठले राम, लक्ष्मण, भरत र शत्रुघ्न आदि दाजुभाइलाई शिक्षा दिने क्रममा संस्कार र संस्कृतिका कुराहरू सिकाएका उदाहरण यसप्रकार छन् :-

सबेर उठ्नु हो राम दिसा पिसाब त्यागनू

देश शुद्ध गराएर मन्ले ईश्वर सम्झनू । (पृ. ४/२३)

नुहाई जपि गायत्री गर नित्य सनातन

गराऊ पाठ कण्ठस्थ लगाएर सदा मन । (पृ. ४/२४)

उक्त पङ्क्तिमा भगवान्को स्तुति गर्नुपूर्व दिशापिसाब जस्ता शरीरभित्र रहेका खराब तत्त्व त्याग गरी देह शुद्ध बनाई, नुहाइ-धुवाई गरेर गायत्री पाठ गर्नु आफ्नो सनातन धर्म मान्नु जस्ता सांस्कृतिक, धार्मिक परम्पराको सूक्ष्म चेतना पाइन्छ । यस्तै चेतना तलका पङ्क्तिमा पनि रहेको छ :-

तपमा लाग्नु शान्तिले काम लोभ घटाउनु

स्थापना गर्नु शान्तिको शोक मोह हटाउनु । (पृ. १२२/१२)

यज्ञ गर्नु दान दिनु राजा बनेर क्षेत्रको

प्रजा रक्षणको काम जान्नु क्षत्रिय जातिको । (पृ. १२२/१३)

वाणिज्य कृषि गोरक्षा वैश्य कर्म स्वभाव हो

गर्नु ब्राह्मणको सेवा शूद्रको मुख्य कर्म हो । (पृ. १२२/१४)

प्रस्तुत पङ्क्तिमा कविले राजा भएर शान्तिको काम गर्नुपर्छ । लोभ, मोह घटाउनु पर्छ, यज्ञ, दान आदि गर्नुपर्छ, प्रजारक्षा गर्ने काम जान्नु पर्छ, क्षत्रीय जातिको धर्म पालन गरेर राज्यनीति चलाउनुपर्छ भन्ने जस्ता संस्कारका कुराहरू सिकाएका छन् ।

उपर्युक्त उद्धरण बाहेक अन्यत्र पनि ठाउँ-ठाउँमा साङ्केतिक रूपमा हाम्रा लोकधारणा, संस्कार, मनोवृत्तिका चेतना समावेश गरिएको छ । लोकसंस्कृतिमा कविको हृदय पनि प्रभावित भएको हुँदा लोक रुचि र संस्कारलाई समर्थन गरेको पाइन्छ ।

## ५.८ श्रीरामगीता गद्यानुवाद

यस **सङ्क्षिप्त पद्यरामायण** काव्यको परिशिष्ट खण्डमा **श्रीरामगीता** रहेको छ र यो गद्य भाषामा संरचित छ । यसमा रामगीताको दार्शनिक व्याख्या गर्ने प्रयास गरिएको छ । खास गरी श्रीरामले भाइ लक्ष्मणलाई दिएको तत्त्वज्ञानलाई नै रामगीताको रूपमा लिइएको हुँदा जिज्ञासु लक्ष्मणका प्रश्नप्रति श्रीरामद्वारा दिइएको उत्तर तत्त्वबोधी विचार प्रवाह यसमा समेटिएको पाइन्छ ।

पहिले ब्राह्मणलाई दिएको गाई फेरि भ्रमले अर्का ब्राह्मणलाई दान दिनाले राजा नृग छेपारो भएर बस्नु परेको कथा राम लक्ष्मणलाई बताउँछन् । यसको तात्पर्य हो - काम गर्दा सावधानीपूर्वक गर्नुपर्छ । रामचन्द्र भन्छन् - आफ्नो आश्रमका योग्य कर्महरू निष्काम रूपले गरेर चित्तशुद्धि प्राप्त गरेर वैराग्य अवलम्बन गर्नुपर्छ । समस्त कर्महरूलाई त्याग गरी आत्मज्ञान सम्पादनार्थ सद्गुरुकहाँ जानुपर्छ । जहाँ धर्म र अधर्म रहन्छ, त्यहाँ फेरि शरीरको उत्पत्ति अवश्य नै हुन्छ । शरीरको उत्पत्ति पश्चात् पाप पुण्य कर्म निष्पन्न हुन्छ । त्यसैले यो चक्र जस्तै गरी संसार सधैँ चल्छ कदापि नष्ट हुँदैन । यस संसारको मूलकारण अज्ञान हो । त्यसैले ब्रह्म प्राप्तिका लागि अज्ञान हटाउनुपर्छ । दोषयुक्त कर्मले त संसारलाई हटाउन सम्भव छैन । त्यसकारण काम निष्काम दुवै कर्मलाई छोडेर चित्त शुद्ध पार्नुपर्छ भनेका छन् ।

**'न कर्मणा न प्रजया धनेन त्यागे नै के अमृतत्व मान शुः'** आदि वाक्यद्वारा तैत्तिरीय श्रुति आग्रहपूर्वक नित्य नैमित्तिक रूप सकल विहित कर्महरूको स्पष्ट रूपले संन्यास विधान गर्दछ । यजुर्वेदको **वृहदारण्यक उपनिषद्**मा पनि **एतावदेव खल्वमृतत्वम्** आदि वचनहरूद्वारा ज्ञानलाई नै मोक्षको एकमात्र साधन रूपमा निर्देश गर्दछ, कर्मको हैन ।

वाक्यार्थ सम्बन्धी ज्ञान प्रकारमा नियमपूर्वक **तत्त्वम्-असि** यी तीन पदहरूको अर्थ ज्ञान नभैकन वाक्यार्थ ज्ञान हुँदैन । तत् शब्दको अर्थ परमात्मा हो । त्वं शब्दको अर्थ जीव हो र असि शब्दको अर्थ यी दुवैको एकता वा अभेद हो । यसरी तत्त्वमसि यस महाकाव्यका

तीन पदहरूको अर्थ रामचन्द्रले बताएका छन् । यहाँ ज्ञानेन्द्रिय, कर्मेन्द्रिय र प्राणहरूका साथ मन, बुद्धि र अहङ्कार अपञ्चीकृत भूतहरूबाट उत्पनन भएका छन् र यिनको सङ्घातलाई नै सूक्ष्म शरीर भनिन्छ । यो शरीर दुःख मोहादि भोगहरूको साधन हो । किन्तु बुद्धिमान् पुरुष यस सूक्ष्म शरीरलाई आत्मा स्वरूपदेखि भिन्न भनी बुझ्दछन् । अतएव सूक्ष्म शरीर आत्मा होइन । जस्तो नील-पीत आदि रङहरूको सम्पर्क भएमा स्फटिक पनि त्यही रङको प्रतीत हुन्छ, त्यस्तै पञ्चकोशहरूका सम्पर्कले गर्दा नजिकमा रहेको एक रस आत्मा स्थूल, सूक्ष्म शरीर विशिष्ट र नाना रूपमा प्रतीत हुन्छ । यथार्थ विचार गरेपछि दुवै प्रकारका शरीरहरूबाट निरूपाधिक आत्मा स्वरूपको भिन्नता अदृश्यता र असङ्गता विशेष रूपले ज्ञात हुन्छ । आत्मा न कहिल्यै मर्छ न उत्पन्न हुन्छ, न त बढ्छ, यो अजर-अमर छ, नित्य भएको हुनाले त्यो सबै प्रकारको कष्ट दुःखबाट रहित हो । अहं बुद्धिको अविषय आत्मा आनन्द स्वरूप स्वयं प्रकाश व्यापक र द्वैत वर्जित छ । आत्मा निर्विकार स्वरूप छ, बुद्धि अज्ञानको कार्य भएकोले जड छ । त्यसैले केही जान्न सक्दैन, यसप्रकार अज्ञानवश देह-इन्द्रियादिलाई मिथ्या नै निरूपण मानेर मोह प्राप्त हुन्छ यो अत्यन्त कष्टको विषय हो ।

जस्तो दृष्टि दोषले दुई चन्द्रमा आदिको प्रतीत हुन्छ । पूर्वादि दिशामा पश्चिमादि दिशाको भ्रान्ति हुन्छ तर यी सबै प्रतीतिहरू मिथ्या हुन् । त्यस्तै प्रपञ्च प्रतीति पनि मिथ्या हो । निर्विशेष ब्रह्म साक्षात्कारप्रति सगुण ब्रह्मोपासना नै चित्तैकाग्र उत्पादनद्वारा मन एकाग्र हुन्छ, यो बताउँदै रामचन्द्र भन्छन्- जबसम्म अखिल विश्वलाई भगवत् रूप देखिँदैन तबसम्म ईश्वरको आराधना नित्य गर्नुपर्छ । **'मन्मना भव मद्भक्त'** यस श्लोकमा भगवान श्रीकृष्णले पनि यही कुरा भनेका छन् । भक्तिचित्तले युक्त श्रद्धालु भक्तका हृदयमा भगवान सधैं प्रकट हुन्छन् ।

यस प्रकारका श्रुतिको सार निरूपण गर्दै रामले लक्ष्मणलाई भनेका छन्- निश्चित रूपले उपनिषद्हरूको सारसङ्ग्रह गरेर यो गूढ आत्मतत्त्व मैले परम प्रिय तिमीलाई बताएँ । यो संसारमा जो जो बुद्धिमानहरू मबाट बताइएको यस उपदेशको चर्चा गर्लान्, तिनीहरू ब्रह्म हत्यादि पातकहरूबाट तत्काल मुक्त हुनेछन् । यो जगत् सर्वदा मिथ्या हो । यस्तो जानेर मनमा त्यसको आस्थालाई छाडेर भगवद् ध्यानद्वारा शुद्ध अन्तःस्करण भई चित्त निर्भल हुन्छ । अतएव त्यसमा चित्तवृत्ति स्थिर गर्नुहुँदैन, भगवत् उपासनाद्वारा शुद्ध बुद्धि भएर आत्म स्वरूपी ब्रह्मको साक्षात्कारपूर्वक निरतिशय सुखको प्राप्ति गर्नुपर्छ ।

यसरी रामचन्द्र नै यस गीता तत्त्वका उपदेष्टा हुन्, जुन वेदान्तको सार हो । जो समस्त उत्तम ज्ञानोपदेशको ग्रन्थको अर्थको आलोचनामा असमर्थ भए पनि गुरुमाथि विश्वास राखी श्रद्धापूर्वक नित्यपाठ गर्छन्, तिनीहरू निर्मलान्तःस्करण भएर यथा समयमा ईशवरका अनुग्रहले ज्ञान प्राप्त गरी देहपातपछि ब्रह्मस्वरूपमा लिन हुन्छन् अर्थात् मुक्त हुन्छन् भन्ने कुरा श्रीरामगीताको माध्यमबाट बताइएको छ ।

## ५.९ निष्कर्ष

**रामायण**को कथावस्तुलाई आधार मानेर लेखिएको पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्य पौराणिक विषयवस्तुमा आधारित काव्य हो । आख्यानात्मक संरचना अन्तर्गत पर्ने यस काव्यको आन्तरिक संरचना पनि सुगठित छ । यसमा कथावस्तु, चरित्र, परिवेश आदिको व्यापक वर्णन गरिएको छ भने कथावस्तु कविकल्पित नभएर पौराणिक आख्यानमा आधारित छ । विषयवस्तु अनुरूपको सरल, सहज र लयात्मक भाषाको चयन गरिएको छ । सरल, सरस भाषाशैलीले गर्दा जो कोहीले पनि बुझ्न सक्ने खालको छ ।

द्वन्द्वविधान, प्रकृतिचित्रण, सांस्कृतिक चेतना आदि पक्षको आयोजना पनि सबल नै रहेको पाइन्छ । छन्द प्रयोगका दृष्टिले प्रस्तुत काव्यमा अनुष्टुप् छन्दको बढी प्रयोग भएको छ भने यस बाहेक अरू छन्दको पनि प्रयोग भएको छ । यस काव्यमा कविको आत्माभिव्यक्ति पनि प्रायः रहेको छ । **सङ्क्षिप्त पद्यरामायण** काव्य कवि पुष्पराजको कवित्व हो । यो काव्य पुष्पराज देवकोटाको लेखन यात्राको एउटा प्राप्ति हो, जसमा उनको समग्र कवि जीवन अङ्कित भएर रहेको छ । उनले सम्भव भएसम्म कविता विधाको सबै तत्त्वहरूको समन्वयन गर्ने प्रयत्न गरेका छन् । वृद्धावस्थामा कलम चलाएर **सङ्क्षिप्त पद्यरामायण** जस्तो उपदेशात्मक काव्य पाठक सामु प्रस्तुत गरेर कवि देवकोटाले समाजलाई नैतिकताको सन्देश दिएका छन् । पौराणिक कथाका आधारमा आफ्नो आध्यात्मिक चेतना प्रवाहित गर्दै कविले नैतिकता, हिन्दु आदर्श, भातृत्व, आत्मिक प्रेम, मानवीय कर्तव्यको समेत शिक्षा र सन्देश दिन सफल यस कृतिमा भगवद्भक्ति, अध्यात्म धर्म, दर्शन जस्ता कुराहरू यस **सङ्क्षिप्त पद्यरामायण** काव्यमा सर्वत्र रहेको पाइन्छ भने यस काव्यको

परिशिष्ट खण्डमा **श्रीरामगीता**को बारेमा वर्णन गरेको पाइन्छ । यसमा खास गरी श्रीरामले भाइ लक्ष्मणलाई दिएको तत्त्वज्ञानलाई नै रामगीताको रूपमा प्रस्तुत गरी जिज्ञासु लक्ष्मणका प्रश्नप्रति श्रीरामद्वारा दिइएको उतर तत्त्वबोधी विचार प्रवाह यसमा समेटिएको पाइन्छ । यो संसार सबै झुटो र क्षणिक हो, त्यसैले यो बुझेर भगवान रामको भक्ति गर्नुपर्छ, जसले शुद्ध मन, बुद्धि गरेर भगवान्को उपासना गर्दछ, त्यसले सजिलैसँग मोक्ष प्राप्त गरी यो संसार पार तर्दछ भन्ने कुरा **श्रीरामगीता**को माध्यमबाट कवि पुष्पराज देवकोटाले बताएका छन् ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## ६.१ परिचय

पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्यको विश्लेषणात्मक अध्ययनका सन्दर्भमा काव्यका पूर्वीय र पाश्चात्य सिद्धान्तलाई आधार मानिएको छ । उपसंहार तथा निष्कर्ष शीर्षकको यस अनुच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ प्रथम परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको प्रथम परिच्छेद शोधपरिचयमूलक रहेको छ । यसमा शोधको प्रयोजन, समस्या, उद्देश्य वा पूर्वकार्यको समीक्षाका साथै शोधको औचित्य र महत्त्व तथा शोधपत्रको रूपरेखाका बारेमा प्रकाश पारिएको छ, जुन यसको शोध प्रारम्भिक बिन्दु पनि हो ।

## ६.३ द्वितीय परिच्छेदको निष्कर्ष

द्वितीय परिच्छेदमा पुष्पराज देवकोटाको जीवनी, व्यक्तित्व र लेखन पृष्ठभूमिका बारेमा प्रकाश पारिएको छ । यसमा कवि पुष्पराज देवकोटाको जीवनीमा वंश परम्परा र जन्म, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक र पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सामाजिक कार्यमा सहभागिता, रुचि तथा स्वभाव, चिन्तन, दर्शन र विचार, सम्मान र पुरस्कार, व्यक्तित्वमा बाह्य एवम् आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व, कृतित्व, साहित्य सृजनामा प्रेरणा र प्रभाव, कवि काव्यकारिता आदि विषयवस्तुको यस परिच्छेदमा वर्णन गरिएको छ । उनले सर्वप्रथम वि.सं. २०६५ सालमा **सूक्ष्म वेदान्त**

**दर्शन** नामक काव्यबाट आफ्नो कविता यात्राको सुरुवात गरेको पाइन्छ । कृषि र पुरोहित्याइँ पेसा भएका पुष्पराज देवकोटाले विविध समस्याका कारण जीवनको पूर्वार्द्ध चरणमा आफ्नो लेखनीलाई अगाडि बढाउन सकेका थिएनन् ।

त्यस्तै **सङ्क्षिप्त पद्यरामायण** (२०६६), **कालु जैसी ज्योतिषीको भूत साधना** र **आत्मवृत्त** (२०६७), **गण्डकी माहात्म्य** (२०६८) र **गङ्गा महात्म्य** (२०६८) जस्ता कृतिहरू उनले रचना गरेका छन् ।

प्रस्तुत शोधपत्रको प्रतिपाद्य विषय काव्यको कृतिपरक तथा विश्लेषण भएको र उक्त काव्य वि.सं. २०६६ मा प्रकाशित भएको **सङ्क्षिप्त पद्यरामायण** काव्य हो । यो काव्य पौराणिक विषयवस्तुमा आधारित काव्य हो । आध्यात्मिक चिन्तनका निष्ठाशील कवि पुष्पराज देवकोटाले जीवनको उत्तरार्द्ध चरणमा रचना गरेका यस काव्यमा उनले आफ्नो मनमा भएका उपदेशात्मक विचारलाई समेत प्रकट गरेका छन् ।

## ६.४ तृतीय परिच्छेदको निष्कर्ष

तृतीय परिच्छेदमा नेपाली कविताको विकासक्रम, विधागत सैद्धान्तिक परिप्रेक्ष्यमा **सङ्क्षिप्त पद्यरामायण** काव्यको अध्ययनका बारेमा प्रकाश पारिएको छ । **सङ्क्षिप्त पद्यरामायण** काव्यमा कवि पुष्पराज देवकोटाले पूर्वीय पौराणिक कथावस्तु **रामायण**बाट विषयवस्तु ग्रहण गरी त्यसमा आफ्नो पर्याप्त भक्ति र अध्यात्म आदिको मौलिकता थपेको पाइन्छ । यसमा नेपाली साहित्यको प्रारम्भिक कालदेखि आधुनिक कालसम्म कवितायात्राको विकासक्रमको वर्णन गरिएको छ । नेपाली साहित्यको प्रारम्भिक कालदेखि प्रयोग हुँदै आएको मूल भक्तिधारा र मध्यकालमा देखिएको गौण भक्तिधाराका साथै त्यसको अवशेषको रूपमा आधुनिक कालसम्म पनि रहेको भक्तिधाराका सशक्त कवि पुष्पराज देवकोटा हुन् । उनले यस कृतिको रचनाको प्रयोजन धर्म, अर्थ, काम, मोक्ष प्राप्तिको मार्गदर्शनको रूपमा अर्थ्याउन खोजेका छन् । भगवान् श्रीरामप्रतिको असीम भक्तिभावले सिन्चिएको यस काव्यमा देवकोटाले ईश्वरीय सगुण रूपको महिमा गाएका छन् । पौराणिक कथावस्तुलाई कवितात्मक रूप दिई नेपाली परिवेश अनुकूल बनाएर यस काव्यमा कविले पौराणिक पात्रहरूको नै प्रयोग गरेका छन् । रामनाम भजन मात्रले पनि यो दुःखै दुःखले भरिएको आध्यात्मिक,

दैविक, भौतिक त्रितापले जलिरहेका प्राणीहरूको उद्धारका लागि यस दुःखरूपी सागर तर्न रामनाम भजन बिना अरू साधन केही छैन भन्ने केन्द्रीय कथ्य भएको **सङ्क्षिप्त पद्यरामायण** काव्यले हिन्दु सांस्कृतिक जागरणको महान् लक्ष्य लिएको छ ।

## ६.५ चौथो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा विधातात्त्विक दृष्टिले **सङ्क्षिप्त पद्यरामायण** काव्यको अध्ययन गरिएको छ । यसमा काव्यका तत्त्वहरू, शीर्षक, संरचना, लयविधान, भाषाशैली, केन्द्रीय कथ्य वा भावविचार, कथनपद्धति, बिम्ब अलङ्कार, प्रतीक आदिको कुशल संयोजन गरिएको पाइन्छ । यसमा बिम्बविधान, अलङ्कार प्रयोग, प्रतीक प्रयोग आदिको पनि प्रयोग पाइन्छ । यस काव्यमा अनुष्टुप् छन्द, शार्दूलविक्रीडित छन्द, स्रग्धरा छन्द, शालिनी छन्द, वसन्ततिलका छन्द, मालिनी छन्दका साथै करुण रस अङ्गी रस रहेको यस काव्यमा शृङ्गार, वीर, शान्त, वीभत्स, भयानक, रौद्र आदि रसहरू सहायक रसको रूपमा रहेका छन् । छन्द र रसको यसमा समुचित व्यवस्था गरेको पाइन्छ । मानवजीवन क्षणिक छ, यसको गन्तव्यको यथार्थ ज्ञान नपाए निश्चित लक्ष्यसम्म पुग्न सकिँदैन भन्ने आध्यात्मिक चेतना भएका देवकोटाले यस काव्यमा विभिन्न अलङ्कार, रस, छन्द, काव्यगत तत्त्वहरूद्वारा यस काव्यलाई सिँगारेका छन् ।

## ६.६ पाँचौँ परिच्छेदको निष्कर्ष

**रामायण**को कथालाई आधार मानेर लेखिएको पुष्पराज देवकोटाको **सङ्क्षिप्त पद्यरामायण** काव्य पौराणिक विषयवस्तुमा आधारित काव्य हो । यसमा कथावस्तु, चरित्र, परिवेश आदिको व्यापक वर्णन गरिएको छ भने कथावस्तु कविकल्पित नभएर पौराणिक आख्यानमा आधारित यस काव्यमा विषयवस्तु अनुरूपकै सरल, सहज र लयात्मक भाषाको प्रयोग गरिएको छ । यस काव्यमा रहेका चौध लीलाहरूको सम्पूर्ण कथावस्तु वर्णन गरिएको छ भने प्रकृतिचित्रण, सांस्कृतिक चेतना, चरित्रविधान, द्वन्द्वविधान आदि पक्षको आयोजनालाई पनि सबल बनाइएको छ ।

यस काव्यमा प्रत्येक लीलाको अन्त्यमा कविको आत्माभिव्यक्ति प्रवाहित भएको छ । **सङ्क्षिप्त पद्यरामायण** पुष्पराज देवकोटाको कवित्वको उपलब्धि हो । यो उनको कविता लेखनको एउटा स्थापना हो, जसको काव्ययात्राको मूल स्वरूप अङ्कित भएर रहेको छ । यस काव्यमा काव्यको शीर्षक, संरचना, कथावस्तु वा आख्यानीकरणको समन्वयन र आयोजना गर्ने प्रत्यत्न उनले गरेका छन् । वृद्धावस्थामा कलम चलाएर पनि **सङ्क्षिप्त पद्यरामायण** जस्तो धार्मिक, आध्यात्मिक र उपदेशात्मक काव्य पाठकको सामु प्रस्तुत गरेर समाजलाई नैतिकताको सन्देश दिनु काव्यकार देवकोटाको विशेषता पाइन्छ ।

## ६.७ समग्र निष्कर्ष

कवि पुष्पराज देवकोटाद्वारा रचिएको यस **सङ्क्षिप्त पद्यरामायण** काव्य चौध लीलामा संरचित **श्रीरामगीता** गद्यानुवाद सहित एक सय चवन्न पृष्ठमा विस्तारित र एघार सय छपन्न श्लोकले युक्त छ । यो काव्य नैतिकता, हिन्दु आदर्श, भातृत्व, आत्मिक प्रेम, मानवीय कर्तव्यको शिक्षा र सन्देश दिन सफल कृति हो । प्रसिद्ध धार्मिक ग्रन्थ **रामायण**को भावानुवादको रूपमा रहेको यस ग्रन्थमा कविले आफ्नो भावनाहरूलाई समेत व्यक्त गरेको पाइन्छ । पौराणिक विषयवस्तुमा आधारित यस काव्यमा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको छ भने करुण रसलाई मुख्य रसको रूपमा प्रस्तुत गरिएको छ । नैतिकता, आध्यात्मिक जागरण र मानवतावादको स्वर बोकेको यस काव्यको भाषाशैली, सौन्दर्यमूलक र सरल एवं सुबोध छ । बिम्ब, प्रतीक, अलङ्कार, छन्द, रस आदि पक्षमा त्यति निखार आउन नसके पनि यसको सफल प्रयोग गर्ने प्रयत्न गरिएको छ । अर्थ गाम्भीर्यका दृष्टिले प्रौढ, परिपक्व, बौद्धिकता, आध्यात्मिकता र चिन्तनका दृष्टिले गहकिलो यस काव्यमा रस भावनात्मकता पनि परिव्याप्त छ ।

मर्यादा पुरुष श्रीरामलाई नायक बनाइएको यस कृतिमा महाकाव्यकै लीलाबद्धता, उदात्त चरित्र, उदात्त कार्य, वन, तीर्थादिका साथै समुद्रको प्रसङ्ग, यात्रा, नायक, नायिका र स्वबन्धुत्वको बिछोड, मिलन आदि विविध प्रसङ्ग प्रस्तुत भएकाले यस काव्यले महाकाव्यकै गुणको निकटता प्राप्त गरेको प्रतीत हुन्छ ।

**सङ्क्षिप्त पद्यरामायण** काव्यले साहित्यिक मूल्यको उच्चता प्राप्त गर्न अझै सकेको छैन । यस काव्यको काव्यात्मक सौन्दर्यले सामान्यतया पाठकहरूलाई प्रभावित पारे तापनि काव्यको समीक्षात्मक मूल्याङ्कन गर्दा कतिपय ठाउँमा त्रुटिहरू भेटिन्छन् । यस काव्यमा राम वनबास गएपछि भरत पनि गुरु वशिष्ठ, मन्त्री, आमाहरू र सैन्यलाई लिई राम भएको ठाउँमा पुग्नु, रामलाई फर्कन आग्रह गर्नु, रामले नमान्दा भरतले रामको खराउ मागी त्यही खराउ राजगद्दीमा राखेर राजाको प्रतिनिधि भएर राज्यको हेरविचार गर्छु भन्नु र चौध वर्षपछि सवारी भएन भने अग्निमा जली प्राण त्याग गर्नेछु भन्ने प्रतिज्ञा गर्नु र भरतको भक्तिपूर्वकको भीषण प्रतिज्ञा सुनी रामले खुसीसाथ आफ्नो खराउ दिई शोक नगरी नीतिपूर्वक राजकाज चलाउन आग्रह गर्नु जस्ता प्रसङ्गहरू यस काव्यमा वर्णन गरिएको छ । नारीलाई पतिभक्त हुन र सतीत्व बचाई राख्न कविले सचेत गराएका छन् तर पतिलाई पत्नीभक्त हुन सचेत गराएको पाइँदैन ।

यसरी कवि पुष्पराजको संस्कृत अध्ययन, पुराण, कर्मकाण्डको अध्ययन, पुरोहित्याइँप्रतिको झुकावले गर्दा यस काव्यमा परम्परा, संस्कार, धर्म, लोकधारणा आदिको कविले खुलेर प्रशंसा गरेका छन् । आध्यात्मिक चेतना दिने खालका कृतिहरू रचना गरेर पनि पुष्पराज देवकोटा ओझेलमा नै रहेका छन् । नेपाली साहित्यको इतिहासमा कुनै पनि नामोल्लेख हुन नसकेका पुष्पराजले नेपाली साहित्यमा गरेको योगदानलाई स्थान दिनु आवश्यक देखिन्छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** काठमाडौं : क्षितिज प्रकाशन, २०६४ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** ललितपुर : साझा प्रकाशन, छैटौं संस्करण, २०५९ ।

———— **पूर्वीय साहित्य सिद्धान्त,** ललितपुर : साझा प्रकाशन, चौथो संस्करण, २०६१ ।

ओझा, रामनाथ र मधुसूदन गिरी, (सम्पा.), **शोध, सृजना तथा संस्कृत काव्यशास्त्र,** द्वितीय संस्करण, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५८ ।

कृष्णद्वैपायन व्यासप्रणितम्, **अग्निपुराणम्,** अ. ३३७, श्लोक ६, वाराणसी : चौखम्बा संस्कृत संस्थान २०५५ ।

खनाल, केदारनाथ, *पुष्पोपहार पुष्पराज दाज्यैलाई* (भूमिका), **सङ्क्षिप्त पद्यरामायण**, पुष्पराज देवकोटा, गोरखा : धनकुमारी देवकोटा, २०६६ ।

खनाल, नारायणप्रसाद, **समीक्षाका आकारहरू,** नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन, २०६० ।

ढुङ्गेल, भोजराज र पारसमणि भण्डारी, (सम्पा.), **नेपाली प्रतिनिधि कवि र कविता,** काठमाडौं : एकता बुक्स डिष्ट्रिब्युटर्स, २०५४ ।

तानासर्मा, **नेपाली साहित्यको इतिहास,** काठमाडौं : सहयोगी प्रकाशन, २०२७ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०६५ ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन, पाँचौं संस्करण, २०६६ ।

देवकोटा, पुष्पराज, **सङ्क्षिप्त पद्यरामायण,** गोर्खा : धनकुमारी देवकोटा, २०६६ ।

————— **सूक्ष्म वेदान्त दर्शन,** तनहुँ : देवकोटा भेटेरिनरी फर्मा, २०६५ ।

————— **कालु जैसी (ज्योतिषी) को भूतसाधना र आत्मवृत्त,** तनहुँ : धनकुमारी देवकोटा, २०६६ ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली वृहत शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

पौड्याल, कृष्णविलास, **साहित्यशास्त्र र नेपाली समालोचना,** काठमाडौं : नवीन प्रकाशन, २०५८ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश,** काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

भट्टराई, शरच्चन्द्र शर्मा, **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल), काठमाडौं : त्रि.वि.पा.वि.के., २०३७ ।

भट्टराई, शरच्चन्द्र शर्मा, **माध्यमिक नेपाली गद्याख्यान,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि,** ललितपुर : साझा प्रकाशन, पाँचौं संस्करण, २०५८ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य (सम्पा.), **नेपाली कवि र कविता,** काठमाडौं : विभुऋभु प्रकाशन, २०५८ ।

शर्मा, मोहनराज, **शैली विज्ञान,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन, नवौं संस्करण, २०६४ ।

शर्मा, सोमप्रसाद, **नेपाली कविता काव्य,** काठमाडौं : एम.के. पब्लिसर्स, २०६० ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५४ ।

सुवेदी, हंसपुरे, **संस्कृत वाङ्मय : सङ्क्षिप्त अध्ययन,** काठमाडौं : त्रि.वि.पा.वि.के., २०३७ ।

# परिशिष्ट

# परिशिष्ट-१

## कवि पुष्पराज देवकोटाको कृति 'सङ्क्षिप्त पद्यरामायण' काव्य अध्ययन गर्ने क्रममा देवकोटासँग लिइएको अन्तर्वार्ताको अंश

१. तपाइँको जन्म, जन्मस्थल, बुबा आमाको नाम, गोत्रका साथै पारिवारिक विवरण बताइदिनुहोस् न ।

⇒ मेरो नाम पुष्पराज देवकोटा हो । मेरो जन्म वि.सं. १९९१ साल पौष १५ गते तौलिहवा जिल्लामा बुबा कोशनाथ देवकोटा र आमा दिलकुमारी देवकोटाको प्रथम सन्तानको रूपमा भएको हो । मेरो गोत्र भारद्वाज हो । मेरो पुर्ख्यौली थलो गोरखा जिल्लाको लिगलिग भन्ने ठाउँमा हो तर मेरो बुबा तराईतिर बसेको हुनाले मेरो जन्म एकल परिवारमा भएको हो । मेरो श्रीमतीको नाम धनकुमारी देवकोटा हो । मेरो चार छोरा र तीन छोरी छन्, चार छोरामध्ये जेठो छोरा विष्णु देवकोटा, माइलो छोरा कृष्णप्रसाद देवकोटा, साइँलो छोरा उपेन्द्र देवकोटा र कान्छो छोरा सुरेन्द्र देवकोटा हो भने जेठी छोरी साबित्री, माहिली छोरी सुभद्रा र कान्छी छोरीको नाम शशी हो ।

२. तपाईंको बाल्यकालको अवस्थाबारे केही बताइदिनुहोस् न ।

⇒ मेरो बाल्यकालको कुरा गर्दा म जन्मेको चार वर्षसम्म रमाइलो र सुखसँग दिनहरू बिते । अनि त्यसपछि पाँचौं वर्ष लाग्नासाथ मेरो जीवनमा ठूलो सङ्कट आइपऱ्यो । डाँकाहरूले बुबाको हत्या गरे भने आमालाई र मलाई पनि निकै कष्ट दिए । मेरो कलिलो अनुहारमा आगोको तातो भुङ्ग्रो खन्याइदिए । त्यसपछि आठ वर्षको हुँदा आमाको पनि मृत्यु भयो । त्यसपछि म साहारा बिहीन भई गोरखाको बनौती भन्ने ठाउँमा मामाघरमा गोठालो भएर बसेँ । बुबा आमाको काख र मायाको मैले अनुभव नै गर्न पाइनँ । त्यसैले मेरो बाल्यकालका दिनहरू अत्यन्तै दयनीय र दुःखलाग्दो परिस्थितिमा बितेको थियो ।

३. शिक्षादीक्षा कहिलेदेखि आरम्भ गर्नुभयो र कतिसम्म अध्ययन गर्नुभयो ?

⇒ मैले १४ वर्षको उमेरमा गोरखा हरिभञ्ज्याङ्गका ढकाल पण्डितद्वारा अक्षर चिनारी गरेको हुँ । मेरो लथालिङ्ग पारिवारिक अवस्थाले गर्दा मैले औपचारिक शिक्षाको अवसर त्यति प्राप्त गर्न सकिनँ तर पनि गुरुकुलमा रहेर संस्कृतको प्रारम्भिक शिक्षा हासिल गरेपछि स्वाध्ययनद्वारा नै मैले आफ्नो साहित्य र शास्त्रीय ज्ञान अगाडि बढाएको हुँ भने २१ वर्षको उमेरमा गोरखाको ताक्लुङ्ग भन्ने ठाउँमा खनालको घरमा बसी व्याकरण र १६ महिनामा **लघुकौमुदी** पढेर सकेको हो । त्यसैले पढ्ने इच्छा हुँदाहुँदै पनि पारिवारिक अवस्थाले पढ्न पाइन । पारिवारिक वातावरण, आर्थिक अवस्था राम्रो भएको भए मैले पनि देशको लागि केही सेवा गर्न सक्ने थिएँ होला भन्ने मनमा लागिरहन्छ ।

४. तपाईंको पारिवारिक अवस्थाबारे स्पष्ट पारिदिनुहोस्, विवाह कहिले र कोसँग गर्नुभयो, छोराछोरी के गर्दैछन्, तपाईं आफ्नो पारिवारिक जीवनप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

⇒ मैले सर्वप्रथम वि.सं. २००८ सालमा गोरखा लप्सीबोट निवासी कुन्ती अधिकारीकी कान्छी छोरीसँग वैवाहिक सम्बन्ध गाँसेको हुँ तर वि.सं. २०११ सालमा माइतमा नै उनको निधन भएपछि विह्वल हुँदै वि.सं. २०१२ साल माघ २८ गते गोरखा जिल्लाको बनौती निवासी स्व. पद्मनिधि कोइरालाकी माहिली सुपुत्री धनकुमारीसँग मैले दोस्रो वैवाहिक सम्बन्ध गाँसेको हुँ । मेरो चार छोरा र तीन छोरी छन् । वि.सं. २०१५ साल माघ महिनामा प्रथम सन्तानको रूपमा विष्णु देवकोटाको जन्म भएको हो । छोराछोरी सबैले आ-आफ्नै क्षेत्रमा राम्रो काम गरेका छन् । जेठो छोरा शिक्षक भई हाल निवृत्त भई घर गृहस्थी चलाएर बसेको छ । माहिलो छोरा कृष्ण विभिन्न सङ्घ-संस्थामा आबद्ध भई काम गर्दैछ भने साहिँलो छोराको भेटेरिनरी पसल छ, कान्छो छोरा भरतपुरमा व्यवसाय गरी बस्छ । छोरीहरूमा जेठी छोरी गृहिणी हुन् भने माहिली छोरी काठमाडौंमा व्यापार गरी बस्छिन्, कान्छी छोरी गोरखामा पढाउँछिन् । नातिनातिनाहरू पनि उच्च शिक्षा हासिल गर्दैछन् । त्यसैले मैले बाल्यकालमा जति सङ्कट भोग्नु परे पनि अहिलेको परिस्थितिमा छोराछोरीहरू लगनशील र व्यवहारिक भएको हुँदा मेरो पारिवारिक अवस्थाबारे मेरो कुनै असन्तुष्टि छैन । पारिवारिक परिस्थितिप्रति म भित्री आत्मादेखि नै निकै सन्तुष्ट छु ।

५. तपाईंको आयआर्जनको स्रोत के हो ? कसरी आफ्नो जीवनको गुजारा चलाउनु भयो ?

⇒ मेरो आयआर्जनको स्रोत भनेको कृषिको साथसाथै पुरेत्याइँ पनि हो । केही समय बनौती प्रा.वि. मा अस्थायी शिक्षकको रूपमा पनि मैले अध्यापन गरे भने कृषि पेसा र पुरेत्याइँ नै मेरो आम्दानीको स्रोत थियो । यही पेसाबाट नै मैले छोराछोरीको पालनपोषण, शिक्षादीक्षा, विवाह आदि सम्पन्न गरी जीवनको गुजारा चलाएको हुँ तर अहिले शारीरिक अस्वस्थताका कारण मैले दुवै काम गर्न नसकी हाल गोरखा मनकामनामा जेठो छोरा विष्णु देवकोटासँग रहँदै आफ्नो बुढेसकालको जीवन गुजारा गरिरहेको छु ।

६. सामाजिक कार्यमा कत्तिको सहभागी हुनुहुन्छ ? तपाइँको रुचि के हो ? र तपाईंलाई मनपर्ने साहित्यकार कविको नाम लिँदा कसको लिनुहुन्छ ?

⇒ मेरो जीवमा धेरै दुःख आइपरेको हुँदा जीवन धानन नै अनेक सङ्घर्ष गर्नुपर्‍यो, त्यसैले जीवनको सुरुवातमा केह ीगर्न सकिने । अहिले सबै घर व्यवहारबाट मुक्त भई कुनै सामाजिक कार्यमा संलग्न हुनसक्छु होला भन्ने अवस्थामा आफैँलाई मुटुको ठूलो रोगले आक्रमण गरेको हुँदा धेरै हिँडडुल गर्न सक्दिनँ तर पनि छोराहरू विभिन्न सङ्घ-संस्थामा सामाजिक कार्यमा सहभागी भएको देख्दा मैले आफैले गरेको जस्तो महसुस हुन्छ । मलाई साहित्य सम्बन्धी धेरै कुराहरू अध्ययन गर्ने रुचि हुँदाहुँदै पनि साहितियक विषयवस्तुहरू विस्तृत अध्ययन गर्न नपाएको. र एउटा असल साहित्यकार बनी नेपाली साहित्यमा नाम थप्न नसकेकोमा मलाई असन्तुष्ट छ । मलाई मनपर्ने कविको नाम लिँदा लक्ष्मीप्रसाद देवकोटाको नाम लिन चाहन्छु ।

७. कविता लेखन-प्रकाशन कहिलेदेखि गर्नुभयो ? आजसम्म कुनै पुरस्कारले सम्मानित हुनु भएको छ कि छैन ?

⇒ कविता लेखन त वि.सं. २०२६ सालतिर नै गरेको हुँ तर त्यो सुरक्षित नहुँदा प्रकाशित हुन सकेन । सर्वप्रथम **सूक्ष्म वेदान्तदर्शन** (२०६५) बाट नै मैले आफ्नो काव्ययात्राको सुरुवात गरेको हो । त्यसपछि **सङ्क्षिप्त पद्यरामायण** (२०६६), **कालु जैसी (ज्योतिषी)को भूत साधना र आत्मवृत्त** (२०६६), **गङ्गा माहात्म्य** (२०६८) जस्ता कृतिहरू रचना गरेको छु र अझै गर्नेक्रम जारी छ । मलाई सानैदेखि धार्मिक

ग्रन्थहरू **रामायण, महाभारत, गीता** आदि पढ्ने बानी थियो । यिनै धार्मिक ग्रन्थहरूप्रतिको झुकावले गर्दा नै मलाई साहित्य सृजना गर्ने प्रेरणा मिल्यो र मैले आजसम्म भागवत भन्दा सामान्य सम्मानित हुने बाहेक कुनै उत्कृष्ट पुरस्कार पाउन सकेको छैन ।

८. तपाईंले पण्डित भएर कति ठाउँमा सप्ताह भन्नुभयो र तपाईंलाई कविता के हो जस्तो लाग्छ ?

⇒ वि.सं. २०१२ साल मंसिरबाट चितवन जिल्लाको जोगीमारा भन्ने ठाउँबाट सप्ता भन्न सुरुवात गरेपश्चात् मैले वि.सं. २०६१ सालसम्म झण्डै ५०/६० ठाउँमा श्रीमद्भागवत सप्ताह भनैं । म त्यस्तो ठूलो साहित्यकार र नेपाली साहित्य बुझेको व्यक्ति होइन तर पनि मेरो आफ्नो विचारमा भन्दा कविता भनेको मान्छेको मनभित्र गुम्सिएर रहेका भावना र तरङ्गको गति, यति, लय मिलाएर गरिने अभिव्यक्ति हो ।

९. म तपाईंले लेखेको किताब **सङ्क्षिप्त पद्यरामायण** काव्यको बारेमा अध्ययन गर्दैछु यसमा तपाई के भन्न चाहनुहुन्छ ?

⇒ मैले औपचारिक रूपमा त्यति धेरै अध्ययन नगरेको हुँदा अनुसन्धानको अर्थ र महत्त्व त खासै थाहा छैन तर पनि मैले किताब लेखेर यसको बारेमा अनुसन्धान होला भन्ने सोचेको थिइन । त्यसैले यो गर्वको कुरा हो । यसो गर्दा हामीजस्ता सामान्य लेखकको भावनाको विश्लेषण हुन्छ र अन्तमा यस किताबको अध्ययनबाट तिमीलाई पनि राम्रो होस् भन्न चाहन्छु ।